
वैशाख २८, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



## सुरक्षा र प्रशासन जनताको जिम्मामा



# संविधानसभा

# यात्रा निशानातिर

मूल्य रु. २५



भास्वर ओझा

प्रतिनिधिसभा बैठकका सहभागी हुँदै सांसद्हरू




वर्ष ३, अंक १०५, वैशाख २२–२८, २०६३

**आवरण :** सरकारले माओवादीविरुद्धको रेडकर्नर नोटिस फिर्ता लिँदै युद्धविरामको घोषणा गरेको छ । संविधानसभाको स्पष्ट लक्ष्यमा होमिएको मुलुकलाई सरकारको पछिल्लो निर्णयले सजिलो पारेको छ । माओवादीसँग समेत छलफल गरेर संविधानसभाको प्रक्रिया र संरचनाबारे टुंगो लगाउनु अबको बाटो हुनेछ ३०




आवरण : प्रतिनिधिसभाको बैठक (इन्सेटमा राजदरवार) ।
*तस्वीरः भास्वर ओझा*

**विशेष रिपोर्ट**
अब राजदरवारको साँचो जनताको हातमा जानु पर्नेछ २६

**स्वास्थ्य**
स्वास्थ्यका अन्य क्षेत्रमा मुलुकले लामो फड्को मारे पनि मृगौला रोग उपचारको अवस्था अझै उस्तै छ १६

**रिपोर्ट**
अझै पर्याप्त पाइलट छैनन् १८
माओवादी सर्तक अवस्थामा २०

**आर्थिक**
आर्थिक क्षेत्रको विकासका लागि भारतले ल्यायो–हिमालयन मास्टर प्लान २४

**अधिकार**
मुलुकका सबै क्षेत्रमा दलित, जनजाति, आदिवासी र महिलाहरूको समावेशका लागि पहलको खाँचो ३५



तेजबहादुर बस्नेत

विशेष : मुलुक निर्माणमा महिला सहभागिताको स्थिति ४०

सम्पादकीय ........ ५
प्रारम्भ ........ ७
डाँक ........ ८
व्यक्तित्व ........ १०
मुलुक ........ १२
खेलकुद ........ ५०
साहित्य ........ ४६
शून्य समय ........ ५८

**समय**

साप्ताहिक

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले–आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित
**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
झोंछे, न्यूरोड
फोन नं. २०१०८२१


# जनआन्दोलनको अवमूल्यन

## सम्पादकीय

**जनआन्दोलनको** शक्ति र समर्थनको बुइ चढेर सत्तामा पुगेको छ, सात दल गठबन्धन। विघटित प्रतिनिधिसभा झण्डै ४ वर्षपछि ब्यूँतिएको छ। जनआन्दोलनको सन्देश आत्मसात गर्दै त्यसबाट विचलित नहुने प्रतिज्ञा गठबन्धनले गरे पनि मन्त्रिपरिषद्को पहिलो चरणको गठनदेखि संसद्को पहिलो दिनमै गैरमुद्दा (नन इस्युज)मा अल्मलिएर नेताहरूले मुलुकको भविष्यप्रति गम्भीर नभएको र लाखौं आन्दोलनकारीको प्रतिबद्धता र सहिदहरूको रगतप्रति उदासीन रहेको प्रमाण प्रस्तुत गरेका छन्।

सामान्य परिवारका डेढ दर्जन नागरिकले सहादत प्राप्त गरेका छन्। पाँच हजार घाइते छन्। ज्यानको बाजी लगाए उनीहरूले। तर, सात दल झन्डै सात दिन समय बित्दा पनि न मन्त्रिपरिषद्लाई पूर्णता दिन सके न आफ्नो आचरण र शैलीबारे। शपथ कहाँ खाने, कसरी खाने, ब्यूँतिएका संसद्लाई कसरी राष्ट्रको उच्चतम हितमा प्रयोग गर्ने यो खास चासोको विषय बनेन उनीहरूका लागि। पहिलो दिन प्रतिपक्षविना र कुनै कारण नदर्साइ चार/चार घन्टा ढिलो सुरु हुनु आफैमा लज्जास्पद विषय हो। यो आचरणको पुनरावृत्ति जन-आन्दोलनप्रति धोखा मानिनेछ।



पुनर्स्थापित संसद्को दृश्य

भास्वर ओझा

माओवादीसँग वार्ता गरेर शान्ति स्थापना र जनता या संसद्प्रति उत्तरदायी र पारदर्शी, बनेर मुलुकलाई आर्थिक पतनबाट उठाउनेतर्फ तत्काल सरकार नबढे फेरि अर्को राजनीतिक दुर्घटना हुन सक्छ।

नागरिक समाज तथा विभिन्न व्यवसायिक संगठनहरूको दबाब शैलीमा पनि परिवर्तन हुनु आवश्यक छ। आन्दोलनको प्रारम्भिक सफलतालाई सशक्त र सफल प्रजातन्त्रको प्रयोगमा परिवर्तन गर्नेतिर अगाडि बढाउनेतर्फ नलागी छिटफुट सडक आन्दोलन जारी राखे, त्यो प्रत्युत्पादक बन्नेछ। र, प्रतिक्रियावादीहरूले जनताको आन्दोलनलाई अवमूल्यन गर्ने बहाना पाउनेछन्। माओवादीको भावी व्यवहारले पनि आन्दोलनपछिको राजनीतिलाई लक्षित गन्तव्यमा जान दिने या विचलित हुने गरी मार्गमा 'स्पिड ब्रेकर' तेर्स्याउनेबारे महत्त्वपूर्ण भूमिका खेल्नेछ। बाह्रबुँदे समझदारी उल्लंघन हुने गरी उनीहरूले अझै पनि हिंसात्मक व्यवहार र धम्कीपूर्ण भाषाका साथ सार्वजनिक रूपमा आएमा जनआन्दोलनको र खासगरी सहिदहरूको अपमान हुनेछ। र, त्यसले माओवादीको विश्वसनीयतामा फेरि ठूलो संकट जन्माउनेछ। तर, माओवादी विधिवत्रूपमा युद्धविराम र वार्ताको प्रक्रियामा नआउँदासम्म आन्दोलनको मर्मअनुरूप अगाडि बढ्ने सम्पूर्ण जिम्मेवारी गिरिजाप्रसाद कोइरालाको नेतृत्वको मिलिजुली सरकारको हुनेछ। र, दुर्भाग्यवश त्यसका प्रारम्भिक लक्षण राम्रा देखिएका छैनन्। ■




## समय साता

### वैशाख १४

- खुलामञ्चमा विशाल जनसभा, सात दलका नेताहरूद्वारा सम्बोधन ।
- सात दलको सिफारिसमा गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री ।
- सैनिकद्वारा हत्या गरिएकी मोरङ बेलबारीकी सपना गुरुङ निर्दोष भएको पूर्वी पृतनाद्वारा स्वीकार ।
- अमेरिकाद्वारा राजालाई सेरोमोनियल रूपमा बस्न सुझाव । संविधानसभाले समस्याको निकास दिनेमा अमेरिका आशावादी ।

### वैशाख १५

- पुनःस्थापित प्रतिनिधिसभामा सात दल र माओवादीको मार्गचित्र र साझेदारीअनुरूप देशको संकटको निकास दिन संविधानसभामा जाने प्रस्ताव पेस ।
- माओवादीको खुलामञ्चमा सभा, निसर्त संविधानसभाका माग ।

### वैशाख १६

- गुल्मीको सदरमुकाममा रहेको भैरवप्रसाद गणमा माइन विस्फोटन, आठ सैनिकको मृत्यु ।
- भारतीय कम्युनिष्ट नेता सीताराम येचुरीद्वारा राजतन्त्र राख्ने वा नराख्ने नेपाली जनताको निर्णय भारतलाई मान्य हुने कुरा व्यक्त ।

### वैशाख १७

- प्रधानमन्त्री कोइरालाद्वारा शपथग्रहण ।
- प्रतिनिधिसभाको बैठकद्वारा संविधानसभामा जाने प्रस्ताव सर्वसम्मतबाट पारित ।
- भारतद्वारा प्रधानमन्त्रीलाई निम्तो, रोकिएको आर्थिक सहयोग सुचारु गर्ने प्रतिबद्धता ।
- श्रीलंकाली सरकारद्वारा विद्रोही टाइगर्सद्वारा गरिएको आक्रमणमा अठारको मृत्यु ।

### वैशाख १८

- सुनसरीको सत्तेरझोरा गाउँमा माटो लिन गएका पाँचजना बालबालिकाको माटोले पुरिएर मृत्यु ।
- पत्रकार महासंघद्वारा माघ १९ पछि लादिएका सबै निरंकुश अध्यादेश फिर्ता गर्न माग ।

### वैशाख १९

- प्रधानमन्त्री कोइरालाद्वारा सातसदस्यीय मन्त्रिमण्डल गठन ।

### वैशाख २०

- सरकारद्वारा माओवादीमाथि लगाइएको आतंककारीको बिल्ला फिर्ता र रेड कर्नर नोटिस हटाइएको घोषणा ।

**पुरस्कृत :** प्रकाश माथेमा, कृष्ण हुमागाईं, श्रीधर आचार्य राष्ट्रिय पत्रकारिता पुरस्कारबाट ।

**निधन :** प्रमोद महाजन, भारतीय जनता पार्टीका नेता, आफ्नै भाईद्वारा गोली प्रहार गरेको बाह्रौं दिनमा ।






# बन्दुकको त्रास होइन, शान्तिको प्यास

**नेपाली जनता शान्तिको प्यासबाट छट्पटाइरहेका छन् । जनआन्दोलन सफलताको बाटोमा हिंडे पनि बन्दुकहरू अझै पूर्णरूपमा बिसाइएका छैनन् ।**

■ भास्वर ओझा




## खलनायकहरूलाई कारबाही

दोस्रो जनआन्दोलनको सफलताबाट देशमा राजनीतिक स्थिरता र शान्ति बहालीको अपेक्षा गरिएको छ साथै जनआन्दोलन दबाउने खलनायकहरूलाई कारबाही गर्नु पर्ने जनताको माग ज्वलन्त र जायज दुवै छ। २०४६ सालको जनआन्दोलनका खलनायकलाई कारबाही गर्न गठित मल्लिक आयोगले दोषी ठहऱ्याएकालाई कारबाही गर्न नसक्दा पुनः तिनीहरूले जनतामाथि शासन गर्ने अवसर पाए। अहिले पनि त्यही अवस्था दोहोरिने त होइन भन्ने आशंका उब्जिएको अवस्थामा तुरुन्त न्यायिक आयोग गठन गरी दोषी ठहरिएकाहरूलाई कारबाही गर्नु पर्छ।

■ **विमलकुमार थापा**
दधिकोट-५, भक्तपुर

## कविताभन्दा कथै बेस

*समय*को पछिल्लो अंक कविताहरूले भरिएछन्, तर तिनले कथाले जस्तो स्वाद पस्कन नसकेको देखिन्छ। ती केवल नारा मात्र भए। वर्तमान नेपालको समस्यालाई कलात्मक रूपमा उजागर गर्न कुनै कविता सफल रहेन। देशमा अब के होला ? यो जिज्ञासा आजको प्रमुख ध्यान हो। सर्वसाधारण नेपालीको भविष्य कस्तो होला ? यस्ता विषयवस्तु बोकेका कथा प्रकाशन गर्नु राम्रो हुन्छ।

■ **सुजन ताम्राकार**
मरुहिटी, काठमाडौं

## अबको बाटो

एक दशकदेखि सशस्त्र विद्रोहमा उत्रिएको नेकपा माओवादीले पछिल्लो समयमा तीनमहिने युद्धविराम घोषणा गरेको छ। मुलुकमा राजनीतिक तरलता बढ्दै गएको समयमा शान्तिकामी नेपालीको दिगो शान्ति र अमनचयनप्रतिको चाहनालाई आत्मसात गर्दै यस्तो कदम उठाउनु सह्रानीय छ।

जनआन्दोलन-२०६३ का बेला नेपाली जनताले दिनहुँ कर्फ्यू, निषेधाज्ञा, गोली, घातक ग्याँस र डन्डा खेप्नु पऱ्यो। जनआन्दोलनका क्रममा तातो गोली खाएर सहिद हुनेहरूका परिवारको पीडा र गोली तथा लाठीका कारण अपांग हुनेहरू तथा नेत्रज्योति गुमाउनेहरूको दुःखमा जनआन्दोलनको सफलता र शान्तिका संकेतहरूले केही हदसम्म भए पनि मल्हम लगाएको मान्नै पर्छ।

जनआन्दोलनको सफलता सँगसँगै केही सकारात्मक संकेत अवश्य देखिएका छन्। समस्याको दीर्घकालीन समाधानका लागि ती अवसरको पूरा सदुपयोग गर्नु आवश्यक छ। यसका लागि सात राजनीतिक दलले बहुतै जिम्मेवारीपूर्वक काम गर्नु पर्छ। आफ्ना तर्फबाट पनि युद्धविराम गरी माओवादीलाई लगाइएको आतंककारीको बिल्ला, रेडकर्नर नोटिससमेत हटाएर बन्दीलाई तत्कालै रिहा र वार्ता प्रक्रिया सुरु गर्नु पर्छ।

■ **विजय नेपाल**
पालुङ, मैनादी-१, पाल्पा
हालः पिएन क्याम्पस, पोखरा

## खै समयको बारेमा ?

म *समय*को सुरुदेखिकै पाठक हुँ। असहज परिस्थितिमा पनि *समय*ले आफूलाई अघि बढाइरहेको छ। अब त *समय*ले सय अंकसमेत पार गरिसक्यो, तर यस्तो बेला पनि *समय*ले आफ्नो बारेमा किन केही लेखेन ? आफ्ना पाठकहरूलाई सुखदुःखको सहयात्री नठानेरै यसो गरिएको हो कि ? सधैं अरूको दुःखपीडा र अन्याय अत्याचारको विरोधमा लेखिरहँदा आफ्ना बारे लेख्न बिर्सिएको हो कि ?

■ **तिलिसरा गाहा मगर**
कलेज अफ जर्नालिजम एन्ड मास कम्युनिकेसन

## दमनकारीलाई नछोडौं

अन्दोलनमा बर्बर दमन गर्न जिम्मेवारहरूलाई हदैसम्मको कारबाही नगरे यस्ता तत्त्व ब्यूँतन सक्ने सम्भावना हुन्छ। यसर्थ उनीहरूलाई सख्त कारबाही गर्नु पर्छ। सुरक्षाकर्मीहरूसँगको कुराकानीमा उनीहरूले आफूलाई राजापक्षीय र सर्वसाधारणभन्दा भिन्न ठानेको बुझ्न सकिन्छ। यस्तो मनस्थितिबाट उनीहरूलाई बाहिर निकाल्नु पर्छ।

■ **ईश्वर श्रेष्ठ**
छाउनी, काठमाडौं

## कविता नारा मात्र

समयको पछिल्लो अंकको 'शून्य समय'मा निकै गहन विषयको चर्चा गरिएको रहेछ, निकै घत लाग्यो। खेलकुदसम्बन्धी सामग्री थोरै भए। साहित्यले भने निरास बनायो, सबै कविता नारा मात्र लागे, तिनमा कुनै कलात्मक ओज देखिन्न। वर्तमान समयलाई यथार्थ रूपमा प्रस्तुत गर्न कविता विधा त्यति सक्षम भएको देखिएन। त्यसैले कथालाई नै नियमितता दिइयोस्।

देश निकासको बाटोमा गए पनि समस्या सुल्झेको छैन। संविधानभन्दा माथि बस्न खोज्ने चरित्रले के-कस्तो अप्ठेरो निम्त्याउन सक्छ भन्ने विषयवस्तुमा कथा प्रकाशित भए सान्दर्भिक हुन्थ्यो।

■ **सुषमा जोशी**
लाजिम्पाट

## अश्रुग्याँस प्रतिबन्धित गरौं

समय वर्ष ३, अंक १०२ मा छापिएको 'जनस्वास्थ्यमा खेलवाड'ले विशेष मन छोयो। अश्रुग्याँस त्यति धेरै हानिकारक हुन्छ भन्ने लागेकै थिएन। यो मान्छेलाई धपाउन प्रयोग गरिने वस्तुमात्र हो भन्ने लागेको थियो। यो त मानिसलाई दीर्घकालीन असर पुऱ्याउने रसायन पो रहेछ। अझ विशेष गरी महिलाहरूका लागि त यो बढी खराब रहेछ। यसको चोटबाट नेपालगन्जमा एक महिलाको मृत्यु भइसकेको हुँदा यस्तो अवस्थामा यसलाई प्रतिबन्धित गरिनु सर्वोत्तम उपाय हो।

■ **अर्चना खनाल, पूजा न्यौपाने**
लाजिम्पाट, काठमाडौं

## स्थायी स्तम्भ राखियोस्

*समय* वर्ष ३, अंक १०४ मा प्रकाशित सम्पादकीय 'तितो सत्य' तथा 'शून्य समय'का लागि धन्यवाद। 'प्रश्न होइन उत्तर'मा विजयकुमारले गाउँबस्तीबाट आएका शान्त र स्वाभिमानी नेपालीलाई निरास नतुल्याई भोकालाई खाना, नांगालाई लुगा र अधिकारविहीनले अधिकार पाउने ग्यारेन्टी हुनु पर्छ भन्ने आन्दोलनकारी नेताहरूलाई चुनौती दिएकाले उनी पनि बधाईका पात्र छन्।

■ **कृष्णगोपाल प्रधान**
लिवाली टोल, भक्तपुर-२

## संशोधन

अघिल्लो अङ्कमा प्रकाशित नवीन जोशीको लेखमा जर्ज एफ केन्नानको भनाइ बेलायतका तत्कालीन शिक्षामन्त्री रवर्ट लोद्वारा भनिएको भएकोमा सच्याइएको छ। केन्नानले 'अमेरिकन डिप्लोमेसी' शीर्षकमा प्रकाशित चार्ल्स आर वालग्रिन फाउन्डेसनको वक्तव्यहरूको सँगालोमा उक्त भनाइ राखेका हुन्। गल्तीका लागि क्षमाप्रार्थी छौं। – **सं.**

*समय*को अंक १०४ को पृष्ठ ३६ मा प्रकाशित 'निर्णायक मोर्चा' शीर्षकमा प्रकाशित समाचारमा प्रहरी उपरीक्षक सर्वेन्द्र खनालको नाम असावधानीवश पर्न गएकोमा सच्याइएको छ। –**सं.**

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४**

# स्वतन्त्रताको स्वर कतिन्जेल रोकिन्छ ?

**'पञ्चायती व्यवस्था** कायम रहेमा राजतन्त्रको भविष्य सुरक्षित छैन । त्यसैले प्रजातन्त्रका पक्षधर राजनीतिक दललाई सत्ता सुम्पिनु नै राजतन्त्र र मुलुकका लागि हितकर हुन्छ । यस्तो यथास्थितिबाट मुलुक लामो समयसम्म चल्न सक्दैन ।'

एउटा शाही डाक्टरले राजाका सामु यस्तो कुरा गर्लान् त, कतिपयलाई पत्याउन गाह्रो पनि लाग्छ । तर, वास्तविकतालाई आत्मसात गर्नु पर्ने हुन्छ, शाही फिजिसियन डा. सच्चेकुमार पहारीले बाइस वर्षअघि स्वर्गीय राजा वीरेन्द्रसँगको भेटवार्तामा यही कुरा भनेका थिए । राजा वीरेन्द्रसँग स्वास्थ्यको मात्र कुरा हुँदैनथ्यो, आवश्यक परेका बेला मुलुकको रोग निदानको लागि पहारी राजालाई विनाहिचकिचाहट सत्य कुरा नछिपाईकन बताइदिन्थे, यद्यपि त्यसलाई राजाले कति मनन गर्थे भन्नेचाहिँ आफ्नै ठाउँमा छ ।

२०४६ सालपछि दरबारले पहारीलाई 'शाही फिजिसियन'बाट हटायो, यसको कारण थियो - पहारीले त्यस बेलाको जनआन्दोलनलाई सहयोग गरेका थिए । शाही चिकित्सकबाट हट्दा त्यस बेला आफूलाई कत्ति पनि दुःख नलागेको विचार राख्दै उनी भन्छन्, 'मैले दरबारको चाकडी, चाप्लुसी गर्नेभन्दा पनि स्वतन्त्रता, समानता र मुलुकको हितका लागि प्रजातन्त्रको पक्षमा मनमा लागेका कुरा राखेँ । यो कुरा पाच्य नभएरै होला, मलाई पछि बोलाइएन ।'

स्वर्गीय राजा महेन्द्र र वीरेन्द्रको शासनकालमा समेत गरी २५ वर्ष शाही चिकित्सक भएर काम गरे उनले । राजा महेन्द्र विरामी पर्दा केही दिन चितवनमा सँगै बसेका थिए । त्यसो त राजा वीरेन्द्रको क्षेत्रीय भ्रमणका बेला महिनौंसम्म पनि सँगै हिँडेका थिए । राजा वीरेन्द्रको सरल व्यवहार अझै पनि सम्झन्छन् उनी । राजा भईकन पनि वीरेन्द्रमा खानपिनप्रति केही सोख थिएन, आम जनताझैं साधारण खाना पनि मन पराएर खान्थे । उनका अनुसार राजा वीरेन्द बिहान 'हट लेमन' लिएपछि ११ बजेपछि मात्र खाना खान्थे, बेलुका प्रायजसो भातको सट्टा अरू नै स्न्याक्स खाने गर्थे । स्वर्गीय दाजु वीरेन्द्रको ठिक विपरीत अहिलेका राजा ज्ञानेन्द्र भने खानपिनमा अत्यन्तै सोखिन छन् ।

विद्यार्थी जीवनमा साहित्यमा पनि कलम चलाएका थिए पहारीले । डाक्टर भएपछि पनि समसामयिक विषयमा फाट्टफुट्ट कविता लेखे पनि प्रकाशनचाहिँ त्यति भएका छैनन् । जनअधिकार आफ्नो हातमा लिएर सत्ता चलाउन खोज्ने राजा ज्ञानेन्द्रको सोच अव्यवहारिक भएको उनको ठम्याइ छ । राम्रा कपडामा ठाँटिदा पनि राजा ज्ञानेन्द्र नांगिँदै गएको बिम्ब पस्केका छन् कवितामा । बदलिँदो परिवेशलाई आत्मसात गर्न नसके कुनै पनि संस्था टिक्न नसकेको इतिहास छ । त्यसैले पहारीले कवितामा लेखेका छन् :

***समयसँग रुँम्झी हिँडे कहिले घाम कहिले पानी हुन्छ***
***समयसँग जुध्न खोजे अस्तित्व नै बिलाउन सक्छ***

एमबिबिएस पास हुनेबित्तिकै बागलुङ जिल्ला अस्पतालबाट २०१७ सालमा सेवा सुरु गरेका थिए उनले । त्यति बेला मुलुकभर २ सयजति डाक्टर थिए र बागलुङमा त विरामी जाँच्न डाक्टर गएको पहिलो घटना थियो यो । उनी सम्झिन्छन्, 'बागलुङमा मैले जुनप्रकारले विरामीको सेवा गरेँ, त्यो म अहिलेसम्म पनि सम्झिरहन्छु ।' बेलायतबाट एमआरसिपी सिध्याएपछि वीरअस्पतालमा २०२० सालदेखि २७ वर्षजति सेवा गरे उनले, त्यही अवधिमा शाही फिजिसियन पनि भएका हुन् । ७२ वर्षको बुढ्यौलीमा पनि सक्रिय जीवन बिताइरहेका छन् पहारी नेपाल मेडिकल कलेज जोरपाटीमा विगत ८ वर्षदेखि अध्यक्षको रूपमा रहेका छन् । पछिल्ला दिनमा पनि पहारी आफ्नो आस्था, विश्वास र निष्ठामा उत्तिकै प्रतिबद्ध देखिन्छन् । अहिलेको जनआन्दोलनमा पनि नैतिक बल दिएका थिए पहारीले । आन्दोलनका क्रममा घाइते भएका सय जनाजतिको उपचार पनि गर्‍यो नेपाल मेडिकल कलेज शिक्षण अस्पतालले ।

आन्दोलनबाट प्राप्त लोकतन्त्रको संस्थागत विकासको लागि दलहरू सजग भएर अघि बढ्नु पर्छ । यसका लागि नागरिक खवरदारी पनि उत्तिकै आवश्यक छ । दलका नेताहरू फेरि पनि आफ्ना स्वार्थ र गुटमा रुमलिने हो भने मुलुक संकटतर्फ फस्ने निश्चित भएको धारणा छ उनको । गणतन्त्रको नारा चर्किरहेको सन्दर्भमा राजसंस्थाको हैसियत के होला त ? उनी भन्छन्, 'आमजनताले जुन व्यवस्था स्वीकार गर्छन्, जे 'म्यान्डेट' दिन्छन्, त्यो त सबैले मान्नु पर्छ ।'

राजालाई घेर्ने सानो समूहको गलत सल्लाहका कारण राजसंस्थालाई अप्ठ्यारो परेको उनको विचार छ । उनी भन्छन्, 'स्वतन्त्रताका स्वर रोक्न कतिन्जेल सकिन्छ र ?' उनका अनुसार वर्तमान राजा ज्ञानेन्द्रको 'हठ' ले राजसंस्थालाई घाटा पुर्‍याएको छ । राजशाहीको दरिद्र मानसिकता यसरी उजागर गरेका छन् उनले एउटा कवितामा :

***भरपूर पुगेर पनि तिमी गरिब देखियौ***
***भरपेट खाएर पनि भोको देखियौ***
***राम्रा राम्रा पोसाक भएर नांगो देखियौ***

■ छत्र कार्की/काठमाडौं





▲घोडेसिममा विद्युत् उत्पादन र वितरण गर्दै आएको हाइड्रो पावर मेसिन

# झलमल्ल भयो गाउँ

**साँझको बेला** झर्रोसल्ले (दियालो) बाली धिपधिपे उज्यालो हुने जुम्लाको घोडेसिम गाविस गत फागुन १७ गतेदेखि गाउँमा बिजुली बत्ती बल्न थालेपछि पूरै झलमल भएको छ। सिंगो गाउँ झिलिमिली बनाई घर-घरमा बिजुली बत्ती बाल्ने चौध वर्षदेखि मनमा गुम्सिएर रहेको घोडेसिमवासीको धोको अहिले पूरा भएको छ।

चौध वर्षदेखि सरकारसँग बत्तीको माग गर्दै आएका जुम्लाको घोडेमहादेव गाविस-९ स्थित घोडेसिमका बासिन्दालाई सरकारले बेवास्ता गरे पनि विकासे कार्यक्रममा जुटेको अन्तर्राष्ट्रिय गैरसरकारी संस्था डिएफआइडीको समुदाय सहयोग कार्यक्रमले उनीहरूको धोको पूरा गरेको हो।

डिएफआइडीको समुदाय सहयोग कार्यक्रमको १० लाख ४३ हजार २ सय ९५ रुपैयाँ आर्थिक सहयोग र स्थानीय जनताको ७७ हजार ९ सय रुपैयाँबराबरको श्रमदान समेतमा घोडेसिम जलविद्युत् आयोजना निर्माण गरिएको हो। उक्त आयोजनाको क्षमता १० किलोवाट रहेको छ।

आफ्नो तीव्र इच्छा, अथक परिश्रम र समुदाय सहयोग कार्यक्रमको सहयोगमा गाउँमै बत्ती बाल्न सफल घोडेसिमवासीहरू अहिले गाउँदेखि ३३ किमि टाढा रहेको सदरमुकाम खलंगाबाट महँगो मट्टितेल ल्याउनु पर्ने र दियालो काट्नु पर्ने झन्झटबाट मुक्त भएका छन्। त्यति मात्र होइन जुम्ला जिल्लामै बत्ती बाल्ने चौथो र आफ्नै क्षमता तथा परिश्रममा सिंगो गाउँ झिलिमिली पार्ने पहिलो र उदाहरणीय गाउँ बनेको छ घोडेसिम।

गाउँमा बत्ती बाल्न पाएकोमा खुसी हुँदै स्थानीयवासी जोगे रोकाय भन्छन्, 'एकजुट भएपछि मान्छेले चाहेको के गर्न सकिँदैन ? अरू गाउँकाले पनि कम्मर कसे भने छिटै नै पूरै जुम्ला झलमल हुन सक्छ।'

घर-घरमा बिजुली बत्ती बल्न थालेपछि अरूभन्दा पनि त्यहाँका विद्यार्थीले ठूलै राहत महसुस गरेका छन्। 'जाबो झर्रो बालेर कति पो पढाइ हुन्थ्यो र ? झर्रर बल्थ्यो सकिजान्थ्यो। अब त आनन्दसँग पढ्न पाइने भइयो', विद्यार्थी रत्नबहादुर रोकायले खुसी व्यक्त गरे।

त्यसैगरी त्यस क्षेत्रका गृहिणीहरूलाई पनि बत्तीले धेरै सहयोग पुर्‍याएको छ। 'अँधेरामा छामछुम गरी भात पकाउनु पर्थ्यो, अहिले जतातत्तै झिलिमिली देखिन्छ', स्थानीय नन्दकली बुढा भन्छिन्, 'त्यति मात्र होइन, अरू काममा पनि धेरै सुविस्ता भएको छ।"

आफ्नो दिनरातको परिश्रम र खाइनखाइ गरेको मेहनतबाट तयार पारिएको आयोजनालाई स्थायित्व दिनका लागि स्थानीय बासिन्दाले प्रत्येक बल्ब (चिम)को मासिक १० रुपैयाँ तिर्ने गरेका छन्।

स्थानीय सहमतिमा बत्तीको मूल्य निर्धारण गरेका गाउँलेहरूले पैसा तिर्न नसक्ने परिवारबाट अनाज पनि लिने निर्णय गरेका छन्। 'बत्ती बालेबापत सक्नेले पैसा दिन्छन्, नसक्नेबाट घरमा जे अनाज हुन्छ, त्यही लिने व्यवस्था गरेका छौं', रोकायले जानकारी दिए।

■ **गणेशकुमार कार्की/जुम्ला** (तस्वीर पनि)



# मुर्दाले धानेको जीवन



▲ मुर्दा जलाउन आउने ग्राहकलाई बिक्री गर्न सुरुंगास्थित माइखोलाको किनारमा राखिएका दाउरा

**झापा माइधारमा** बसोवास गर्दै आएका रञ्जित शाहले मुर्दा जलाउनका लागि दाउरा बेच्न थालेको २० वर्ष भएको छ। दैनिक सरदर तीनवटासम्म लास जलाउन दाउरा बेच्दै आएका उनी यही पेसाबाट आफ्नो परिवार पाल्दै आएको बताउँछन्।

उनका बुबाले पनि यही पेसा गर्दै आएका थिए, तर बुबा बिरामी भई यो पेसालाई निरन्तरता दिन नसकेपछि उनले यो पेसा अपनाएका हुन्। नेपालको पूर्वी धार्मिक क्षेत्रको नामले परिचित कन्काई माइखोला तीर्थस्थलको लागि मात्र नभएर लासको सद्गद गर्नको लागि पनि प्रख्यात छ। धार्मिक क्षेत्र भएकाले मृत्युपश्चात् यसै स्थानमा आएर दाहसंस्कार गरिएमा मुक्ति पाइने विश्वास स्थानीयवासीको छ। यस ठाउँमा सरदर दैनिक पाँचवटा मुर्दा जलाइने गरेको स्थानीय बासिन्दा विनोद सापकोटा बताउँछन्। सापकोटाका अनुसार मुर्दा जलाउन दाउरा बेचेर जीविका चलाउने यहाँ एक दर्जनभन्दा धेरै परिवार छन्।

मुर्दा जलाउन दाउरा बेच्ने काम गर्दै आएका स्थानीय व्यापारीहरू यही पेसाबाट मासिक २ हजारदेखि पाँच हजारसम्म कमाइ हुने बताउँछन्। 'पहिल्यै रूख पनि प्रशस्त थिए, दाउराको खाँचो थिएन, तर अहिले दाउरा पनि पाइँदैन र पाइए पनि एकदमै महँगो पर्छ', व्यापारी रञ्जित सुनाउँछन्। मुर्दा जलाउनका लागि उनीहरूले थुप्रो बनाएर दाउरा बिक्रीको लागि राखेका हुन्छन्, जुन प्रतिथुप्रो ५ सयदेखि १ हजारसम्म बिक्री हुने गर्छ। एउटा मुर्दा जलाउनका लागि पाँच थुप्रो दाउरा लाग्दछ।

गाउँमा गएर प्रतिगोटा १ हजारसम्म रकम लगाएर रूख खरिद गर्नु पर्ने, त्यसलाई काट्नु पर्ने, ढुवानी खर्च सबै गरेर आम्दानी धेरै कम हुने गरेको उनीहरू सुनाउँछन्। सुरुमा पर्याप्त आम्दानी भए पनि बढ्दै गएको व्यापारिक प्रतिस्पर्धाका कारण नाफा हुन छाडेको व्यापारीहरूको कथन छ। यसका साथै गाउँबाट दाउरा ल्याउँदा पनि वन समितिहरूले दुःख दिने गरेको उनीहरू बताउँछन्। दाउराको संकटसँगै उनीहरूले यसको परिपूर्तिका लागि थोत्रा टायर पनि बिक्री गर्न सुरु गरेका छन्, जुन एकसयदेखि एक सय पचाससम्म बिक्री हुन्छ। एक दिन कोही पनि मुर्दा जलाउन आएन भने उनीहरूलाई छटपटी हुन थाल्छ। 'के गर्ने ? जति मान्छे मर्छन् आफ्नो व्यवसाय उति राम्रो चल्छ। त्यही भएर हामी मुर्दा रुडेर बस्छौं', उनीहरूको भनाइ छ।

मुर्दालाई दाउरा बिक्री गर्ने व्यवसाय केहीको पुर्ख्यौली बनिसकेको छ। बाबु-बाजेले यही पेसा अपनाएकाले आफूले पनि यसै पेसालाई निरन्तरता दिएको सुनाउँछन्, अर्का व्यापारी दिलीप चौधरी। दैनिक मरेका मानिस कुर्नु र उनीहरूका आफन्तलाई दाउरा बिक्री गर्नु नै उनीहरूको दिनचर्या हो। आफ्नो जीवन सम्पूर्ण रूपले मुर्दाले धानेको सुनाउँछन्, उनीहरू। 'हामीलाई जति धेरै मुर्दा जलाउन ल्याउँछन्, उत्ति फाइदा हुन्छ', उनीहरू भन्छन्।

■ **नारायण खड्का/झापा** (तस्वीर पनि)


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो। हरेक विहान (६:००-७:१५)

**हालचाल**

जाता अवर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
**रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**
**बखुण्डोल, ललितपुर**
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org



▲ सिन्धुपाल्चोक आक्रमणमा ध्वस्त भएको स्वास्थ्य चौकी

# खुला आकाशमुनि उपचार

**सिन्धुपाल्चोक सदरमुकाम** चौतारा कब्जा गर्ने नियतले सशस्त्र माओवादीले आक्रमण गर्दा जिल्ला अस्पताल ध्वस्त भएको छ। माओवादी आक्रमणबाट ध्वस्त अस्पतालको भग्नावशेषमा पुरिएर उपचार गराइरहेका विरामी र उनका कुरुवाको पनि मृत्यु भएको छ। मृत्यु हुनेमा कदमवास-९ का ३० वर्षीय विरामी डम्बरबहादुर श्रेष्ठ र उनका कुरुवा बाबु ६५ वर्षीय सूर्यबहादुर श्रेष्ठ छन्।

गत चैत १४ गते ठोकर्पामा भएको घटनाको बदला लिने उद्देश्यले माओवादीद्वारा जिल्ला सदरमुकाम आक्रमण गर्दा सबैभन्दा बढी क्षति अस्पताललाई पुगेको छ।

नेपाल टेलिकम सुरक्षार्थ खटिएका सैनिकमाथि आक्रमण गर्न माओवादीले अस्पताल प्रयोग गरेका थिए। अस्पतालसँगै जोडिएर रहेको टेलिकम कार्यालय कब्जा गर्न उनीहरूले अस्पताल प्रयोग गरे। माओवादी आक्रमणबाट पूर्णरूपमा अस्पताल ध्वस्त भएको डा. नन्दलाल सिकर्मी बताउँछन्।

माओवादी आक्रमणबाट अस्पताल ध्वस्त भएपछि जिल्लावासी तत्काल भरपर्दो सेवा पाउनबाट वञ्चित भएका छन्। २०१६ सालमा स्वास्थ्य केन्द्रका रूपमा स्थापित यो अस्पताल २०२९ सालमा १५ शय्याको बनेदेखि नै जिल्लावासीले स्वास्थ्य सुविधा पाउँदै आएका थिए।

आक्रमणबाट अस्पतालको पूरै संरचना ध्वस्त भएको छ भने केही महत्त्वपूर्ण उपकरण माओवादीले लिएर गएको अस्पतालले जनाएको छ। डा. सिकर्मीले भने, 'यो हाम्रो कर्मथलो हो यहाँ आक्रमण हुनु हुँदैनथ्यो।'

माओवादीले सदरमुकाम कब्जा गर्न एकैसाथ अस्पताल, जिल्ला हुलाक, प्रशासन, प्रहरी, कारागार, शिक्षा, जिविस तथा नयाँ श्रीनाथ गणमा आक्रमण गरेका थिए। दुई हजारभन्दा बढीको संख्यामा सहभागी माओवादी आक्रमणका क्रममा मारिएका चार शव फेला परेका थिए।

माओवादीको विशेष केन्द्रीय कमान्डर इन्चार्ज एवं डेपुटी कमान्डर वर्षमान पुन (अनन्त)को नेतृत्वमा चौतारा आक्रमण गरेको आक्रमणमा उनीसहित ठूलो संख्यामा घाइते भएको बताइएको छ। थुप्रै घाइतेको कुभिन्डे तथा जलवीरेमा उपचारपछि माओवादी अन्यत्र लागेका थिए। आक्रमणका क्रममा अस्पताल, जनस्वास्थ्य, फिल्ड ट्रेनिङ, जिविस तथा स्थानीय युवराज घलेको घरसमेत आठवटा उपचार शिविरमा आठ घन्टा लामो भिडन्तका क्रममा माओवादीको उपचार गरेका थिए। ती उपचार शिविरमा माओवादी लडाकु दस्ताका ५० भन्दा बढी बन्दोबस्ती सामान तथा झोला छोडेर भागेका थिए। अस्पताल हातामा सञ्चालित एउटै शिविरमा २७ माओवादीको उपचार गरेको विवरण फारम फेला परेको थियो।

अस्पतालमा आक्रमण गर्दा भर्ना भई ११ जना विरामी उपचार गराइरहेकोमा सातजनालाई अन्यत्र सारेका थिए। अस्पताल शय्यामै उपचार गराइरहेका चार विरामी विस्फोटबाट ध्वस्त भग्नावशेषले पुरिएको मा तीनजनाको भोलिपल्ट उद्धार गरिएको थियो।

पुरिएका विरामीमध्ये इर्खु-७ का भक्तबहादुर श्रेष्ठको अवस्था अझै गम्भीर रहेको छ। उनीसँगै उपचार गराइरहेका मिरबहादुर थापा मगर, कालु श्रेष्ठ र एक विरामी कुरुवा पनि घाइते भएका थिए।

आक्रमणकै दिन टाइफाइड भई उपचारका लागि अस्पताल भर्ना भएका मृतक श्रेष्ठका बाबुछोरा १५ नम्बर बडमा अंकमाल गरी मृत अवस्थामा घटनाको पर्सिपल्ट फेला परेका थिए।

माओवादीले सदरमुकाम आक्रमण गर्दा सर्वसाधारणको घर तथा अस्पताल ध्वस्त पारेको कार्यप्रति यहाँका मानवअधिकार तथा संचारकर्मीहरूले आपत्ति जनाएका छन्। १५ शय्याको अस्पताल भए पनि सेवा विस्तार गरी २६ शय्याको सेवा सुविधा उक्त जिल्ला अस्पतालले दिँदै आएको थियो। अस्पतालमा माओवादी आक्रमणबाट भएको क्षतिप्रति स्तब्ध छन्, स्थानीय बासिन्दा।

सो घटनापछि जिल्ला अस्पतालमा विरामीको उपचार खुला आकाशमुनि गराउनु पर्ने अवस्था छ। दैनिक ३०-४० जना विरामी उपचारका लागि त्यहाँ आउने गरेका छन्। विरामीको नाम दर्ता तथा उपचार खुला चौरमा गर्ने गरिएको छ।

■ **पवित्रकुमार खड्का/सिन्धुपाल्चोक** (तस्वीर पनि)


## मकालु यातायातको बस सेवा

**कलङ्कीबाट छुट्ने : मुख्य कार्यालय, फोन नं. ४२७७५५२, ४२८१९७२, ४२८७३०६**

### काठमाडौंबाट जाने

| | | | |
|---|---|---|---|
| काकडभिट्टा | बिहान ५.०० बजे | पोखरा | बिहान ७.३० बजे |
| भद्रपुर | बिहान ५.१० बजे | वीरगञ्ज रात्रि | बेलुकी ८.१५ बजे |
| मधुमल्ला | बिहान ५.२० बजे | कलैया | बिहान १०.१५ बजे |
| धरान | बिहान ६.०५ बजे | भरतपुर | बिहान ११.४५ र दिउँसो १२.१५ बजे |
| विराटनगर | बिहान ५.४५ बजे र ६ ४५ बजे | शिवनगर | दिउँसो १२.३० बजे |
| राजविराज | बिहान ६.०० बजे | टाँडी पर्सा | दिउँसो १.०० बजे |
| सिरहा/माडर | बिहान ६.१५ बजे | टाँडी-खोलेसिमल | दिउँसो १.४५ बजे |
| मलङ्वा | बिहान ६.३५ बजे | पर्सा-कपिया | दिउँसो २.२० बजे |
| जनकपुर | बिहान ७.२० बजे | पर्साढाप-मेघौली | दिउँसो ४.४५ बजे |
| गौर | बिहान ६.५५ बजे | गीतानगर-जगतपुर | दिउँसो ४.१५ बजे |
| वीरगञ्ज | बिहान ७.०५, १०.१५ र ११.०० बजे | वरथवा | बिहान ७.४० बजे |

### काठमाडौंमा टिकट पाइने स्थानहरू

| कलङ्की | सुन्धारा | गौशाला | लगनखेल |
|---|---|---|---|
| २७३९१२/२८१७०४ | २५३१४२ | ४९३७५७/४९७१३७ | ५५२१६६६ |

### काठमाडौंतर्फ आउने


| | | | |
|---|---|---|---|
| काकडभिट्टाबाट | बिहान ५.०० बजे | वीरगञ्जबाट | बेलुका ८.३० बजे |
| भद्रपुरबाट | बिहान ४.५० बजे | कलैयाबाट | बिहान ८.०० बजे |
| मधुमल्लाबाट | बिहान ४.५० बजे | भरतपुरबाट | बिहान ५.३० बजे |
| धरानबाट | बिहान ४.२० बजे | पर्साबाट | बिहान ५.४५ बजे |
| इटहरीबाट | बिहान ५.००, ५.२०, ६.३० र ७.०० बजे | खोलेसिमलबाट | बिहान १०.३० बजे |
| विराटनगरबाट | बिहान ४.३० बजे | पर्सा-कपियाबाट | बिहान ६.३० बजे |
| राजविराजबाट | बिहान ५.३० बजे | मेघौलीबाट | बिहान ८.४५ बजे |
| सिरहा/माडरबाट | बिहान ५.१५ बजे | जगतपुरबाट | बिहान ८.१५ बजे |
| लहानबाट | बिहान ६.१५, ७.००, ७.१५ र ९.०० बजे | वीरगन्ज रात्रि | बिहान ६.४५ बजे |
| मलङ्वाबाट | बिहान ५.१५ बजे | नारायणगढबाट | बिहान ६.१५, ६.४५, ७.००, ७.४०, ८.००, ८.१५, ८.४५ र दिउँसो ३.०० बजे |
| जनकपुरबाट | बिहान ८.१५ बजे | पार्वतीपुरबाट | दिउँसो १२.०० बजे |
| गौरबाट | बिहान ५.३० बजे | | |
| वीरगञ्जबाट | बिहान ९.००, ११.०० र ११.३० बजे | | |

अन्य स्थानहरू : काँकडभिट्टा र भद्रपुरमा मेची संघको काउन्टर, धरानमा बसपार्क (०२५)२०३७२, विराटनगरबाट बसपार्क नजिकै (०२१) ३०७२७, इटहरीमा पश्चिमचोक, राजविराजमा (०३१) २००९, लाहानमा (०३३) ६०३६६, सिराहामा (०३३) २०२३३, सिराहा/माडरमा (०३३) २०१३१, जनकपुरमा भानुचोक र रामानन्द चोक, मलङ्वामा (०४६) २००४२, वीरगन्जमा (०५१) २१५२६, हेटौंडामा भानुचोकमा (०५७) २०५३५, नारायणगढमा पुल्चोक बसपार्क (०५६) २४२०८।

*यात्रुहरूको सुविधाका लागि गौशाला र सुन्धाराबाट निःशुल्क मिनिबस सेवा उपलब्ध गराइएको छ।*



मृगौलाको विरामीको 'हेमोडायलोसिस' गरिँदै



# अझै असाध्य

■ मनीष गौतम/काठमाडौं (तस्वीरहरू: तेज बस्नेत)

**मुलुकमा झन्डै २५ हजार मृगौलाका रोगी रहेको अनुमान गरिएको छ, तर अधिकांश विरामी उपचारविहीन अवस्थामा छन् । बर्सेनि यसका नयाँ रोगी थपिने क्रम जारी छ । उपचार अत्यधिक खर्चिलो हुने मृगौला रोगबाट पीडितमध्ये कतिपयको परिवारसमेत घरवारविहीन अवस्थामा समेत पुगेका छन् ।**

**मृगौलाले काम** गर्न नसक्ने अवस्थामा रहेका प्रदीप गुरुङ यति बेला उपचारार्थ अस्पताल भर्ना भएका छन्। उपचारका लागि राष्ट्रिय मृगौला केन्द्रमा उनी ९ दिनदेखि छन्। २१ वर्षीय गुरुङ अहिले मृगौलाको एक उपचार विधि हेमोडायलोसिस गराइरहेका छन्, तर यो उपचारको अस्थायी विधिमात्र हो। उनले रोगबाट निदान पाउन मृगौला प्रत्यारोपण नै गर्नु पर्छ। मृगौला काम नलाग्ने अवस्थामा पुगिसकेका विरामीले साताका कम्तीमा पनि २ या ३ पटकसम्म हेमोडायलोसिस गर्नु पर्ने चिकित्सकहरू बताउँछन्। एकपटकको 'हेमोडायलोसिस'का लागि २ हजार रुपैयाँ खर्च हुन्छ। यसलाई आधार मान्दा गुरुङले मासिक १६ देखि २४ हजार रुपैयाँसम्म उपचारका लागि खर्चनु पर्ने अवस्था छ।

'कुनै निश्चित अवधिसम्म डायलोसिस गर्दैमा बिग्रिसकेको मृगौलाले फेरि काम गर्न सक्तैन। डायलोसिस अस्थायी उपचार विधि हो, जुन जिन्दगीभर गर्नु पर्ने हुन्छ', केन्द्रका कार्यकारी निर्देशक डा. ऋषिकुमार काफ्ले भन्छन्, 'जीवनभर बिग्रेको मृगौलाबाट मुक्ति पाउने एउटा मात्रै उपाय अरूको शरीरको मृगौला विरामीमा प्रत्यारोपण गर्नु हो।'

रोगले आक्रमण गरिसकेपछि उपचार खोज्दै आउने विरामीलाई सुरुमा हेमोडायलोसिस दिने गरिएको छ। यही उपचारको क्रममा विरामीमा मृगौला प्रत्यारोपण गर्ने चाँजो मिलेपछि हेमोडायलोसिस उपचार विधि टुंगिन्छ। मुलुकमा अहिलेसम्म मृगौला प्रत्यारोपण सुरु भएको छैन। यसका लागि अधिकांश विरामी भारतीय सहर पुग्ने गरेका छन्। अहिलेको अवस्थामा मृगौला प्रत्यारोपणका लागि ८ देखि १० लाख रुपैयाँ खर्च हुने गरेको छ। 'उपचार सेवा महँगो रहेको हाम्रो जस्तो मुलुकमा मृगौलाले काम गर्दैन भन्नु धेरैका लागि यो मृत्युनजिक रहेको बराबर मानिन्छ', डा. काफ्ले भन्छन्, 'बाँचुन्जेल उपचार खर्च अधिक महँगो लाग्ने यस रोगको भारमा विरामी थिचिएका छन्।'

उपचार अत्यधिक खर्चिलो हुने मृगौला रोगको भारले पीडितमध्ये कतिपयको परिवारसमेत घरबारविहीन अवस्थामा पुगेका छन्। 'रोगले आक्रमण गरेपछि समयमै उपचार नभए विरामीको मृत्यु हुने निश्चित छ। सामान्य आर्थिक अवस्था रहेको परिवारमा एकजना मात्र मृगौला रोगी हुने हो भने उसको उपचारमा लाग्ने खर्चले पुस्तौं प्रभाव पार्छ', मृगौला प्रत्यारोपण गरेका ४६ वर्षीय राजकुमार श्रेष्ठ भन्छन्, 'पैसा भयो भने मात्र यस रोगबाट बाँच्न सकिन्छ, नत्र भने अकाल मृत्यु कुर्नुबाहेक अर्को विकल्प छैन।' श्रेष्ठले मृगौला प्रत्यारोपण गरेको चार वर्ष नाघेको छ। पत्नीको शरीरको बायाँ मृगौला झिकी उनमा प्रत्यारोपण गरिएको हो। बैंगलोरको एक अस्पतालमा मृगौला प्रत्यारोपण गरेका श्रेष्ठले यसका लागि ७ लाख रुपैयाँ खर्चेका थिए।

पाटन महाबौद्धका ५४ वर्षीय गणेशराज श्रेष्ठले दिल्लीस्थित गंगाराम अस्पतालमा ६ वर्षअघि मृगौला प्रत्यारोपण गरेका थिए। उनले आफन्तको नभई अन्य व्यक्तिको मृगौला किनेर काम चलाएका थिए। मृगौला प्रत्यारोपणको तयारी पनि निकै जटिल मानिन्छ। मृगौला दिने व्यक्ति आफै पनि विरामीको अवस्थाबाट गुज्रनु पर्छ। यसका लागि उसको मृगौला स्वस्थ छ-छैन लगायतका सम्पूर्ण शारीरिक अवस्थाको स्वास्थ्य परीक्षण गराउनु पर्ने हुन्छ। ऊ आफै अस्पताल भर्ना भई शरीरको शल्यक्रिया गरी मृगौला निकाल्नु पर्छ।

मृगौला प्रत्यारोपण भइसके पनि विरामी ढुक्क रहने अवस्था भने छैन। कुनै व्यक्तिको अंग (मृगौला) विरामीमा प्रत्यारोपण गर्दा उसको शरीरले त्यसलाई 'रिजेक्ट' गर्ने सम्भावना रहन्छ। त्यसैले विरामीको शरीरले प्रत्यारोपण गरिएको मृगौला 'रिजेक्ट' नगरोस् भन्नका लागि प्रतिरोधात्मक शक्ति न्यून गर्ने 'इम्युनोसप्रेसिभ' औषधी विरामीलाई दिइन्छ। यसरी 'इम्युनोसप्रेसिभ' औषधीको प्रभावले शरीरको प्रतिरोधात्मक शक्ति क्षीण हुँदा मृगौला प्रत्यारोपण गरिएका विरामीलाई अन्य संक्रामक रोग लाग्ने सम्भावना निकै हुन्छ।

मृगौला प्रत्यारेपण भएपछि सेवन गरिने औषधी निकै महँगा छन्। 'प्रत्यारोपण गरेपछिको सुरुको एक, दुई वर्षमा विरामीको अवस्था हेरी महिनाको झन्डै १५ देखि २० हजार रुपैयाँ औषधीमा खर्च हुने गर्छ', डा. काफ्ले भन्छन्, 'त्यसपछिका वर्षमा विरामीले बाँचुन्जेल मासिक ७-८ हजार औषधीमा मात्र खर्च गर्नु पर्छ।'

### विरामीको भार

मुलुकमा झन्डै २५ हजार मृगौलाका रोगी रहेको अनुमान गरिएको छ, तर अधिकांश विरामी उपचारविहीन अवस्थामा छन्। बर्सेनि यसका नयाँ रोगी थपिने क्रम जारी छ। महँगो भए पनि उपलब्ध हेमोडायलोसिस सेवाका लागि विरामीले पालो पर्खनु पर्ने अवस्था छ। 'प्रत्येक दिन ३ सिफ्ट चलाउँदा झन्डै ६० जना विरामीको हेमोडायलोसिस गरिरहेका छौं', उपचारमा संलग्न राष्ट्रिय मृगौला केन्द्रका चिकित्सक विनय रेग्मी भन्छन्, 'विरामीको चाप कहिल्यै घटेको छैन।' विरामीको चापका कारण जनआन्दोलनको क्रममा कर्फ्यु लाग्दा पनि यस केन्द्र आफैले अस्पतालका गाडीबाट विरामीलाई घर घरबाट ल्याएर 'हेमोडायलोसिस' सेवा उपलब्ध गराएको थियो।

सात वर्षअघि स्थापित राष्ट्रिय मृगौला केन्द्रले सेवा सुरु गरेको वर्ष झन्डै ७ सय विरामीलाई हेमोडायलोसिस सेवा उपलब्ध गराएको थियो। उपचारका लागि विरामीको संख्या ह्वात्तै बढेको छ। केन्द्रमा गत महिना मात्रै उपचार गराउन आउने विरामीको संख्या झन्डै १२ सय रहेको थियो। डा. काफ्ले भन्छन्, 'यही अनुपातमा विरामीको संया बढ्दै जाने हो भने अहिले उपलब्ध सेवाले विरामीको चापलाई थेग्न सक्तैन।'

मृगौला रोगीको अस्थायी तर अत्यावश्यक उपचारसिद्ध यस हेमोडायलोसिस सेवाका लागि यो भरपर्दो केन्द्र मानिएको छ। यसको क्षमता अन्य सरकारी तथा निजी अस्पतालको तुलनामा व्यापक पनि छ। सरकारी अस्पतालमा क्षमता मानिएको वीरले एक दिनमा ६ जनासम्मलाई उक्त सेवा उपलब्ध गराउने गरेको छ। कहिले मेनी बिग्रनु त कहिले उपचार सेवाका लागि आवश्य सामग्रीको अभावले वीर अस्पतालबाट नियमित हेमोडायलोसिस सेवा उपलब्ध हुन सकेको छैन। यसको तुलनामा केन्द्रले दैनिक ६० जना विरामीलाई सेवा उपलब्ध गराइरहेको छ।

मृगौला प्रत्यारोपण गरेका विरामीहरू पनि 'फलो-अप'का लागि यही केन्द्रमा नै आउने गरेका छन्। मृगौला प्रत्यारोपण गरेका विरामीका लागि बहिरंग विभाग यही केन्द्रले मात्रै चलाउँदै आएको छ। साताको दुईपटक संचालन हुने यस सेवामा झन्डै एक सय विरामी 'फलो-अप'का लागि आउने गरेका छन्।

महँगो उपचार मानिएको मृगौला उपचारका लागि सरकारी तथा अन्य संघ-संस्थाको ध्यान नगएको गुनासो विरामीहरूको रहेको छ। विरामीका लागि राज्यले राहत उपचार सेवा उपलब्ध गराउनु पर्ने उनीहरूले आवाज उठाए पनि त्यसको सुनुवाइ भने भएको छैन। मृगौला रोगी श्रेष्ठ भन्छन्, 'सरकारले हाम्रो उपचार तथा औषधीका लागि राहत नदिए मृगौला रोगीका परिवार ऋणै ऋणले मर्नेछन्।' ■

डा. काफ्ले विरामी परीक्षण गर्दै



## ऐन पनि बेबारिसे

**मृगौला प्रत्यारोपण** मुलुकमा सम्भव नभएकाले विरामीहरू उपचारका लागि विदेशिन बाध्य भएका छन्। यसका कारण बर्सेनि करोडौं रुपैयाँ बाहिरिएको त छ नै, साथै विरामी र परिवार अनावश्यक मानसिक तनावबाट गुज्रनु परेको छ।

नेपालमा अंग प्रत्यारोपणसम्बन्धी बहस चलेको झन्डै एक दशक पुगेको छ। यसै क्रममा तत्कालीन संसद्ले ०५५ सालमा अंग प्रत्यारोपणसम्बन्धी विधेयक पास गरेको थियो। ०५८ सालमा मृगौला प्रत्यारोपणसम्बन्धी नियमावली पास भएपछि मृगौला प्रत्यारोपणका लागि वीर अस्पताललाई सरकारले छनोट गर्‍यो। यसै क्रममा एकजना विरामीमा मृगौला प्रत्यारोपणसमेत गरियो, तर त्यो प्रयास विफल भयो। त्यसपछिका वर्षमा मृगौला प्रत्यारोपणका लागि आवश्यक कदम चालेको पाइँदैन।



▲ बढ्दो छ ककपिटमा बस्ने क्रेज

# अझै अभाव

■ ज्योति देवकोटा/काठमाडौं

**प्रजातन्त्र पुनःस्थापनापछि आकाशमा** पखेटा फैलाएका दर्जनौं निजी हवाई कम्पनीहरूको प्रतिस्पर्धा अहिले नेपाली आकाशमा चुलिँदो छ। वर्षैपिच्छे एसएलसीको नतिजासँगै थुप्रै किशोर पाइलट बन्ने सपना बुन्छन्। नाम, दाम र साहसिक रूपमा हेरिने काम भएकाले बढ्दो हवाई व्यापारसँगै पाइलट बन्नेहरूको क्रेज अहिले पनि उत्तिकै छ। खुला आकाश नीतिसँगै स्थापित हवाई कम्पनीहरूको बढ्दो बजारसँगै पाइलटहरूको माग पनि बढ्दो छ नेपाली बजारमा।

२० वर्षअघि प्रथम महिला पाइलट बनेकी थिइन्, रक्षा राणा। अहिले आधा दर्जन नेपाली महिलाले हवाई जहाज उडाउने क्षमता बनाएका छन्। पैसा, इज्जत र एड्भेन्चर तिनै थोक हासिल हुने पाइलट पेशा महँगो र सर्वसाधारणको पहुँचबाहिर भएकाले धेरै युवाका लागि चाहिं आकांक्षाको फल आँखातर मर नै छ। फस्टाउँदो हवाई व्यवसायसँगै पाइलटिङ कोर्सका लागि सर्वसाधारणको पहुँच सहज नभएका कारण नेपालमा पाइलटहरूको अभाव खट्किरहेको छ। हवाई सुरक्षाविभागका प्रमुख रवि कंसाकार भन्छन्, 'हामीकहाँ अहिले प्रतिवर्ष कम्तीमा पनि १० जना पाइलटिङ कोर्स सकेर फर्कन्छन् र पनि अभाव यथावत छ।' अहिले चलिरहेका हवाई कम्पनीहरूलाई मात्र थेग्नका लागि कम्तीमा पनि ५० जना पाइलटको आवश्यकता रहेको बताउँछन् उनी।

दर्जनौं हवाई कम्पनीहरूले पाइलटको अभावमा आफ्ना नियमित सेवा सुचारु गर्न सकेका छैनन्। १४ जना विदेशी पाइलट नेपालमा कार्यरत रहेको बताउँछन् हवाई सुरक्षाविभागअन्तर्गत लाइसेन्स शाखाका प्रमुख त्रिलोचनमान मल्ल।

देशभरि कुल २ सय ७६ व्यक्तिलाई नागरिक उड्डयनले पाइलट लाइसेन्स प्रदान गरेको छ। तीमध्ये कतिले अवकाश पाइसकेका छन् भने कति जागिर छोडेर विदेश पलायन भएका छन्। अहिले हवाई सुरक्षाविभागमा नियमित दर्ता भएर आकाशमा उडिरहेका पाइलटको संख्या १ सय ७१ मात्र छ। हेलिकोप्टर चलाउने पाइलटको संख्या ६० हाराहारीमा छ। यिनीहरूले नै सिंगो हवाई व्यवसाय काँधमा राखेर उडेको अवस्था छ। नेपालमा देखिएको हवाई कम्पनीको बढ्दो प्रतिस्पर्धा हेर्ने हो भने पाइलटको यो संख्या नगण्य हो।

तर, आकाशमा उड्ने र उडाउने चाहना राख्नेहरूको संख्या पनि बढ्दै छ। पाइलटिङ कोर्समा सहज नभएका कारण आधुनिक विकासको मेरुदण्ड मानिने हवाई यातायातमा राष्ट्रिय जनशक्तिको कमि छ।

अहिले छिमेकी मुलुक भारत र विश्वभरि ५ वर्षमा १० हजार पाइलटको आवश्यकता हुने गरेको अन्तर्राष्ट्रिय एक सर्वेक्षणले छ। बेलायत सरकारले २०३६ सालमा २४ जनालाई पाइलट ट्रेडिङको कोटा दिएपछि थियो र केही सर्वसाधारणले पाइलट बन्ने मौका पाएका थिए। एउटा मात्र शानेवानि भएको अवस्थामा त्यो बेला पाइलटको कमी नदेखिए पनि अहिले बढ्दो हवाई कम्पनीहरूको प्रभावले पाइलटको अभाव देखिएको छ।

# कसरी पढ्न सकिन्छ पाइलट

**सामान्य रूपमा** पाइलट पढ्नेहरू कुलघरानाको हुनु पर्छ भन्ने मान्यतालाई नैतिक रूपमा समर्थन गर्न नसकिए पनि नेपालको परिप्रेक्ष्यमा यो सत्य नै रहँदै आएको छ। पाइलट पढ्न कम्तीमा पनि २५ लाख रुपैयाँ खर्च गर्नुपर्छ। सामान्य नेपालीले यो पहुँच राख्दैनन्। लामो समयदेखि हवाईक्षेत्रमा संलग्न गोविन्द पौड्याल भन्छन्, 'सामान्य नेपालीले अहिले पनि २५ लाख सजिलै तिर्न सक्दैन अनि पाइलटको अभाव स्वतः कम हुन्छ।'

सन् १९९८ अगाडिसम्म एसएलसी पास गरेकाले अमेरिका अथवा क्यानडामा गएर नौ महिनामा पाइलट बन्न सकिन्थ्यो। सन् ९८ पछि नागरिक उड्डयन प्राधिकरणले विज्ञान विषयमा भौतिकशास्त्र र गणित लिएर आइएस्सी पढेको हुनु पर्ने नियम बनाएको छ। पाइलट ट्रेनिङ सेन्टरमा कम्तीमा पनि १५ सय घन्टा उडेर पाएको लाइसेन्स ल्याएर हवाई सुरक्षाविभागले लिने परीक्षामा उत्तीर्ण भएपछि मात्र नेपालमा हवाईजहाज उडाउनका लागि एटिपिल (हवाई यातायात पाइलट लाइसेन्स) पाउने प्रावधान छ।

सेप्टेम्बर ११ को आतंककारी हमलापछि अमेरिकाले पाइलटकोर्सको लागि पूर्ण बन्देज लगाएकाले पनि अहिले नेपालमा पाइलटको अभाव देखिएको बताउँछन्, शानेवानिका पाइलट राकेश राणा। अमेरिकाको ढोका बन्द भएपछि भारत, बंगलादेश तथा फिलिपिन्समा समेत नेपाली युवा पाइलटिङका लागि जाने गरेका छन्। अमेरिकामा बन्देज भएपछि दक्षिणअफ्रिका समेत पाइलट बन्ने क्रेज बोकेका नेपालीका लागि गन्तव्यस्थल बनेको छ।

अमेरिकामा जस्तो अन्य मुलुकमा पाइलटिङ गर्न सजिलो नभएको बताउँछन्, क्याप्टेन सौमित्र सरकार। उनी भन्छन्, 'नौ महिनामा तालिम सिध्याएर आउनासाथ 'इजिमनी'को बाटो खुलिहाल्ने हुँदा धेरैजसो अमेरिका जाने गरेका थिए।' अन्य मुलुकमा यही नौमहिने कोर्स सिध्याउन दुईदेखि ३ वर्षसम्म लाग्ने गर्छ। ■

# व्यक्तिगत हवाई लाइसेन्स ?

**कतिपय मुलुकमा** व्यक्तिगत हवाई लाइसेन्स लिनु सामान्य मानिन्छ। हुनेखानेहरूले निजी हेलिकोप्टर तथा हवाई जहाजका लागि सजिलै व्यक्तिगत हवाई लाइसेन्स पाउने प्रावधान छ। तर, नेपालमा सामान्य नागरिकले व्यक्तिगत हवाई लाइसेन्स लिने परिपाटी बसेको छैन। आफ्नो निजी हेलिकोप्टर चालक आरके प्रधानमार्फत राजा वीरेन्द्रले हेलिकोप्टर चलाउन सिकेका भए पनि वीरेन्द्रलाई हवाई लाइसेन्स भने दिइएको थिएन।

तत्कालीन युवराज दीपेन्द्रकै चाहनानुसार पहिलोचोटि सिभिल एभिएसनले उनलाई कमर्सियल पाइलट लाइसेन्स प्रदान गरेको थियो। दीपेन्द्रबाहेक राजपरिवारका अन्य कुनै पनि सदस्यले व्यक्तिगत हवाई लाइसेन्स लिएका छैनन्। कमर्सियल पाइलट लाइसेन्स लिनका लागि नागरिक उड्डयन प्राधिकरणको तोकिएको जाँचपास गर्नु पर्ने नियम छ। १५ सय घन्टा उडेपछि प्राधिकरणले यो लाइसेन्स प्रदान गर्छ। ■









माओवादीले सेनाबाट खोसेको एट्विन मोर्टार प्रहार गर्ने उपकरण

# सशंकित र सतर्क

**दलहरूबाट धोका भएमा भोलि फेरि जनता यसरी नै उतारेर अन्तराष्ट्रिय समुदायसहित सबै शक्तिलाई जनचाहनाको बाटोमा हिंड्न बाध्य पार्न सकिने विश्वासका साथ माओवादी नेताहरू छापामारलाई लामो युद्ध लड्नु पर्ने कुरा संकेत गरिरहेका छन्।**

## मुलुकभर माओवादी सभा

जनआन्दोलनको सफलताले प्रतिनिधिसभा पुनर्स्थापित भएपछि युद्धविराम गरेका माओवादी राजधानी काठमाडौंलगायत सशस्त्र विद्रोही मुलुकभर खुला सफा गर्न व्यस्त छन्। नेपालगञ्ज, झापा, इटहरी, मोरङमात्र होइन, मुलुकका थुप्रै स्थानमा यसबीच माओवादीका खुला सफा भइसकेका छन्।

सुन्सरीको इटहरीमा यो साता माओवादीको खुला कार्यक्रम देखेर सर्वसाधारण छक्कै परे। गणतन्त्रका चर्का नारा लेखिएका ब्यानर टाँगेर आएको बसबाट मानिसहरु फुत्तफुत्त भुइँमा झर्दै थिए। उनीहरु अल्मलिएको देखेर एउटा अधवैंशे पुरुष तातो घाममा तप्तपी पसिना चुहाउँदै चिच्याए, 'यता है, यता!' बसबाट ओर्लिएका मानिसलाई बाटो देखाएपछि उनी यो संवाददाताको छेवैमा आएर उभिए। र, एकैछिनको कुराकानीमा आफ्नो भेद खोले, 'म आठौं दलको मान्छे परें।' आठौं दल, अर्थात् माओवादी। मोरङको बाहुनीबाट आएका यी आठौं दलसम्वद्ध कार्यकर्ताले वैशाख १८ गते इटहरीमा आयोजित माओवादीको खुला सभामा गाउँगाउँबाट ल्याइएका मानिसलाई कार्यक्रम स्थल देखाउने जिम्मा पाएका थिए।

शाही सेनाको पूर्वी पृतना रहेकै सहरमा उनले आफूलाई निर्धक्क माओवादी भन्नु जति अचम्म थियो, केही बेरमै त्योभन्दा बढी उदेकको दृश्य देखियो। लामो बाँसमा सिउँरिएको रातो झण्डा फर्फराउँदै आएको बसबाट एक हुल युवा 'माओवादी जिन्दावाद'को नारा लाउँदै ओर्लिए। उनीहरु जनता माविको मैदानमा भेला भएका सर्वसाधारणको ग्यालीमा मिसिएर नगर परिक्रमा गर्न अघि बढे। सहरको चौक–चौकमा हतियार लिएर बसेका प्रहरी र सेना दिउँसै व्यस्त बजारमा 'माओवादी जिन्दावाद'को नारा लाग्दा पनि नसुने झैं थिए। सरकारले युद्धविरामको औपचारिक घोषणा गर्नुअघि नै माओवादीको यस्तो सहरकेन्द्रित गतिविधि साँच्चै उदेकको थियो।

वैशाख १३ गते तीन महिनाका लागि एकतर्फी युद्धविराम घोषणा गरेका माओवादी अहिले सहर–सहरमा शान्तिपूर्ण सभा गर्न व्यस्त छन्। पूर्वमा माओवादीका केन्द्रीय सदस्य दिनेश शर्मा, अनेरास्ववियु (क्रान्तिकारी)का केन्द्रीय सचिवालय सदस्य सीबी कडरिया, मधेसी राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय कोषाध्यक्ष शिवकुमार मण्डल र अनेमसंघका शिवा हमाललगायतका नेता सार्वजनिक भएका छन्। माओवादीको सहरकेन्द्रित सभामा गाउँबाट सर्वसाधारणबाहेक तिनका प्रतिवद्ध कार्यकर्ता पनि उत्तिकै आएका भेटिन्छन्।

वैशाख १८ गते इटहरीको सभामा ओखलढुंगाको रुम्जाटार आक्रमणमा दाँया खुट्टा गुमाएका माओवादी छापामार श्याम बस्नेत पनि आएका थिए। भरौल–३, सुनसरीका बस्नेतले सेक्शन भाइस कमाण्डरको रुपमा २०५९, कात्तिक १० गते रुम्जाटार विमानस्थलमा तैनाथ सुरक्षाफौजमाथिको आक्रमणमा भाग लिएका थिए। खुट्टा खोल्ल्याङ–खोल्ल्याङ गर्दै इटहरी आइपुगेका २२ वर्षीय बस्नेतलाई पनि व्यस्त सहरमा दिउँसै 'माओवादी जिन्दावाद'को नारा लाग्दा बेग्लै अनुभव भइरहेको थियो। 'पहिलो युद्धविराम हुँदा हामीले विराटनगरमा यस्तो नारा लाएका थियौं' बस्नेतले भने, 'त्यतिबेला युद्धविराम दुईतर्फी थियो, अहिले त अचम्मै भइरहेछ।'

युद्धविराम दुईतर्फी नबनेको अवस्थामा माओवादीले यस्ता सहरकेन्द्रित खुला कार्यक्रम

**अहिले मुलुक** युद्धविराम छ । यो अवधिमा सशस्त्र विद्रोही माओवादीद्वारा आफ्ना छापामारहरूलाई के काम दिइन्छ ? चौथो डिभिजनका कमिसार तथा केन्द्रीय सदस्य सुरेश सिंह भन्छन्, 'रक्षात्मक अवस्थामा रहेर जनसेवाका काम हुन्छ ।' के कस्ता जनसेवाका काम ? यसको जवाफमा स्पष्टता नभए पनि उनले रक्षात्मक र सतर्क अवस्थामा रहने सम्बन्धमा केही विस्तार लगाए । भर्खरै मात्रै युद्धविराम भएकाले जनसेनाका काम कारबाहीबारे नयाँ योजना नबेको हुँदा जनसेवाका प्रकार स्पष्ट हुन सकेन । तर, संविधानसभाको आफ्नो मागबारे सरकारले निर्णय गरिसक्दा समेत माओवादीमा राज्यमाथि प्रशस्त शंका विद्यमान रहेको प्रस्ट झल्को सिंहका अभिव्यक्तिमार्फत भेटियो ।

अघिल्लो साता कास्की, लमजुङ र तनहुँको त्रिवेणी ठाउँ सिसाघाटमा झन्डै एक हजार माओवादी छापामार भेला भएका थिए । माओवादीका सात डिभिजनमध्ये चौथो डिभिजनभित्र पर्ने तीन ब्रिगेडमध्येका दुई ब्रिगेडका केही छापामार मात्रै थिए ती । ती छापामारहरूको हुटहुटी बढाउने गरी र माओवादीका आगामी योजनाबारे प्रस्ट पार्न डिभिजन कमिसारले सम्बोधन गरेका थिए । उनका अभिव्यक्तिको सार थियो, 'अहिलेको अवस्थामा राज्य कुनै पनि प्रकारको जालझेल र षड्यन्त्रमा लाग्न सक्छ । त्यसैले फेरि पनि युद्धका लागि सतर्क रहनु आवश्यक छ ।'

त्यसो त त्यसको अघिल्लो दिन माओवादीका पछिल्ला धारणा सार्वजनिक गर्न माओवादी गण्डक क्षेत्रीय ब्युरोद्वारा आयोजित सभालाई सम्बोधन गर्दासमेत ब्युरोप्रमुख तथा केन्द्रीय सदस्य टोपबहादुर रायमाझीले सरकारप्रति उत्तिकै शंका व्यक्त गरेका थिए । दुवैको आशय थियो, 'अझै पनि जुनसुकै बेला षड्यन्त्र र जालझेल हुन सक्छन् । त्यसैले सतर्क रहनु पर्छ ।' समयको कठिन विन्दुमा इतिहास उभिएको यस्तो अवस्थामा त झन् बढी सकर्तता बढाउनु पर्ने कुरामा जोड दिन्छन् कमिसार सिंह । छापामारहरूलाई सम्बोधन गर्दै उनले भने, 'अब अहिलेसम्मको भन्दा ठूलो आँधिबेरी सिर्जना पनि गर्नुपर्ने हुन् । त्यसैले आन्दोलित मनस्थितिलाई अलिकति पनि ठण्डा बनाउनु हुन्न ।'

अहिले पनि राजाबाट थुप्रैखाले षड्यन्त्रका खेल भइरहेको र दलहरूले आफूहरूसँगको सहमतिबमोजिमको विन्दुमा जान खुट्टा कमाइरहेको ठम्याइमा माओवादी रहेको बुझ्न सकिन्थ्यो, केन्द्रीय सदस्यद्वय रायमाझी र सिंहको अभिव्यक्तिबाट । त्यसो त चौथो डिभिजनका सह कमान्डर प्रतीक्षाले त संविधानसभा तत्कालको निकासका लागि एउटा कार्यनीति मात्रै भएको सुनाएन् । उनका अनुसार दीर्घकालीन माओवादी जनयुद्धको दीर्घकालीन लक्ष्य समाजवाद र साम्यवादमा नपुग्दासम्म लडाइँ जारी राख्न आवश्यक छ ।

नेपाल आमाका १५ हजार छोराछोरीको बलिदान गरिसकेको माओवादी अरू बलिदानका लागि पनि आवश्यक परे तयार रहेको बताउँछन् रायमाझी, तर कमभन्दा कम रक्तपातबाट मुक्ति हुन्छ भने किन पाइला नचाल्ने भनेर नै लोकतान्त्रिक गणतन्त्रका लागि संविधानसभा निर्वाचनमा सहभागी हुन लागेको उनले बताए ।

संविधानसभा हुनुअगाडि जनआन्दोलन दबाउन सक्रिय रहेका अपराधीहरूलाई कारबाही गर्नु पर्ने कुरामा पनि माओवादीको जोड छ । त्यस्तो नभएमा संविधानसभाको निर्वाचनमा फेरि तिनीहरूले फणा उठाउन सक्ने बताउँदै रायमाझी भन्छन्, 'शाही सेनाका केही जर्नेलहरू, कमल थापा र श्रीसशम्शेर राणाहरू लगायतका लागि जेल नहालेसम्म दण्डहीनता रहिरहन्छ ।' प्यारजंग थापा जस्ता आन्दोलनविरोधीहरूकै नेतृत्वमा जनसेनालाई गाभ्न असम्भव हुने पनि उनको कथन छ । माओवादीले यस्ता विभिन्न खाले मुद्दाको ठ्याक्कै छिनोफानो र टुंगो नभएसम्म युद्ध लडिरहनु पर्ने बताउँदै छापामारहरूलाई सतर्क रहन भनेका छन् । युद्धविराम अवधिमा पनि उनीहरूलाई युद्धअभ्यासमा लागिरहन र हतियारमा खिया लाग्न नदिन कमिसार सुरेशले निर्देशन दिए ।

जनआन्दोलनमा उर्लेका जनताकै कारण राजाले घुँडा टेकेको मात्रै नभई अन्तराष्ट्रिय समुदाय समेत आफ्नो अडान फेर्न बाध्य भएको माओवादी बुझाइ छ । भोलि फेरि दलहरूबाट धोका भएमा जनता यसरी नै उतारेर अन्तराष्ट्रिय समुदायसहित सबै शक्तिलाई जनचाहनाको बाटोमा हिँड्न बाध्य पार्न सकिने विश्वासका साथ नेताहरू छापामारलाई लामो युद्ध लड्नु पर्ने कुरा संकेत गरिरहेका छन् ।

**■ केशव लामिछाने/सिसाघाट, तनहुँ**

कसरी गर्न सक्यो ? गणतान्त्रिक मोर्चाका मेची-कोसी संयोजक श्री जवेगुको भनाईमा आम गिरफ्तार दिने अठोट लिएकोले माओवादीमा सहरमै खुला सभा गर्ने आँट आएको हो । 'हामी गिरफ्तारी दिने आँट गरेर सहर छिरेका हौं' जवेगु भन्छन् । तर, यो आँट र अठोटभन्दा पनि सरकार (सात दल)ले अहिले केही गर्न सक्दैन भन्ने बुझेरै माओवादी विस्तारै खुला राजनीतिमा आउन थालेको हुनसक्छ । जवेगु आफैं भन्छन्, 'अहिले सरकारले हामीलाई पक्राउ गऱ्यो भने जनताले उसको शान्तिविरोधी हर्कत बुझिहाल्छन् नि !'

त्यसो त, वैशाख १४ गते विराटनगरको सहिद रंगशालामा माओवादीले करिब ३ घण्टा खुला सभा गर्दा शाही सेनाले हस्तक्षेपको प्रयास नगरेको हैन । सेनाले केही बेर रंगशालाको आकाशमा हवाई गस्ती गर्नुका साथै कार्यक्रम सकिएपछि दिनेश शर्मालगायतका माओवादी नेता चढेको माइक्रोबसलाई मिलनचौकसम्म खेदाएको थियो । तर, त्यसपछि माओवादीका कुनै कार्यक्रममा हस्तक्षेप प्रयास भएको छैन । वैशाख १५ गते झापाको विर्तामोडमा पनि खुला सभा भयो, जहाँ माओवादीका केन्द्रीय सदस्य गौरीशंकर खड्का सार्वजनिक भए । धनुषा र सर्लाहीमा पनि माओवादीका खुला सभा भइसकेका छन् ।

संविधानसभा र लोकतान्त्रिक गणतन्त्रका पक्षमा




जनमत बनाउन माओवादी नेताहरु सहर छिरेको बेला तिनको सैन्य दस्ता चाहिँ के गर्दैछ त ? विप्लव-सिर्जन स्मृति ब्रिगेडका कमिसार प्रवाहका अनुसार, अहिले माओवादी सेना सहर छिरेका नेताको सुरक्षामा जुटेको छ । 'हाम्रा सेना अहिले रक्षामा केन्द्रित छ' प्रवाह भन्छन् । यसैले, पहाडी क्षेत्रमा खटिएका माओवादी सेना अहिले सहरका छेउछाउ आइपुगेका छन् । सात दलले प्रतिनिधिसभा पुनर्स्थापनाको स्वागत गरेको विरोधमा वैशाख १४ गते सुनसरीको वराहक्षेत्र-२, बयरबनको आदर्श उच्चमाविमा आयोजित सभामा विप्लव-सिर्जन स्मृति ब्रिगेडका दुई टुकडी छापामार तैनाथ थिए । बयरबन धरानदेखि करिब १० किलोमिटरमात्रै पूर्व पर्छ ।

त्यसअघि, वैशाख ९ गते मोरङको केराबारीमा आयोजित सभामा पूर्वी कमाण्डअन्तर्गतको सोलु-सल्लेरी, छिन्ताङ-सुखानी र विप्लव-सिर्जन स्मृति ब्रिगेडका टुकडी मिलाएर बनाइएको सैन्य दस्ताले सुरक्षा दिएको थियो । केराबारी महेन्द्र राजमार्गको खोर्सानिबाट करिब ७ किलोमिटर उत्तर पर्छ । त्यहाँ माओवादी सेनाले आफूसँग रहेको एके-४७ र टु-इन्च मोर्टार पनि प्रदर्शन गरेको थियो । माओवादी नेताहरु सहर पसेकाले तिनको सुरक्षाका लागि सशस्त्र छापामार पनि सहर छेउछाउ आइपुगेको स्रोत बताउँछ । तर, नेतालाई सुरक्षा दिने नाउँमा सहर छेउछाउ आइपुगेका माओवादी सेनाको अर्को उद्देश्य चाहिँ आफ्नो आधुनिक हतियार प्रदर्शन गर्ने र मनोवैज्ञानिक त्रास उत्पन्न गर्ने रहेको देखिन्छ ।

उता झापामा माओवादीले गरेको खुलासभामा पनि हजारौं सर्वसाधारण सम्मिलित थिए । अत्याधुनिक संचारसेट र सादा पोशाकमा देखिएका माओवादी भन्दै थिए- सात दलले धोका दिए राजतन्त्रको चिहानसंगै उनीहरु पुरिनेछन्, त्यो काम जनताले गर्छन । माओवादीका मेची अंचल उपब्युरो इर्न्लाज राजेन्दले कार्यक्रमलाई संवोधन गर्दै भने- राजतन्त्रको अन्त्य नभएसम्म हामी लडिरहन्छौ ।

**■ ओमआस्था राई/धरान**

*(झापामा मदन खरेलको सहयोगमा)*



# 'मैले न्याय पाउँछु त ?'

■ दीपाञ्जली मोक्तान

**नागरिक प्रशासनका कर्मचारीलाई सरकारको आदेशको अवज्ञा गर्ने अलि बढी स्वतन्त्रता हुन्छ, तर फौजीहरूलाई त्यसो नहुन पनि सक्छ । फौजले अवज्ञा गर्दा मुलुकमा अराजकता फैलिन सक्ने सम्भावनाका कारण नै फौजीहरूले यस्ता आदेशको अवज्ञा गर्दैनन् ।**

**म, दीपाञ्जली मोक्तान,** वर्ष ३९, नाताले नेपाल प्रहरीका एआइजी रूपसागर मोक्तानकी श्रीमती । मेरो कुरो कतै कसैले नसुनेका र नछापेकाले आज म *समय*का मार्फत आफ्ना पीडा पोख्दै मानवीय न्यायका लागि याचना गर्दैछु । जनआन्दोलनको क्रममा शान्ति सुरक्षा कायम गर्ने काममा मेरा पति एउटा प्रहरी अधिकृतका हैसियतले खटिएकाले धेरैको नजरमा म एक खलनायिका हुन सक्छु, तर त्यसो होइन । म एउटी सामान्य गृहिणी हुँ र छु । आज मैले यो पीडा पोख्नुको कारण यति मात्र प्रश्न उठाउनका लागि हो, फौजीले आफ्ना अफिसरको आदेश मान्ने कि नमान्ने ?

मेरो विचारमा भोलि आन्दोलनकारीहरूकै सत्ता रहला वा कुनै अरू शक्तिको सत्ता रहला, तर राष्ट्रप्रति समर्पित एउटा सिपाहीको कर्तव्य उसका हाकिमहरूको आदेश मान्ने हुन्छ । सायद मेरा पतिले त्यसैको पालना गरे । नागरिक प्रशासनका कर्मचारीलाई सरकारको आदेशको अवज्ञा गर्ने अलि बढी स्वतन्त्र हुन्छ, तर फौजीहरूलाई त्यसो नहुन पनि सक्छ । फौजले अवज्ञा गर्दा मुलुकमा अराजकता फैलिन सक्ने सम्भावनाका कारण नै फौजीहरूले यस्ता आदेशको अवज्ञा गर्दैनन् ।

तर मेरो पीडा भने अर्कै छ, संयोगवश, जनआन्दोलनको क्रममा सबैभन्दा चर्चित गंगबु क्षेत्रमा नै मेरो घर रह्यो । एउटा राष्ट्रसेवकका नाताले जनआन्दोलनमा मेरो वा हाम्रो परिवारको व्यक्तिगतरूपमा कुनै असहमति र सहमति थिएन । खास कुरो भने चैत २९ गतेको नै हो ।

त्यो दिनको घटना सम्झँदा आङ जिरिंग भएर आउँछ । त्यो घटनापछि म र मेरा श्रीमान् अझैसम्म आफ्नो घरमा निर्धक्क बस्न पाएका छैनौं । काठमाडौंमा वास खोजेर हिँडिरहेका छौं अहिले । अझै पनि पटक पटक अपरिचित मान्छेहरू हाम्रा घरमा आएर जलाउने धम्की दिने र हामीलाई मार्नेसम्मका धम्की दिने गरेका छन् ।

फेरि त्यति बेलैको कुरो गरौं, सात राजनीतिक दलले चैत २४ देखि २७ गतेसम्म आमहडतालको कार्यक्रम राखेका थिए । त्यस क्रममा मेरो घर भएको गंगबु क्षेत्रदेखि कलंकीसम्मको क्षेत्र सशस्त्र प्रहरी बलले सुरक्षा दिने जिम्मामा परेको रहेछ । आमहडतालका सुरुका दिनहरूमा मेरो घरमा छिटपुट ढुंगा हान्ने गरे पनि अवस्था केही शान्त नै थियो, तर एक्कासि चैत २९ गते दिउँसो मेरो घरमा चारैतिरबाट ढुंगा वर्षन थाले । झ्यालका सिसा फुटे । त्यस क्रममा एउटा अश्रुग्याँसको सेल मेरो घरको कम्पाउन्डमा खस्यो । त्यसको केही समयपछि एक हुल मानिस आएर यहाँबाट गोली हान्ने को हो निकाल भन्दै आए । करिब एक बजेतिर मेरो घरअगाडि टायर बाल्न सुरु भयो । बाहिरबाट एक राउन्ड फायरिङ भयो । त्यसपछि के भयो भनेर म घरबाट बाहिर निस्केर हेर्दा गेटअगाडि मानिसहरू कराइरहेका रहेछन् । यो देखेर घरमा रहेका सुरक्षाकर्मीलाई संयमित भएर भित्रै बस्न अनुरोध गर्दै म आफै गेटतिर गएँ । करिब २० जना प्रेस लेखेको ज्याकेट लगाएका, युएन र रेडक्रसका मानिस पनि रहेछन् । मैले के भयो भनेर सोधेँ । उनीहरूले यो कसको घर हो भने । मैले प्रहरीको भनेँ । त्यसपछि यहाँबाट गोली हान्ने को हो भने । मैले यहाँबाट गोली चलाएको छैन भनेँ । आधा घन्टासम्म मैले उनीहरूलाई यहाँबाट गोली नचलेको र गोली चलाउने कुनै मनसाय नभएको भनेर भनेँ तर उनीहरूले कमल थापाको मतियार भनेर गाली गरे । त्यसपछि उनीहरूले सातजना पत्रकार र आठजना मानअधिकारवादीको रोहवरमा तेरो घर खानतलासी गर्छौं र त्यहाँ हतियार भेटियो भने जिउँदै जलाउँछौं भने । मैले एउटा प्रहरीको वरिष्ठ अधिकारीको घरमा सुरक्षाको लागि केही सुरक्षाकर्मी हुन्छन् नै र उनीहरूसँग हतियार हुने बताउँदै 'मेरो घरमा पनि त्यो छ' भनेँ र उनीहरूको त्यो प्रस्ताव स्वीकार गर्न मानिनँ । किनकि पति नभएको अवस्थामा त्यो घरको मूली म थिएँ र मैले सुरक्षामा खटिएका भए पनि उनीहरूको सुरक्षाको जिम्मेवारी मेरो पनि हुन्थ्यो ।

उनीहरूले त्यो समयमा देखाएको व्यवहारले म मानसिकरूपमा जलिसकेकी थिएँ । त्यत्रो ठूलो भीडले जिउँदै जलाउने भनेपछि डराउनुबाहेक अरू विकल्प मसँग थिएन । त्यसपछि उनीहरूले मेरो घरको फोनको लाइनको तार तानेर काटिदिए । जुन फोन अझै अवरुद्ध छ । एउटा देशद्रोहीको रूपमा जुन व्यवहार गरियो त्यसले मलाई ठूलो पीडा दियो । आखिर प्रहरी अधिकृतकी श्रीमती हुनु देशद्रोही पक्कै होइन किनकि जोसुकै सत्तामा आए पनि मेरा पतिले प्रहरीको जागिर फलानो सत्तामा आयो भनेर छोड्दैनन् किनकि उनको मूल कर्तव्य नै राष्ट्रसेवा हो ।

तर मलाई त्यो समयमा आमाको गर्भमा रहँदादेखि फौजीको सरकारी नुन खाँदै आएकोमा धिक्कार लाग्यो । भीडले घेरिरहेको अवस्थामा आमा आउनुभयो । हाम्री बूढी आमा आएर भीडका अगाडि टाउकोमा हात राखेर 'यहाँबाट गोली चलाएको छैन' भनेर कसम खाएपछि पनि भीडले गाली गर्न छाडेन । त्यसपछि गेटमा तीनजना चढेर सिसा फुटाए । त्यसपछि भने घरको सुरक्षार्थ खटिएका सुरक्षाकर्मी हवाई फायर गर्दै बाहिर निस्किए । करिब साढे दुई घन्टासम्म यही अवस्था भयो । बियरको बोतलमा आगो बालेर घरमा हान्न थाले । त्यो दुई घन्टा मृत्युको कल्पना गरेर बस्न म बाध्य भएँ । सुरक्षाकर्मीहरू बाहिर आए पनि मैले गोली चलाउन दिइनँ । मेरो घरअगाडि अग्ला अग्ला अरू घर भएकोले गर्दा हवाई फायर गर्न पनि नमिल्ने भयो । यो अवस्थामा करिब तीन घन्टापछि बाहिरबाट माधव थापाको नेतृत्वमा सुरक्षाकर्मी आए र स्थिति केही साम्य भयो ।

त्यही दिन भिजलान्ते भनेर मेरै छिमेकमा औषधी पसल संचालकले पिटाइ खाए । त्यसपछिका दिनमा पनि यस्ता घटना दोहोरिँदै आए । अहिले पनि मेरो घर सुरक्षित छैन । त्यसैले म आज सर्वसाधारणसमक्ष उभिएकी छु, न्याय माग्न । के मैले न्याय पाउँदिन त ?

*(समय संवाददातासँग कुराकानीमा आधारित)*

▼ एआईजी रुपसागर मोक्तानको घरबाट चैत २९ गते यसैगरी आन्दोलनकारीमाथि ताकेर गोली हानिएको थियो



# लोकतन्त्र सुदृढ पार्न सहयोग



■ मधुसूदन पौडेल/काठमाडौं

**नेपाली लोकतन्त्रको** दिगो विकासका लागि भारत सरकारले एक महत्त्वपूर्ण तर विवादरहित भने नमानिने आर्थिक विकासको अवधारणा 'हिमालयन मार्सल प्लान' अगाडि सारेको छ। आर्थिक संकट व्यहोरिरहेको नेपालको लोकतान्त्रिक सरकारले माओवादी विद्रोह व्यवस्थापन, जनताका आकांक्षा र दीर्घकालीन विकास आयोजना संचालनका लागि आर्थिक अभावको महसुस गर्नु नपरोस् भन्ने लक्ष्यका साथ भारत सरकारले यस प्रकारको प्याकेज अगाडि सारेको जानकारी नेपालस्थित भारतका सम्बद्ध स्रोतहरूले बताएका छन्। आर्थिक विकासका मामिलामा सरोकार राख्ने भारत सरकारका विभिन्न तहका विस्तृत छलफलपछि यो मामिला मध्य वैशाखमा भारतीय प्रधानमन्त्री डा. मनमोहन सिंहसमक्ष प्रस्तुत गरिएको थियो। 'प्रधानमन्त्री सिंहले यसलाई अत्यन्तै सकारात्मक रूपमा लिनुभएको' भारतीय सरकारी अधिकारीका भनाइ बाहिर आएका छन्। प्रधानमन्त्री सिंहका विशेष दूत करण सिंह, विदेशसचिव श्याम शरण र राष्ट्रिय सुरक्षा सल्लाहकार एमके नारायणन् 'मार्सल प्लान' कार्यान्वयनमा विशेष सक्रिय रहेको भारतीय स्रोतले बताएको छ।

नेपालमा वैशाख ११ पछि बहाली भएको लोकतान्त्रिक व्यवस्था संस्थागत गर्न सत्तामा गएका दलहरूका लागि आर्थिक र सामाजिक सुधारमा जनताले प्रत्यक्षतः अनुभूति हुने गरी सुधारका कार्यक्रम अगाडि बढाउनु सबैभन्दा महत्त्वपूर्ण चुनौती हो। राजनीतिक भाषामा जतिसुकै मिठास ल्याए पनि अन्ततः जनताको जीवनस्तरमा परिवर्तन आएन भने राजनीतिक व्यवस्थाप्रति पुनः निरासा बढ्नेछ। र, त्यसले निरंकुशताका पक्षधरहरूका लागि पुनः चलखेल गर्ने मैदान उपलब्ध गराइदिनेछ, जुन २०४६ सालको परिवर्तनपछि नेपालले भोगेको यथार्थता हो। त्यही प्रक्रिया नेपालमा पुनः नदोहोरियोस् भन्ने मामिलामा राजनीतिक दलहरूको सचेतता र यसतर्फको गृहकार्यको कुनै गन्ध नेपाली जनताले पाएका छैनन्, तर नेपाली लोकतन्त्र व्यवस्थापनमा भारत सरकारको गम्भीरता भने यसले निकै हदसम्म प्रस्ट्याएको छ।


प्रतिनिधिसभा पुनःस्थापना नेपालका लागि अहिले सबै राजनीतिक मुद्दाहरू सल्टाउने अन्तिम राजनीतिक विकल्प नभएको राजनीतिक दलहरूले बताएका छन्। माओवादी सशस्त्र विद्रोह समाधान गर्न यो कदम 'प्रस्थान बिन्दु' भएको कुरा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दोहोऱ्याइरहेका छन्, तर जबसम्म सरकारले एक हदसम्मका सामाजिक, आर्थिक सुधारका कार्यक्रम र विकासको गति अगाडि बढाउन सक्नेछैन, तबसम्म राजनीतिक रूपमा सल्टिएका मुद्दाहरू व्यवहारमा लागू गर्न अप्ठेरो पर्नेछ। 'हिमालयन मार्सल प्लान'ले यसतर्फ पर्याप्त ध्यान दिँदै माओवादी समस्या समाधानका लागि नेपालमा खास योजना संचालनमा ध्यान पुऱ्याउनु पर्ने कुरा अगाडि सारेको छ। राष्ट्रिय योजना आयोगका निवर्तमान उपाध्यक्ष डा. शंकर शर्माको विश्लेषणमा माओवादीका हजारौं कार्यकर्तालाई रोजगारीको व्यवस्था नगरिएसम्म समस्याको साँचो व्यवस्थापनमा गाह्रो पर्नेछ। माओवादी समस्या समाधानका कुरा अगाडि सारिरहँदा सरकारमा सामेल दलहरूले यी विषयमा प्राथमिकता दिनु आवश्यक देखिएको छ। संविधानसभाको माध्यमबाट माओवादी नेताहरू सत्तामा पुग्ने तर उनीहरूका कार्यकर्ताहरू रोजगारविहीन अवस्थामा सडकमै रहनु पऱ्यो भने त्यसले मुलुकमा अर्को अराजकता निम्त्याउनेछ। मार्सल प्लानका विस्तृत विवरण नेपाल सरकारले पनि हालसम्म हात नपारेको सरकारी अधिकारीहरूले बताएका छन्, तर भारतीय पक्षबाट आएका विश्लेषणहरूमा माओवादी विद्रोहको साँचो अर्थमा व्यवस्थापनका लागि उनीहरूका कार्यकर्ताको व्यवस्थापन ठूलो चुनौती हुने भएकाले उनीहरूलाई आर्थिक विकासका माध्यमद्वारा रोजगारीको व्यवस्था मिलाउनु पर्ने अवधारणा यसले समेटेको छ।

पछिल्लो समयमा माओवादी सशस्त्र विद्रोह समाधानमा भारत सकारात्मक रूपमा प्रस्तुत भएको छ। र, दल-माओवादीबीचको बाह्रबुँदे समझदारीको कार्यान्वयन हुनु पर्ने मनसाय पनि व्यक्त हुँदै आएका छन्, औपचारिक र अनौपचारिक दुवै रूपमा। 'नेपालमा गठन भएको नयाँ सरकार र माओवादीबीच समझदारी कायम गराउने कुरा ध्यानमा राख्दै' यो योजना अगाडि बढिरहेको भन्न भारतीय सरकारी अधिकारीहरूले छुटाएका छैनन्। लोकतन्त्रको विकास र माओवादी सशस्त्र विद्रोह समाधान खोज्ने मामिलामा तत्काल कतिपय विषयमा लोकप्रिय कार्यक्रम पनि कार्यान्वयनमा लैजानु पर्ने आवश्यकता बोध गरेको देखिन्छ, अवधारणापत्रहरूमा।

### सहयोगका स्वरूप

'यो भारतले अर्को राष्ट्रलाई उपलब्ध गराउन लागेको धेरै ठूलो आर्थिक सहयोग प्याकेज हो', टाइम्स न्युज नेटवर्कले भारतीय सरकारको धारणाका रूपमा यो भनाइ बाहिर ल्याएको छ। नेपाली विज्ञहरूका अनुसार विदेश सचिव श्यामशरण नेपालका लागि राजदूत रहेको समयमै नेपाल सहयोगका खाका तयार गरिएका थिए, तर राजाको प्रत्यक्ष शासनले यी सबै विषय पछाडि धकेलेको थियो।

मार्सल प्लानले नेपालमा पेट्रोलियम पदार्थको आपूर्तिमा दिगो व्यवस्थापनका लागि भारतको बरेलीदेखि अमलेखगंज हुँदै काठमाडौंसम्म पाइपलाइन बिछ्याउने विषयलाई प्राथमिकता दिएको छ। यो नेपालको आर्थिक विकासका लागि निकै महत्त्वपूर्ण सावित हुनेछ। इरानदेखि पाकिस्तान हुँदै भारतसम्म पेट्रोलियम पाइपलाइन बिछ्याएको



**भारतले सार्वजनिक गरिएको 'हिमालयन मार्सल प्लान' कार्यान्वयनमा कति रकम नेपाललाई सहयोग दिइनेछ भन्ने भारतले कतै प्रस्ट पारेको त छैन, तर यसका लागि १२ अर्ब रुपैयाँभन्दा माथि पुग्न सक्ने विश्लेषण छ, अर्थशास्त्रीहरूको ।**

अनुभवका आधारमा सम्भवतः भारतले नेपाललाई पनि यसबाट लाभान्वित हुन भनिरहेको छ । सहज मूल्य र उधारोमा पनि तेल आपूर्ति गरिने कुरा योजनामा प्रस्ट्याइएको छ । पेट्रोलियम उत्पादन नभएको भूपरिवेष्ठित नेपालले तेल आपूर्तिमा दुखः झेल्दै आएको छ । र, नेपालको वार्षिक अर्थतन्त्रमा करिब २० प्रतिशत हिस्सा ओगट्ने तेलबाट समग्र अर्थतन्त्र प्रभावित हुँदै आएको छ ।

नेपालको भुक्तानी सन्तुलनका लागि नगद र ऋण उपलब्ध गराउनु आवश्यक रहेको पनि भार तले महसुस गरेको छ । छोटो र लामो समयावधिका ऋणहरूमा पुनर्विचारका लागि पनि ऊ तयार रहेको देखिएको छ । नेपालको वैदेशिक ऋण भुक्तानीका लागि पनि सहयोग पुऱ्याउने आशय देखिएको छ । संचार उपकरणलगायत भौतिक पूर्वाधार विकासले मार्सल प्लानमा पर्याप्त ठाउँ पाएको छ ।

मास्टर प्लायन पूर्व-पश्चिम रेलमार्गको निर्माण अर्को महत्त्वपूर्ण पाटोका रूपमा अगाडि सारिएको छ । अन्तरदेशीय व्यापार, आन्तरिक आपूर्ति र आवागमनमा रेलमार्गले नेपालको विकासमा पुऱ्याउने योगदान निकै महत्त्वको रहनेछ । सोसँगै भारतको चासो तराईको दक्षिणी भेगमा रहेको हुलाकी सडक विस्तारमा पनि रहेको छ । सडक नपुगेका जिल्लालाई मार्गले जोड्ने र आवश्यकतानुसार जिल्ला जोड्ने सडकहरूको विस्तार गर्ने विषय पनि यातायातसँगै जोडिएर आएको छ ।

भारत र चीनबीचको व्यापार फस्टाउँदै गएको अवस्थामा भारतले काठमाडौं-वीरगंज द्रुत सडक निर्माणमा पनि उत्तिकै चासो राखेको छ । नेपाल दुई देशबीचमा ट्रान्जिट प्वाइन्ट बन्न तयार भएको पृष्ठभूमिमा यो सडकको महत्त्व नेपालका अतिरिक्त भारत र चीनका लागि पनि उत्तिकै रहनेछ । यसको विस्तार चिनियाँ सीमासम्म पुऱ्याउनु दुवै सरकारको प्राथमिकतामा रहने देखिन्छ ।

लगानी भित्र्याउनका लागि प्रारम्भिक सर्तका रूपमा मानिन्छन्, सडक र विद्युत् । त्यसका लागि नेपालमा तत्काल कम्तीमा १ हजार मेगावाट क्षमताको विद्युत् उत्पादन गर्नु पर्ने आवश्यकता अगाडि सारिएको छ । नेपालको विकास मामिलाका कतिपय महत्त्वपूर्ण विषयमा भारतले यसअघि ६ अर्ब रुपैयाँभन्दा बढी सहयोग गर्ने आफ्नो योजनालाई अन्तर्राष्ट्रिय दाताहरूकै अगाडि सार्वजनिक गरेको थियो । यसपटक भारतले सार्वजनिक गरिएको 'हिमालयन मार्सल प्लान' कार्यान्वयनमा कति रकम नेपाललाई सहयोग दिइनेछ भन्ने भारतले कतै प्रस्ट पारेको त छैन, तर यसका लागि १२ अर्ब रुपैयाँभन्दा माथि पुग्न सक्ने विश्लेषण छ, अर्थशास्त्रीहरूको । गरिब मुलुकका लागि दिइने यसप्रकारका सहयोग दाता राष्ट्रको हितअनुकूल हुने र यसको फाइदा उनीहरूले धेरै उठाउने भन्दै यस्ता सहयोगको आलोचना पनि हुँदै आएको छ ।

### आउन थाल्यो नगद

लोकतान्त्रिक सरकारलाई तत्कालको आर्थिक संकट टार्न भारतले नगद सहयोग उपलब्ध गराउन सुरु गरेको छ । त्यसको सुरुवात गरिएको छ, नेपालले पाउने अन्तःशुल्क रकम फिर्तामार्फत । वैशाख १८ मा भारतले १ अर्ब २३ करोड रुपैयाँ नगद नेपाल सरकारलाई उपलब्ध गराएको छ । यसअघि राजाको सरकारलाई रोकिएको २ अर्ब ३२ करोड रुपैयाँबाट यो रकम दिइएको छ र बाँकी रकम पनि तत्काल नेपालले पाउने भएको छ । यसले नवगठित सरकारलाई तत्कालका खर्च चलाउन निकै ठूलो सहयोग मिल्नेछ । राजाको सरकारले खर्च चलाउन आवश्यक रकमको अभावमा ७ अर्ब रुपैयाँ आन्तरिक ऋण लिएको लोकतन्त्र स्थापनापछि खुलासा भएको छ । पछिल्ला महिनामा राजस्व संकलन ऋणात्मक अवस्थामा पुगेको छ । सरकार नगदको अभावमा रहेको बेला भारतले दिएको रकमले सरकारका तत्कालीन खर्च टर्दै जानेछन्, तर सुरक्षामा उल्लेख्य खर्च घटाउन सकिएन भने यो सरकारले पनि आर्थिक संकटको सामना गर्नु पर्नेछ ।

शाही नेपाली सेनाले हतियार खरिद गरेबापत भारतलाई तिर्न बाँकी १ अर्ब ७० करोड रुपैयाँ पनि मिनाहा पाउने सम्भावना देखिएको छ । राजाको सरकारले ५ अर्ब रुपैयाँ नगद तिरेर चीनबाट हतियार खरिद गरेपछि सेनालाई ऋण तिर्न दबाब दिएको थियो, भारत सरकारले । सोही कारण देखाउँदै अन्तःशुल्क रकम पनि फिर्ता गरेको थिएन । ७० प्रतिशत अनुदान र ३० प्रतिशत रकम तिर्ने गरी ल्याइएका हतियारको रकम भुक्तानी नगर्ने मात्रै हैन, आफूलाई चीन सरकारको सहयोग रहेको देखाउन उत्तरबाट हतियार भित्र्याएको थियो सरकारले । अहिले अन्तःशुल्क रकम फिर्ता गर्नुका साथै सेनाको ऋण पनि मिनाहा गर्ने सोचमा भारत सरकार रहेको स्रोतहरूले बताएका छन्, जसका कारण सरकारलाई नगद प्रवाहमा निकै सहयोग हात लागेको छ । यसका साथै अभाव हुँदै गएको भारतीय रुपैयाँ पनि सहयोग पाउने सम्भावना रहेको बताइएको छ । बढ्दो मुद्रा स्फिती, उपभोग्य सामग्रीको अभाव एवं चढ्दो मूल्यप्रति भारत सरकारको चिन्ता सार्वजनिक भएको छ । यिनै कुरा व्यवस्थापनमा तत्कालको भारतीय सहयोग केन्द्रित हुने देखिएको छ ।

### तयार भए दाताहरू

माघ १९ पछि सहयोग स्थगित गरेका दाताहरू अहिले नेपाललाई सहयोग पुनः सुचारु गर्न उत्साहित देखिएका छन् । बजेटरी सपोर्ट, सैन्य सहायता र विकासका लागि उनीहरूको सहयोग उल्लेख्य रहँदै आएको छ । विकास बजेटको करिब सबै रकम दाताको सहयोगमा निर्भर रहेको अवस्थामा सहयोग पुनः सुरु गर्ने र लोकतन्त्रको संस्थागत गर्न सहयोग बढाउने दाताहरूको प्रतिबद्धताले सरकारलाई सजिलो पारिदिएको छ ।

मुख्य रूपमा विश्व बैंकले गरिबी निवारणका लागि घोषित सहयोग राजाको सरकारलाई रोक्का गरेको थियो, जुन ५ अर्ब रुपैयाँभन्दा बढी थियो । र, अन्तर्राष्ट्रिय मुद्रा कोषले पनि यसै शीर्षकअन्तर्गतको सहयोग स्थगित गरेको थियो । आर्थिक सुधारका कार्यक्रम अगाडि बढाउने सरकारी प्रतिबद्धतासँगै उनीहरूका सहयोगले निरन्तरता पाउने अधिकारीहरूले बताएका छन् । नेपालको सहयोग कार्यक्रम सुचारु गर्न अमेरिका, बेलायत र युरोपेली राष्ट्रहरू तयार भएको जानकारी गराएका छन् । उनीहरूले राजाको गैरप्रजातान्त्रिक सरकारलाई सहयोग नदिने घोषणा गरेका थिए । नेपालमा प्रजातन्त्रको संस्थागत विकासका लागि बेलायतको अन्तर्राष्ट्रिय विकास मन्त्रालयको नेपाल कार्यालय (डिएफआइडी) र स्विस विकास नियोग (एसडिसी)को ३५ करोड रुपैयाँ सहयोग रोक्नेसम्मका काम सरकारले गरेको थियो । मध्य तथा दक्षिण एसियाका लागि अमेरिकी सहायक विदेशमन्त्री रिचर्ड बाउचरले काठमाडौंमै आएर 'नेपाल सरकारको आवश्यकतानुसार अमेरिका सहयोग गर्न तयार रहेको बताएका छन्' । युरोपेली मुलुकहरूले सुध्रिएको राजनीतिक वातावरणमा नेपालको विकासमा साथ दिन आफूहरू तयार रहेको बताएका छन् । एसियाली विकास बैंकले मेलम्ची खानेपानी आयोजना सफल बनाउन आवश्यक सहयोग गर्ने र अन्य विकास आयोजनामा पनि रकम उपलब्ध गराउने बताएको छ भने नर्वे पनि रोक्का गरेको रकम पुनः सुचारु गर्न तयार भएको छ । मेलम्ची खानेपानी आयोजनाका लागि उसले दिन लागेको करिब २ अर्ब रुपैयाँ सहयोग शाही आयोगको कथित भ्रष्टाचार प्रकरणपछि स्थगित भएको थियो ।

दाताहरूको सहयोग बढाउने घोषणासँगै सरकारलाई रकमको अभाव अब सकिएको छ । बरु दाताहरूको सहयोग खर्चका लागि सरकारको विकास रणनीति प्रस्टरूपमा अगाडि आउनु पर्ने खाँचो देखिएको छ । वरिष्ठ अर्थशास्त्री डा. राघवध्वज पन्त भन्छन्, 'कतै हामीसँग विकास रणनीति र प्राविधिक ज्ञानको अभाव हुने त हैन भन्ने चिन्ता गर्नु पर्ने अवस्था छ ।' नवनियुक्त अर्थमन्त्री डा. रामशरण महतले यसतर्फ सरकारको सचेतता दर्शाएका त छन्, तर कार्यान्वयनको खाका उनले कसरी कोर्नेछन् भन्ने विषयमा प्रतीक्षा गर्नुको विकल्प छैन तत्कालका लागि । ■

# जनताको जिम्मामा

**जनआन्दोलनले अधिकारविहीन बनाएको राजा रहने/नरहने विषय छिनोफानो संविधानसभाले गर्नेछ। राजा सक्रिय हुँदा शक्तिसम्पन्न हुने दरवारिया राजप्रासादका कर्मचारीले फेरि सक्रिय हुन उक्साइरहने हुँदा पनि राजदरबार प्रशासनको जिम्मा निजामतीको हातमा जानु पर्ने आमधारणा छ।**

■ किरण भण्डारी/काठमाडौं

**राजालाई साँच्चिकै** अधिकारविहीन बनाउने हो भने उनमा राजनीतिक महत्त्वाकांक्षा जागृत गराउने राजपरिषद् र राजप्रासाद सेवाको खारेजी हुनु पर्ने माग जनआन्दोलनको सफलतापछि जोडदार रूपमा उठिरहेको छ।


सामान्य राजनीतिक हैसियत समेत नभएका 'डेट एक्स्पायर' पंचहरूको झुन्ड भनेर चिनिने राजपरिषद्ले सरकारी खर्चमा प्रजातन्त्रको विपक्षमा उक्साएर राजालाई निरंकुश बनाउन प्रेरित गर्ने गरेका प्रशस्त उदाहरण छन्।

उता राजदरवारको प्रशासन र सुरक्षाको जिम्मा लिएर बसेको राजप्रासाद सेवाका उच्चपदस्थ कर्मचारी पनि राजालाई राजनीतिमा सक्रिय पार्न तल्लीन रहने गरेको २००७ देखि अहिलेसम्मको इतिहासले पुष्टि गरेको छ। विज्ञहरूले राजप्रासाद सेवाको खारेजीमा ढिलाइ गर्ने हो भने शासन व्यवस्थाबाट हात उठाएका राजालाई फेरि उक्साउन त्यहाँको उच्चपदस्थहरू लागी पर्ने खतरा औंल्याउँछन्।

राजा वीरेद्रको वंशनाश भएको हत्याकाण्डलगत्तै राजदरवारको सुरक्षा र प्रशासन सरकारको मातहत आउनु पर्ने आवाज उठे पनि अहिलेसम्म हुन सकेको थिएन। आन्दोलनकारी दलहरूले आफ्नो अग्रगामी सुधारको कार्यक्रममा राजदरवारबारे यस्तै धारणा राखेका छन्।

जनआन्दोलनले अधिकारविहीन बनाएको राजा रहने/नरहने विषय छिनोफानो संविधानसभाले गर्नेछ। राजा सक्रिय हुँदा शक्तिसम्पन्न हुने राजप्रासादका कर्मचारीले राजालाई फेरि सक्रिय हुन उक्साइरहने हुँदा पनि प्रशासनको जिम्मा निजामतीको हातमा जानु पर्ने आमधारणा छ।

राजदरवारको प्रशासन निर्वाचित सरकारको



भास्कर ओझा

खटनमा गर्ने सोच बनेको ५ दशक हुन लागेको छ। विपी कोइराला निर्वाचित प्रधानमन्त्री हुँदा नै यो प्रयास भएकोमा सफल हुन नपाउँदै उनी नै राजाद्वारा अपदस्त हुन पुगेका थिए ॥

२०४६ को जनआन्दोलनपछिका सरकारले भने यो विषयमा प्रवेश गर्नेभन्दा पनि राजासँगै अप्राकृतिक सम्बन्धका आधारमा नजिक हुने प्रयासमा नै बढी आफूलाई केन्द्रित गरे। दरवार हत्याकाण्डपछि राजदरवार प्रशासन र सुरक्षा नागरिक प्रशासनको मातहत हुनु पर्छ भन्ने अभिव्यक्ति दिएकै कारण तत्कालीन कांग्रेस प्रवक्ता नरहरि आचार्य कारबाहीमा पर्नुले ठूला दलहरूको त्यतिखेरका रवैया प्रस्ट पार्छ।

आचार्य अहिले पनि आफ्नो मागमा अडिग छन्। 'हामी मुलुकमा गणतन्त्रको विकल्प छैन भनिरहेका छौं। राजाको स्थानका बारेमा संविधानसभाले निर्णय लिनेछ', उनी भन्छन्, 'तर दरवारको प्रशासन अहिले नै सामान्य प्रशासन मन्त्रालय र सुरक्षाको जिम्मा रक्षा मन्त्रालयले लिनु जरुरी छ।'

संविधानसभा निर्वाचनको घोषण प्रतिनिधिसभाले एकमतले गरिसकेको छ। राजनीतिक विश्लेषकहरूले राजाका हाँगाबिगा नछिमल्ने हो भने संविधानसभामा पुग्न सकिँदैन भन्दै राजपरिषद्मा राजप्रासाद सेवाजस्ता संगठन तुरुन्त खारेज गर्न माग गरेका छन्।

एमाले नेता शंकर पोखरेल भन्छन्, 'राजपरिषद् र राजप्रासाद लगायतका निकायको तत्काल खारेज नगर्ने हो भने संविधानसभासम्म पुग्न सकिँदैन।'

३५ वर्षभन्दा बढी राजदरवार सेवामा रहेर सहसचिवबाट जागिर छाडेका डा. सानुभाइ डंगोल 'राजप्रासाद सेवा तत्काल खारेज नगर्ने हो भने राजालाई ढाल बनाएर लुट्न पल्केकाहरूले फेरि चलखेल सुरु गर्ने' बताउँछन्। दरवारका निजीतर्फका डोले, बैठके, भान्छे, नानी, धाई, सुसारे लगायतका कर्मचारीबाहेक संवैधानिक राजालाई अरुको काम नभएको उनी बताउँछन्।

'नेपालको राजनीतिमा राजदरवार' भन्ने विषयमा विद्यावारिधि गरेका डंगोल भन्छन्, 'राजप्रासादका ठूला बडा कर्मचारी आए बाउको गए साहुको भन्ने ढंगले राजालाई उक्साउन तल्लीन रहन्छन्।' निर्वाचित प्रधानमन्त्री विपीले राजप्रासादका कर्मचारीको सट्टा निजामती खटाउन योजना लगत्तै शाही 'कु' भएपछि तुहिएको थियो। तैपनि विपीले त्यसलाई निश्चित आकारबाट फैलिन नदिन राजदरवार सचिवालयलाई निश्चित रकम दिने र त्यसैबाट संचालन हुनु पर्ने नियम बसाइदिएका थिए। पछि पञ्चायतीकालमा केही वर्षमा कल्याणविक्रम अधिकारी दरवारको प्रमुख सचिव बनेपछि त्यो थीति तोडेर मनपरी ढंगको बनाइदिएका थिए।

२०४७ सालमा प्रजातन्त्र पुनःस्थापना भएपछि राजा अधिकारविहीन बने, तर सचिवालयको आकार भने उनी सक्रिय रहँदाकै आकारमा भएकाले राजालाई उक्साउने काम निरन्तर जारी रह्यो। असोज १८ र माघ १९ हुनुमा सचिवालयको उक्साहटको पनि ठूलै अंश छ। 'स्वर्गीय राजा वीरेन्द्रलाई पनि उक्साउने कोसिस भएको थियो', डंगोल भन्छन्, 'तर उनी त्यस्तो स्वभावका थिएनन।'


डा. सानुभाई डंगोल

ज्योति देवकोटा

प्रजातन्त्र स्थापना भएपछि पनि राजदरवार सचिवालयको कार्यशैलीमा खासै फरक आएको थिएन। संवैधानिक राजा भनिए पनि प्रधानमन्त्रीलाई समेत दरवारका विषयमा खासै जानकारी हुँदैनथ्यो। राजदरवार मन्त्रालय प्रधानमन्त्रीले हेर्ने भनी मन्त्रिपरिषद्को कार्यविभाजन नियमावलीमा




श्रीप्रसाद पण्डित

भास्कर ओझा

# मनपरी संचालन

**कुनै कर्मचारी संगठनको** आधारभूत सिद्धान्त, नीति, नियमको पालना समेत नगरी राजप्रासाद सेवाको संचालन राणाकालीन शैलीमा भइरहेको छ। नियुक्ति, बढुवा, सरुवा र अवकाशमा कुनै वस्तुगत व्यवस्था छैन। सबै राजाको स्वविवेकमा छाडिएको छ।

तदर्थवाद हावी भएकाले सीमित संख्यामा रहेका योग्य कर्मचारीले कुनै अवसर पाउँदैनन्। पारिवारिक पृष्ठभूमि र चाकरीमा धाएर राणाकालीन शैलीमा नियुक्ति हुने र राजालाई दाम चढाएर काम थाल्नु पर्ने परम्परा अद्यापि छ। बढुवाका हकमा दुईतीन तहमाथि पनि हुन सक्छ। बहिदारबाट जागिर सुरु गरेका अहिलेका मुख्य प्रमुख सचिव पशुपतिभक्त महर्जन त्यसका उदाहरण हुन्।

स्वाभिमानी स्वभावको व्यक्ति वर्षौंसम्म एउटै पदमा चित्त बुझाउनु पर्छ। कि त पश्चात्ताप गरेर जागिर छाडेर हिँड्नु पर्ने अवस्था छ। न्याय सेवाको अधिकृतबाट दरबार लगिएका गोविन्ददास श्रेष्ठ र नागेन्द्रप्रसाद श्रेष्ठ दरबारमा योग्य व्यक्ति टिक्दैनन् भन्ने उदाहरण हुन्। श्रेष्ठद्वयले नै एलएलएम गरेका थिए। गोविन्ददास स्नातक र स्नातकोत्तरका टपर पनि हुन्, तर उनीहरू दरबारको जागिरमा टिक्न नसकेर बाहिरिएका थिए।

एकपटक मात्र खुला प्रतिस्पर्धाबाट केही अधिकृत लिइएको इतिहास छ। खुला भनिए पनि त्यसमा पनि दरबारसँग पारिवारिक साइनो नै प्रमुख योग्यता मानिन्छ। सामान्यतया मुखिया, खरिदारको पदबाट जागिर सुरु हुन्छ।

निश्चित नियम नभएकाले सिधै उपसचिवमा लिइएका उदाहरण पनि छन्। दरबारका पूर्व सचिव चेतबहादुर कुँवर, अहिलेका संवाद सचिव डा. फणिराज पाठक पारिवारिक पृष्ठभूमिका कारण उपसचिवमा लिइएका हुन्। पाठक पूर्व अंचलाधीश शंकरराज पाठकका छोरा हुन्। दरबारप्रति पारिवारिक वफादारितालाई योग्यता मानिने हुँदा त्यस्ता व्यक्तिलाई सबै पदको बढुवामा ५ अंक दिने चलन हुन्छ।

राजदरबार प्रशासन संचालनमा पनि भ्रष्टाचार व्याप्त भएको आरोप छ, तर कोही पनि मुख खोल्न सक्ने अवस्थामा छैनन्। लेखापरीक्षण समेत नहुने हुँदा जथाभावी ढंगले कार्यसंचालन भइरहेको हुन्छ। प्रमुख राजदरबार पदाधिकारी र लेखा शाखा आर्थिक कारोबारमा संलग्न हुन्छ।

जागिरमा उमेरको पनि कुनै हदबन्दी छैन। राणाकालीन पजनी प्रथा दरबारमा अझ कायम छ। पजनीमा नपरे वा अवकाश नदिइएको खण्डमा बाँचुन्जेल जागिर खान पाइन्छ। प्रमुख राजदरबार पदाधिकारी शारदाप्रसाद प्रधान, मुमा बडामहारानीका निजी सचिव मधुसूदनराज राजभण्डारी, पशुपतिभक्त महर्जन उमेरको हदबन्दीले नछोएका उदाहरण हुन्।

राजदरबार स्रोतका अनुसार ५ सय कर्मचारीमध्ये ५० वर्ष नाघेकाको संख्या नै अधिकांश छ। 'उमेरको मात्र हदबन्दी नभएको होइन राजाले मन पराएका कर्मचारीले ग्रेड पनि असीमित पाउँछन्', दरबारमा ८ वर्ष सेवा गरेका श्रीप्रसाद पण्डित भन्छन्, 'तलब स्केलको तीन गुणासम्म मासिक पारिश्रमिक पाउने कर्मचारीसमेत छन्।'

निजामतीमा विशिष्ट श्रेणीका कर्मचारीले ग्रेड पाउँदैनन्। आर्थिक नियमको त्यो प्रावधान तोड्दै दरबारमा सबै कर्मचारीले जथाभावी ग्रेड खाइरहेको दावी पण्डितको छ। ■

लेखिए पनि त्यो कागजमा मात्र सीमित थियो। मन्त्रिपरिषद् सचिवालयमा राजदरबारसम्बन्धी महाशाखा बाहेक सरकारको मातहतमा दरबार हेर्ने कुनै निकाय थिएन। उक्त महाशाखा पनि पंचायतको परम्पराभन्दा माथि उठ्न सकेको थिएन।

राजाको भेटघाटका बारेमा समेत प्रधानमन्त्रीलाई कुनै जानकारी दिइँदैनथ्यो। सुरक्षा र अन्य विषयमा प्रधानमन्त्रीलाई कुनै सूचना हुँदैनथ्यो भन्ने उदाहरणका रुपमा राजदरबार हत्या काण्डलाई लिन सकिन्छ।

पंचायतीकालमा विभिन्न मन्त्रालयसँग समन्वय गर्ने नाममा सरकारमाथि थोपरिएका डेस्क बाह्रवर्षे प्रजातन्त्रकालमा यथावत् रहे। प्रजातन्त्र बलियो रहेको सुरुका केही वर्ष राजदरबार सचिवालय गतिविधिमा केही संकुचन भने आएको थियो, तर व्यक्तिगत वा संस्थागत हिसाबले सरकारी पदाधिकारीले दरबारलाई रिपोर्टिङ गर्ने चलन यथावत् रह्यो। असोज १८ पछि दरबार प्रशासनको चलखेलमा व्यापकता आयो भने माघ १९ पछि पूर्ण रूपमा हावी भयो।

दरबारको सुरक्षानिकायमाथिको स्वतन्त्र हस्तक्षेप प्रजातन्त्रकालमा पनि यथावत् रह्यो। प्रजातन्त्रले सेनाको वफादारीतामा कुनै परिवर्तन आउन सकेन। संख्याका हिसाबले कम भए पनि प्रजातन्त्रकालमा समेत प्रहरी र गुप्तचर प्रमुखले दरबारलाई नियमित रिपोर्टिङ जारी राखे। 'सुरक्षानिकायका प्रमुखले विभागीय मन्त्री वा प्रधानमन्त्रीसँग कुनै अनुमति नलिई दरबारमा जाहेरी गर्ने काम प्रजातन्त्रकालमा समेत जारी राखे।' पूर्व गृहसचिव श्रीकान्त रेग्मी भन्छन्, 'संसद् त्रिशंकु बनेपछि प्रशासनिक नेतृत्वले पनि दरबारलाई रिझाउन मागेका बेला प्रगति प्रतिवेदन दिन थाले।'

राज्य व्यवस्थाको विषयमा कुनै सूचना लिनु परेका प्रधानमन्त्रीमार्फत आउनु पर्नेमा राजदरबार प्रशासनले मन्त्रालयमा रहेका सम्पर्कसूत्रलाई प्रयोग गर्ने उदाहरण प्रशस्त छन्। मन्त्री, प्रधानमन्त्रीलाई नाघेर दरबारमा प्रतिवेदन पठाउने मात्र हैन त्यसको बोधार्थ सरकारलाई नदिने काम समेत भएका रेग्मी बताउँछन्।

केशवराज राजभण्डारी मुख्य सचिव भएपछि मन्त्रिपरिषद्को प्रस्ताव पहिले दरबार पठाएर 'ग्रिन सिग्नल' लिएर मात्र मन्त्रिपरिषद्मा पेस गर्ने परम्परा नै बसालेका थिए। उनी पूर्वकाले मन्त्रिपरिषद्ले पारित गरिसकेको प्रस्तावमा दरबारको कुनै औपचारिकता पूरा गर्नु पर्ने भएमात्र पठाउने गर्थे।

संवैधानिक भनिएको राजालाई सक्रियतातर्फ तान्नुमा राजप्रासाद सेवाको जति दोष छ नेताहरू चनाखो हुन नसकेको कमजोरी पनि त्यति नै छ। राजभण्डारीले प्रचलित अभ्यास तोडेर दरबारको हस्तक्षेप निम्त्याएकोमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको दरबारप्रतिको बढी भरोसा पनि जिम्मेवार मान्छन् अधिकारीहरू।

गणतन्त्रको माग उठिरहेका बेला राजालाई सचिवालय चाहिन्छ चहिन्न भन्ने विषय आफै गौण हुन सक्ने बताउँदै प्रशासनविद् भोजराज पोखरेल भन्छन्, 'राजाको विषयमा छिनोफानो हुन केही वर्ष



तेजबहादुर बस्नेत

लाग्ला, तर उनी संवैधानिक वा सेरिमोनियल भएर बस्ने हो भने पनि अहिलेको सचिवालयको कुनै जरुरी छैन ।' निजामती कर्मचारीको नेतृत्वमा रहेको चुस्त आकारको सचिवालयबाट राजाका औपचारिक काम संचालन हुन सक्ने पोखरेलको राय छ । राजदरवार हत्याकाण्डको प्रसंग उल्लेख गर्दै पोखरेल 'राजाको सुरक्षा पनि गर्न नसक्ने तर प्रजातान्त्रिक सरकारको गुप्तचरी गर्ने' राजप्रासाद सेवाको औचित्य नभएकोमा जोड दिन्छन् ।

राजप्रासादका अधिकांश कर्मचारी पेन्सन पाकिसकेका भएकाले स-सम्मान अवकाश दिने र बाँकीलाई लोकसेवा आयोगको परीक्षा दिन लगाएर निजामती बनाउन सकिने उनको सुझाव छ । ५ सय हाराहारीमा रहेको राजदरवारमा असी वर्षसम्मका कर्मचारी छन् ।

राजाको नाक, कान, आँखा, दिमागको काम सचिवालयले गर्छ । सचिवालयका सबै कर्मचारीको नियुक्ति, बढुवा, सरुवा सबै निगाहको भरमा हुन्छ । राजभक्ति, वफादारिता, आज्ञाकारिता र गोपनीयता राजदरवार कर्मचारीका प्रमुख योग्यता मानिन्छन् ।

'त्यसैले राजदरवारका कर्मचारीले अतिभक्ति देखाउन राजा नै सर्वोच्च हुनु पर्ने सल्लाह दिन्छन्,' पोखरेल भन्छन्, 'झन् राजा अधिकारविहीन भएको अहिलेको अवस्थामा उनीहरूको काम भनेकै खुराफाती हो ।' २०४७ पछिको बाह्र वर्षको पुनरावृत्ति हुन नदिन पनि राजप्रासाद सेवा तत्काल खारेज गर्नु पर्छ ।

राजाको नाममा तक्मा बाँडेरसमेत मुलुकको निजामती र सुरक्षा प्रशासनलाई दरवारले आफ्नो मुठ्ठीमा राख्ने कोसिस गर्ने हुँदा त्यसको समेत खारेजीको माग भइरहेको छ । 'सेना प्रहरीमा राजाले दिने तक्माको अंक पाइने र त्यसैको बलले पदोन्नति हुने परम्परा अन्त्य गर्नु पर्छ', पोखरेल माग गर्छन् ।

राजप्रासादको खारेजीपछि नोकरी अवधि बाँकी रहेका र पेन्सन नपाकेका कर्मचारीलाई गोल्डेन ह्यान्डसेकद्वारा बिदाइ वा लोकसेवाको प्रक्रिया पूरा गरेर निजामतीमा लान सकिने विकल्पहरू छन् ।

सक्रिय शासनको सुरुवातपछि साढे तीन वर्षअघि कार्यसम्पादन नियमावली परिवर्तन गरी राज्य व्यवस्थाको तल्लो तहसम्म दरवारले गरेको हस्तक्षेपको तत्काल अन्त्य हुनु जरुरी छ । विभागीय प्रमुख, सहसचिव स्तर र प्रहरीमा डिआइजीको सरुवा, बढुवा नियुक्तिमा दरवारले अनुमोदन गर्नु पर्ने प्रावधान विद्यमान छ । माघ १९ पछि पंचायतकालीन प्रचलनलाई समेत उछिन्दै जिल्ला शिक्षा अधिकारी, डिएसपी, स्थानीय विकास अधिकारीको सरुवामा समेत दरवारको हस्तक्षेप सुरु भएको छ ।

राजदरवार प्रशासनलाई अविलम्ब सरकारको पोल्टामा ल्याउनु पर्नेमा कानुनविद्हरू समेत सहमत छन् । राजदरवार विशेष जाहेरी विभागमा आठ वर्ष काम गरेका सर्वोच्च अदालतका पूर्व रजिस्ट्रार श्रीप्रसाद पण्डित भन्छन्, 'खाली दिमाग भूतको घर हुने भएकाले पनि राजप्रासाद सेवा तुरुन्त खारेज हुनु पर्छ ।'

राजप्रासाद खारेज नहुने हो भने यो जनताविरुद्धको षड्यन्त्रमा प्रयोग हुने ठोकुवा पण्डित गर्छन् । निजामतीकरण भएमा दरवारको गोपनीयता भंग हुने राजावादीहरूको तर्क खण्डन गर्दै उनी प्रश्न गर्छन्, 'विदेशीलाई राजाको सचिव बनाउँदा गोपनीयता भंग नहुने निजामतीलाई दिँदा के फरक पर्छ ?' २००८ सालमा राजा त्रिभुवनको सचिवमा भारतीय नागरिक जी नारायणन्लाई नियुक्त गरिएको थियो । ■

## ढुकुटीमा ब्रह्मलुट

**राजदरवारका** नाममा सरकारले दिने बजेट २०५९ असोज १८ को कदमबाट राजाले शासनसत्ता आफ्नै हातमा लिएपछि ह्वात्तै बढेको छ । आर्थिक वर्ष २०५८/५९ सम्म राजदरवार खर्च १५ करोड भएकोमा पछिल्ला तीन वर्षमा विभिन्न शीर्षक गरेर ६० करोड नाघेको छ ।

अर्थ मन्त्रालय स्रोतका अनुसार कागजमा ४० करोडको हाराहारीमा बजेट छुट्याइएको देखिए पनि भैपरी र अन्य खर्चका नाममा निकासा लिएर तीनै वर्षमा ६० करोडभन्दा बढी रकम दरवारले लगेको छ । चालू आर्थिक वर्षमा पनि ३७ करोड विनियोजन भए पनि विदेशभ्रमणको कारण देखाउँदै थप २० करोड रकम दरवारले लगिसकेको छ ।

असोज १८ लगत्तै लोकेन्द्रबहादुर चन्द सरकारको राजदरवार खर्चसम्बन्धी ऐन संशोधन गरी मनखुसी रकम लाने व्यवस्था राखिएपछि राजदरवारको आर्थिक अनुशासनमा चरम विकृति आएको हो ।

राजदरवार पसेको रकमबाट राजपरिवार र कर्मचारीको खर्चको अनुपात के कति छ भन्ने विस्तृत विवरण अर्थ मन्त्रालयलाई समेत छैन । ६० करोडमध्ये राजदरवार प्रशासनको खर्च १५ करोड हाराहारी रहेको स्रोतहरूको दाबी छ ।

दलहरूले प्रतिगमनविरुद्धको आन्दोलनको क्रममा राजदरवार खर्चको विषयलाई मसलेदार नारा बनाए पनि सरकारमा गइसकेपछि यसबारे ठोस धारणा अघि सारेका छैनन् । यद्यपि, अर्थ मन्त्री डा. रामशरण महतले सिंहदरबारमा शपथ खाए राजदरवार खर्च कटौती गर्ने बताएका छन् ।

राजा ज्ञानेन्द्रले सत्तारोहण गरेपछि दरवारले सरकारलाई खर्चको फाँटवारी पठाउन छाडेकाले राजपरिवारका तलबभत्तामा के-कस्तो वृद्धि भएको छ भन्ने आधिकारिक जानकारी कतैबाट पनि पाइँदैन । राजदरवारको स्रेस्ताको लेखापरीक्षण समेत नहुने हुँदा ३ सय प्रतिशतले बजेट बढ्दा पनि कहाँ खर्च भयो भन्ने जानकारी पाउन सक्ने अवस्था छैन । 'राजाका बारेमा संविधानसभाले छिनोफानो गर्नुअघि नै दरवारको लेखापरीक्षण हुने व्यवस्था मिलाउन सकेमात्र पनि धेरै विकृति नियन्त्रण हुन्थ्यो', अर्थ मन्त्रालयका एक अधिकारीले *समय*सित भने ।

राजदरवार खर्चको कुनै औचित्य पुष्टि गर्न जरुरी नभएको ज्वलन्त उदाहरण गाडी खरिद र विदेश भ्रमणमा राष्ट्रिय ढुकुटीबाट करोडौं रुपैयाँ झिकिनुले पुष्टि गर्छ । असोज १८ यताको ३ वर्षमा राजा र युवराजाधिराजका लागि चारवटा सुविधासम्पन्न कार खरिद गरिएको छ । भन्सार छुट गरी भित्र्याइएका ती कारको मूल्य २७ करोड रुपैयाँ छ । ■



भास्वर ओझा

▲ पुन:स्थापित प्रतिनिधिसभा बैठक

# खोल्यो सरकारले बाटो

■ सुवास देवकोटा/काठमाडौं

**जनआन्दोलनको बलमा** पुन:स्थापित प्रतिनिधिसभा र नवगठित सरकारको सुस्तता वैशाख २० पछि हटेको छ। एक साताको ढिलाइपछि विस्तार भएको सातसदस्यीय मन्त्रिपरिषद्ले विस्तारको भोलिपल्टै युद्धविराम घोषणा गर्दै माओवादीलाई वार्तामा आउने अनुकूल वातावरण निर्माण गर्नुसँगै राजाको सरकारले गराएको गत स्थानीय निर्वाचन खारेज गरेको छ। सात दल गठबन्धनमा सरकार गठनबारे सार्वजनिक भएको विवाद र सरकार विस्तारमा भएको ढिलाइले निरास आमनागरिकलाई सरकारको यो निर्णयले उत्साहित पारेको छ। माओवादी विद्रोहीमाथिको आतंकवादी बिल्ला र उसका नेतामाथि जारी 'रेडकर्नर नोटिस' हटाउने तथा माओवादीका सबै नेता तथा कार्यकर्तालाई छाड्ने सरकारको निर्णयले माओवादीसँगको वार्ता तत्काल सुरु हुने वातावरण बनेको छ।

## संसदमा अलमल

■ विश्वमणी पोखरेल/काठमाडौं

**पुन:स्थापित प्रतिनिधिसभाको** तेस्रो बैठक पनि निर्धारित समयमा बस्न सकेन। ढिलो बस्नुका कारण बताइरहनु नपर्ने परम्पराबीच अधिकांश सांसदमा छटपटाहट देखिन्थ्यो। उनीहरू बारम्बार घडी हेर्दथे र चुपचाप बस्दथे। सदन निर्धारित समयभन्दा करिब २ घन्टा ढिलो सुरु भयो, त्यसै दिन सदनले पास गर्ने उद्देश्यले कार्यसूचीमा राखिएका चारवटा सार्वजनिक महत्त्वका प्रस्तावमध्ये एउटै प्रस्तावमाथिको छलफल टुंगिएन। छलफल अर्को बैठकमा सारेर सांसदहरू सिंहदरवारमा सम्पन्न मन्त्रीहरूको शपथ कार्यक्रममा सरिक हुन पुगे।

प्रतिनिधिसभाको बैठक बस्नमा ढिलाइ हुनुका कारण अरू कोही नभएर सात राजनीतिक दलका संसदीय कार्यदलको ढिलासुस्ती नै हो। सात दलका प्रतिनिधिको कार्यदलले प्रतिनिधिसभामा पेस गर्ने विषय आपसमा छलफल गरेर टुंगो लगाएपछि मात्र संसद् सचिवालयको कार्यव्यवस्था शाखामा पुग्ने गरेको छ। त्यसपछि मात्र संसद्का महासचिवले कार्यसूची जारी गर्छन्। कार्यदलको पछिल्लो बैठकबारे जानकारी दिँदै एक सदस्य भन्छन्, 'बिहान ८ बजे बैठक बस्ने कार्यक्रम थियो, सबैजना जम्मा भएर बैठक बस्दा झन्डै दस बज्यो। त्यसैले प्रतिनिधिसभाको बैठक बस्न ढिला भएको हो।'

माओवादीसँगको वार्ता प्रक्रिया अघि बढ्नुले प्रतिनिधिसभाबाट एक मतले पारित संविधानसभा निर्वाचनको बाटो पनि फराकिलो भएको छ ।

मंसिर र चैतमा सशस्त्र विद्रोही माओवादीसँग राजनीतिक संकट समाधानबारे समझदारी गरेका सात संसदीय दलको सरकारले भारतमा बन्दी रहेका माओवादी नेताहरूको रिहाइ प्रक्रिया पनि अघि बढाएको छ । नेपाल सरकारले आग्रह गरे भारतमा बन्दी रहेका माओवादी नेता रिहा गरिने आश्वासन गत साता नेपाल आएका भारतीय कम्युनिष्ट नेता सीताराम येचुरीबाट पाएपछि सरकारले वैशाख २० मा भारत सरकारसँग कुरा गरेको थियो, त्यहाँ थुनामा रहेका माओवादीहरू नेतालाई रिहा गर्न । भारतमा माओवादीका वरिष्ठ नेताहरू मोहन वैद्य (किरण), सिपी गजुरेल (गौरव) लगायत पटना जेलमा केन्द्रीय सदस्यहरूसहित एघार नेता तथा कार्यकर्ता थुनामा छन् । सरकारको नयाँ निर्णयले नेपालमै बन्दी रहेको माओवादी नेता तथा कार्यकर्ता पनि रिहा हुने प्रक्रिया अघि बढ्नेछ । सरकारको नयाँ निर्णयबाट उत्साहित माओवादीले आफ्नो वार्ताटोली तत्काल सार्वजनिक गरेर सरकारसँगको वार्ता अविलम्ब अघि बढाउने संकेत दिएको छ ।

माओवादीसँग वार्ता प्रक्रिया अघि बढाएर शान्ति प्राप्तिको जनाकांक्षालाई सरकारले सकारात्मक दिशामा अघि बढाउनुसँगै शाही सरकारका राजनीतिक नियुक्ति खारेज पनि गरेको छ । माघ १९ पछि राजाको शासनको पक्षमा उत्रिएका र आन्दोलनकारीको आक्रोशको तारो बनेका क्षेत्रीय र अञ्चल प्रशासक पद नै खारेज गरेको छ भने जिल्ला विकास समितिका मनोनीत पदाधिकारीलाई पनि सरकारले बर्खास्त गरेको छ । आन्दोलनको भावनानुसार सरकारले छिटो काम गर्न नसकेकोमा क्षुब्ध आन्दोलनकारीलाई सरकारको यो गतिले राहत दिने निश्चित छ । सरकार अझै तीव्र गतिमा जनकांक्षा पूरा गर्न लाग्ने बताउँदै सरकारका उपप्रधानमन्त्री केपी शर्मा ओली भन्छन्, 'माओवादीसँगको वार्ता छिटै प्रारम्भ हुनेछ, मुलुकलाई संविधानसभातर्फ अघि बढाउन सरकार तीव्र गतिमा लाग्नेछ ।'

## ज्ञवालीमाथि आक्रमण

**संविधानसभा र** लोकतन्त्रको पक्षमा निरन्तर क्रियाशील एमाले केन्द्रीय सदस्य तथा सांसद प्रदीप ज्ञवालीमाथि वैशाख १९ मा गणतन्त्रको नारा लगाउने अज्ञात समूहले सिंहदरवारअघि रहस्यमयरूपमा सांघातिक आक्रमण गरेको छ । कीर्तिपुरबाट आएको 'लाठी जुलुस'को कार्यक्रम समाप्तिपछि बाँकी रहेको भीडले मन्त्रीहरूको शपथग्रहणबाट फर्केका ज्ञवालीमाथि लाठी र मुक्का प्रहार गरेको थियो । 'भीडकै केहीले नबचाएको भए दुर्घटना हुनसक्थ्यो', ज्ञवाली भन्छन् । 'जनअधिकार र अग्रगमन पक्षमा निरन्तर क्रियाशील राजनीतिज्ञलाई आन्दोलनकारीकै नाममा आक्रमण हुनु निन्दनीय हो । यसले अन्य नेतामाथि पनि भौतिक आक्रमणको खतरा रहेको संकेत गर्छ', एमालेका अर्का नेता शंकर पोखेल भन्छन् ।

### सरकार विस्तारको किचलो

प्रतिनिधिसभा पुनःस्थापनलगत्तै नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको स्वास्थ्य अचानक बिग्रनु र सात दलले उनलाई नै प्रधानमन्त्रीमा चयन गर्नुले प्रतिनिधिसभा र सरकारको काममा ढिलाइ सुरु भएको थियो । नेपाली कांग्रेस र एमालेबीच मन्त्रालय भागबन्डामा देखिएको किचलोले सरकार विस्तारमा अरू ढिलाइ गऱ्यो । एमालेले गृह र रक्षा मन्त्रालयमध्ये एक माग्नु, तर कांग्रेस दिन तयार नहुनुले उनीहरूबीच विवाद चरम अवस्थामा पुग्यो । विवादकै कारण एमाले स्थायी समितिले सरकारमा सम्मानजनक सहभागिता नभए पार्टीले सरकारलाई बाहिरै बसेर सहयोग गर्न सक्ने निर्णय गऱ्यो, तर सात दलका नेताहरूको आग्रहमा परराष्ट्रसहित उपप्रधानमन्त्रीमा सहभागिता जनाउन एमाले अन्ततः मन्जुर भयो । स्थायी समितिको निर्णयविपरीत पार्टी सरकारमा सहभागी भएको बताउँदै प्रदीप नेपालले स्थायी समिति सदस्यबाट राजीनामा दिएर पार्टीको विवाद सार्वजनिक गरे । वैशाख २० गते एमाले स्थायी समितिको अर्को बैठकले नेपाललाई आत्मालोचनासहित राजीनामा फिर्ता लिन निर्देशन दिएको छ, तर नेपालले पुरानो निर्णयमा अडिग रहेको बताएर विवाद समाप्त नहुने सन्देश दिएका छन् । ओलीलाई सरकारमा पार्टी नेता बनाउने निर्णय सर्वसम्मतिले भए पनि माओवादीसँगको दोस्रो वार्तामा संलग्न झलनाथ खनाल र वामदेव गौतम पनि ओलीको चयनसँग सन्तुष्ट नरहेको एमालेवृत्तमा बताइन्छ ।

सरकार गठनको किचलोले नेपाली कांग्रेस पनि प्रभावित भएको छ । एमालेसँगको कांग्रेसको विवादकै कारण महामन्त्री रामचन्द्र पौडेल मन्त्री बन्न चुकेका छन् । उपप्रधानमन्त्री एमालेलाई दिने सहमतिले पौडेलको सरकार प्रवेश सम्भव भएन, किनभने सभामुख भइसकेका पौडेल प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालापछि वरिष्ठ मन्त्री हुने थिए र त्यस्तो स्थिति प्रतिनिधिसभाको ठूलो दल एमालेलाई मान्य भएन । कोषाध्यक्ष महन्थ ठाकुरको मन्त्रीवरण कांग्रेसमा स्वभाविक मानिए पनि रामशरण महत र कृष्ण सिटौलाको चयनप्रति केही विवाद देखिन्छ । महतलाई जनआन्दोलनको भावनानुसार चल्न नसक्ने आशंकासाथ हेरिएको छ भने सिटौलालाई एकथरि कांग्रेस नेता कनिष्ठ मान्छन् । यद्यपि, माओवादीसँग वार्ता र समझदारीमा निरन्तर लागेका र कोइरालाको विश्वास प्राप्त गरेकाले पार्टी प्रवक्ता सिटौलाको नियुक्ति उचित मान्ने कांग्रेसमा धेरै छन् ।

तेस्रो ठूलो दल नेपाली कांग्रेस (प्रजातान्त्रिक)मा सरकार गठनबारे किचलो सार्वजनिक भएको छैन । सात दलका शीर्षस्थ नेताहरूको बैठकमा सबै दलको सरकारमा सहभागिता रहने सहमति भए पनि नेपाल मजदुर किसान पार्टीले सरकारमा सहभागी नहुने निर्णय गरेको छ भने जनमोर्चामा सरकारमा सहभागी हुने वा नहुने विवाद जारी छ । सद्भावना आनन्ददेवीले भने सरकारमा हृदयेश त्रिपाठीलाई पठाउने निश्चय गरेको छ । ■

जनआन्दोलनको प्रमुख मागअनुसार पुनर्जन्म पाएको प्रतिनिधिसभा अहिले राजनीतिक निर्णय प्रस्तुत गर्न व्यग्र छ । संसद् प्रारम्भ भएकै दिन १५ वैशाखमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको तर्फबाट संविधानसभामा जाने लिखित राजनीतिक प्रस्ताव सदनमा प्रस्तुत भयो दुई दिनपछि राजनीतिक दलका शीर्षस्थ नेताहरूको मन्तव्यपछि सर्वसम्मतबाट पारित गरियो ।

तर प्रतिनिधिसभाका प्रारम्भिक दिनका काम कारवाहीबाट पुनःस्थापनाको मुख्य उद्देश्य के हो ? भन्ने मूल मुद्दामै राजनीतिक दलहरू अलमलिएको प्रतीत हुन थालेको छ । प्रतिपक्षीविहीन सदनले अनुमोदन गरेको संविधानसभामा जाने राजनीतिक प्रस्तावपछि अब संविधानसभा नेपालको भावी राजनीतिको निर्विकल्प मुद्दा भएर प्रस्तुत भएको छ । संविधानसभा के का लागि भन्ने प्रश्नको सान्दर्भिकता पनि समाप्त भएको छ ।

लोकतन्त्रको स्थापना, राज्यको पुनर्संरचना, राज्य संचालनमा दलित, जनजाति, महिला, मधेसी र पिछडिएका क्षेत्रको सहभागी र समानुपातिक प्रतिनिधित्व नयाँ संविधानका अहिलेसम्मका निर्धारित लक्ष्य हुन् । सबैभन्दा महत्त्वपूर्ण एक दशकदेखि सशस्त्र विद्रोह गर्दै आएका माओवादीलाई मूलधारको राजनीतिमा अवतरण गराउने काम पनि संविधानसभाले नै गर्छ भन्ने विश्वासमा गरिँदैछ । राजाबाट प्रतिनिधिसभा पुनःस्थापना भएको १२ घन्टा बित्न नपाउँदै माओवादीले पूर्ण रूपमा खारेज र अस्वीकार गरेको भए पनि प्रतिनिधिसभाले संविधानसभामा जान गरेको सर्वसम्मत प्रस्तावको स्वागत गरेका छन् । संविधानसभाको मार्ग प्रशस्त गर्न सरकारले माओवादीमाथि लगाएको आतंककारीको बिल्ला झिकेको छ, रेड कर्नर नोटिस फिर्ता लिएको छ, टाउकाको मोल हटाएको छ र माओवादीलाई आममाफी दिएर युद्धविराम गरेको छ र वार्ताका लागि आह्वान

# लक्ष्यतिरको एकाग्रता

**जनआन्दोलनको बलमा** पुनःस्थापित प्रतिनिधिसभाको बैठकले संविधानसभामा जाने निर्णय एक मतले पारित गरेपछि त्यसको प्रक्रियामा बहस सुरु भएको छ। वर्तमान राजनीतिक संकटको निकास संविधानसभा भएको तर्क लामो समयदेखि दिँदै आएका राजनीतिज्ञहरू संविधानसभा निर्वाचनमा जाने पुनःस्थापित प्रतिनिधिसभाको निर्णयमा सकारात्मक छन्, तर त्यहाँसम्मको बाटो चुनौतीपूर्ण रहेको पनि स्विकार्छन्, उनीहरू। सरकार र प्रतिनिधिसभाले जनआन्दोलनका उपलब्धि संस्थागत गर्ने प्रक्रिया तीव्र गतिमा अघि बढाए संविधानसभा निर्वाचन सम्भव हुने र लोकतान्त्रिक गणतन्त्र प्राप्तिसँगै ११ वर्ष लामो हिंसात्मक द्वन्द्व पनि अन्त्य हुने विश्वास छ उनीहरूको।

प्रतिनिधिसभा र सरकार २०४७ को संविधानमा मात्र बाँधिन नहुने धारणा छ, छलफलमा सहभागी सबैको। प्रतिनिधिसभाले माओवादीसँगको वार्ता र संविधानसभा निर्वाचनका लागि बाधा हुने संविधानका धाराहरू राजनीतिक निर्णयका आधारमा तोड्दै अघि बढ्नु पर्ने बताउँछन् उनीहरू र उनीहरूमध्ये धेरैको धारणा परिस्थिति सहज पार्न संक्रमणकालीन व्यवस्थाका लागि अन्तरिम विधान जारी गर्नै पर्छ भन्ने छ। त्यसअघि नै राजपरिषद् विघटन गर्नु पर्ने, शाही नेपाली सेनालाई प्रजातान्त्रीकरण गर्नु पर्ने र जनआन्दोलनमा दमन गर्नेलाई कारबाही गर्नु पर्ने माग पनि छ, छलफलका सहभागीको।

संविधानसभा निर्वाचन प्रक्रियाको टुंगो माओवादी र आमनागरिकसँग छलफलपछि मात्र लगाउनु पर्ने बताउँछन्, छलफलका सहभागी। तर, उनीहरू विद्यमान निर्वाचन प्रणाली र निर्वाचन क्षेत्रमा फेरबदल आवश्यक ठान्छन्। दलित, जनजाति, महिला र मधिसेको उचित प्रतिनिधित्व ग्यारेन्टीको सूत्र माओवादी र आमनागरिकसँगको छलफलले पत्ता लगाउने विश्वास छ, उनीहरूलाई। संविधानसभा निर्वाचनअघि नै माओवादी हतियारको टुंगो लाग्नु पर्ने र निर्भय वातावरणमा जनताले मत दिन पाउने व्यवस्था हुनु पर्ने धारणा छ, सबैको।

### प्राध्यापक कृष्ण खनाल, राजनीतिशास्त्री



जनताले चुनेका प्रतिनिधिले संविधान निर्माण गर्ने विधि नै संविधानसभा हो। राष्ट्रमाथि जनताको स्वामित्वको पहिलो खुड्किलोको रूपमा पनि यसलाई लिइन्छ। संविधानसभाको निर्वाचन सर्वसम्मत एजेन्डा बनेको विद्यमान अवस्थामा यसको स्वरूप र प्रक्रिया कस्तो हुनु पर्ने भन्ने छलफल अगाडि बढाउनु जरुरी छ।

सात राजनीतिक दलको संयुक्त जनआन्दोलनको म्यान्डेटलाई प्रतिविम्बित गर्ने खालको संविधानसभाको गठन गर्नु अहिलेको चुनौती हो। संविधानसभामा जनताको सहभागिता र समावेशीकरणका विषय सर्वाधिक महत्त्वपूर्ण हुन्।

मुलुकको भौगोलिक, जातीय, सांस्कृतिक, धार्मिक, वर्गीय विविधताको प्रतिविम्ब संविधानसभामा देखिनु पर्छ। प्रतिनिधिको निर्वाचन गर्दा यस्ता विविधताको प्रतिनिधित्वको सुनिश्चितता हुनु अपरिहार्य छ। अर्थात् समग्र मुलुकको तस्वीर संविधानसभामा देखिनु पर्छ।

हामीले अभ्यास गर्दै आएको निर्वाचन प्रणालीबाट सबै वर्गको प्रतिनिधित्वको ग्यारेन्टी नभएकाले समानुपातिक निर्वाचन प्रणालीमा जानु जरुरी छ। निश्चित भूगोलभित्रका जनसमुदायको बनोट हेरेर बहुभाषा र बहुजातिको प्रतिविम्ब संविधानसभामा देखिनु पर्छ। उदाहरणको लागि दलितको जनसंख्या १२ प्रतिशत छ भने कम्तीमा पनि त्यही अनुपातमा उनीहरूको प्रतिनिधित्वको ग्यारेन्टी हुने खाका तयार हुन आवश्यक छ।

निर्वाचनका लागि क्षेत्र विभाजन कसरी गर्ने भन्ने विषयबाटै स्वरूपको बारेमा गम्भीर छलफल प्रारम्भ हुन्छ। संविधानसभामा केही संख्यामा यस विषयका ज्ञाता पनि प्रवेश गर्ने वातावरण बन्नु जरुरी छ। राज्यको पुनर्संरचनाका लागि समावेशीकरणको नाराले पनि संविधानसभाको मागलाई बल दिएको पृष्ठभूमिमा दलहरूभित्र व्यवहारिक रूपमै समावेशी भावना जागृत भएको देखिनु पर्छ।

संविधानसभाको लक्ष्यमा मुलुकका सबै राजनीतिक शक्तिहरू एकमत भइसकेकाले संसद्को कार्यावधि संक्षिप्त बनाउनु जरुरी छ। आन्दोलनबाट प्राप्त प्रतिनिधिसभाले संविधानको धारामा टेकेर अग्रगमनको यात्रा गर्ने चेष्टा किमार्थ गर्नु हुँदैन। राजनीतिक निर्णयका नाममा सात दलले संसद्भित्र गरेको निर्णयमात्र पनि काफी हुँदैन।

त्यसैले प्रतिनिधिसभाबाट यथाशीघ्र 'राजनीतिक घोषणा' गरेर संसद्को कार्याविधि छोट्याइदिने हो भने संविधानसभासम्म पुग्ने बाटो खुला हुन्छ। प्रतिनिधिसभाको सुरुका बैठकले यी निर्णय गरिसक्नु पर्नेमा अब ढिलाइ गर्नु उपयुक्त हुनेछैन। आन्दोलनको भावना शिरोपर गर्दै यस्तो घोषणा खुलामञ्चमा नै गर्न सकिन्थ्यो। संविधानका केही धारा निलम्बन वा संशोधनले अदालतको बाटो मात्र खोलिन्छ, जुन आन्दोलनको भावनाविपरीत हुन पनि सक्छ।

संविधानसभासम्म पुग्न दलहरू र नागरिक आन्दोलनलाई जीवन्त राख्नु जरुरी छ। आन्दोलन दबाउन र निरंकुशताको पक्षपोषणमा उत्रेकालाई दण्ड नदिने हो भने पनि संविधानसभाको मार्गमा अवरोध खडा हुनेछ। कारबाहीका लागि महाभियोग वा संविधान/कानुनले निर्दिष्ट गरेको मार्ग लामो हुन्छ।

आन्दोलनको म्यान्डेट कुनै पनि कानुनभन्दा सर्वोच्च भएकाले माथि उल्लेख गरिएको घोषणाद्वारा नै दोषीहरूलाई एकैपटक दण्ड दिन सकिन्छ। आन्दोलन विजयी भएपछि त्यो आफै वैधानिक हुँदा सेनाको व्यवस्थापनबारे निर्णय गर्न थप ढिलाइ गर्नु हुँदैन।

अहिले ठूला दलहरूले अभ्यास गरेजस्तै यसै संविधानको बाटो भएर हिँड्ने हो भने कहीं पनि पुगिँदैन। न त दल माओवादीबीच भएको बाह्रबुँदे पनि गरेको छ।

तर संविधानसभाका कसरी जाने भन्नेबारे राजनीतिक दलसँग स्पष्ट मार्गचित्रको टड्कारो अभाव देखिन थालेका छन्। एकातिर सरकार गठनमा ढिलाइ, मन्त्रालयको बाँडफाँडको विवादले राजनीतिक दलहरूप्रति आशंका बढ्न थालेको छ भने अर्कोतर्फ प्रतिनिधिसभाको पुनःस्थापना किन भएको हो भन्ने मुख्य उद्देश्यलाई सात राजनीतिक दलले आत्मसात गर्न नसकेको अनुभव स्वयं सांसद सदस्यहरू व्यक्त गर्छन्।

राजनीतिक विश्लेषक नीलाम्बर आचार्य जनआन्दोलनको शक्ति प्रतिनिधिसभामा आएको बताउँदै सोअनुसार सभा संचालन हुन नसकेको बताउँछन्। आचार्य भन्छन्, 'जनआन्दोलनको शक्ति पुनःस्थापित प्रतिनिधिसभाको जिम्मामा पुगेको छ, जनताबाट प्राप्त शक्तिअनुसार प्रतिनिधिसभामा त्यस्तो चुस्तता, दृढता र उत्साहका साथ काम नगरेर ढिलासुस्ती भएको छ। प्रतिनिधिसभाले काम गरेको अनुभूति दिन सकेको छैन।'

आचार्य प्रतिनिधिसभाले गरेको निर्णयमा राजनीतिक मनसाय व्यक्त गरेर मात्र नपुग्ने तुरुन्तै लागू गर्नु पर्ने बताउँछन्। उनी भन्छन्, 'राजनीतिक र कानुनी शक्तिका बलमा तुरुन्तै निर्णय लागू हुनु पऱ्यो।'

अहिलेसम्म कसरी संविधानसभा गर्ने भन्नेबारे सात राजनीतिक दलले एउटै बाटो देखाएका छैनन्। संवैधानिक शून्यता हुनु हुँदैन भन्ने अडान राख्दै कांग्रेसले २०४७ को संविधानमा टेकेर अघि बढ्ने नीति लिएको छ, तर अन्य राजनीतिक दल र माओवादीसमेत अन्तरिम संविधानको पक्षमा छन्।

जनमोर्चा नेपालका महासचिव नवराज सुवेदी भन्छन्, '२०४७ सालको संविधानबाट हुँदैन, अन्तरिम संविधान जारी हुनु पर्छ, माओवादीसमेतको अन्तरिम सरकारले

सहमतिले निर्धारण गएको मार्गचित्र यो मृत संविधानबाट हासिल हुन्छ ।

सात दल वा संसद्मा प्रतिनिधित्व भएका दलहरूको निर्णयअनुरूप मात्र पनि संविधानसभामा पुग्न सकिँदैन । संसद्कै बाटो भएर अघि बढ्न खोज्ने हो भने घटनाक्रम सात दलको निणन्त्रणबाहिर जान सक्छ ।

### शशि श्रेष्ठ, अखिल नेपाल महिला संघ



संविधानसभाको प्रक्रियाबारे राजनीतिक वृत्तमा फरक विचार देखापरिरहेको छ । संविधानसभाबारे बुझ्न नसकेका वा बुझ्न पचाउनेहरूको संख्या ठूलो छ । कतिपयले यसलाई विधिको रूपमा मात्र लिएका छन्, तर यो विधि मात्र नभई सिद्धान्त पनि हो । जनताले चाहेको राज्यव्यवस्था आफूले चुनेको प्रतिनिधिमार्फत स्थापना गर्ने हुँदा यो प्रक्रिया हो भने जनभावनाको प्रतिनिधित्व आधारभूत सर्त भएकाले सिद्धान्त हो ।

संविधान बनाउने क्रममा खाका स्पष्ट हुनु जरुरी छ । २०४७ सालको संविधानलाई केही दलले संसारको सर्वोत्कृष्ट संविधान भने, तर जनताले त्यसमा अपनत्व महसुस गरेनन् । पिछडिएका, दलित, जनजाति, मधेसी समुदायले आफूलाई समेटेको अनुभूत गरेनन् । संविधान जारी भएलगत्तै नागरिकता, सम्पत्तिलगायतका विषयमा महिलामाथि संविधानले सौतेनी व्यवहार गरेको प्रस्ट भयो ।

विगतका कमी कमजोरी केलाएर अब बन्ने संविधानले सीमान्तकृत जनतालाई पनि सम्बोधन गरेको महसुस नगराए जातीय, भाषिक, क्षेत्रीय द्वन्द्व कायम रहन्छ । राजनीतिक द्वन्द्व भड्केर साम्प्रदायिक पनि हुन सक्छ । त्यसैले संविधानसभा समावेशी हुनु पर्छ । सीमान्तकृत जाति-वर्गलाई आरक्षणको माध्यमबाट सहभागी गराउनु पर्दछ । आमूल परिवर्तनसहितको राज्यको पुनर्संरचनालाई सम्बोधन गर्ने खालको संविधानसभाको गठन आवश्यक छ ।

व्यक्तिगत रूपमा म संघीय निर्वाचन प्रणालीको पक्षमा छु । तमुवान, लिम्बुवान खालको जातीय संरचना नभई भौगोलिक रूपमा १०-१५ विभाजन गरेर क्षेत्रगत स्वायत्तता दिनु जरुरी छ । संविधानसभामा यस मुद्दालाई उठान गर्न सक्ने गरी प्रतिनिधि छनोट हुने विधि तय हुनु जरुरी छ ।

स्वायत्तताको कुरा गर्दा कुनै क्षेत्रमा जुन समुदायको बहुमत छ त्यसले शासन गर्ने र अल्पमत दमित भएर बस्नु पर्ने अवस्थाबाट जोगिनु जरुरी छ । निर्वाचनमा आरक्षणका माध्यमबाट अहिले उठिरहेका विषयमा सम्बोधन गर्न सकिन्छ । उम्मेदवारीमा होइन निर्वाचित भएर आउने पदमा आरक्षणको सुनिश्चितता हुनु पर्दछ । हामीले अपनाउँदै आएको निर्वाचन प्रणालीको सट्टा वैज्ञानिक ढंगको समानुपातिक निर्वाचन प्रणाली आवश्यक छ ।

संविधानसभासम्म पुग्नको लागि यसै संविधानको माध्यमबाट सम्भव छैन । मरिसकेको भनिएको संविधानको सिनो बोकेर यसका धारा उपधारामा टेकेर अघि बढ्न खोजेर कहीँ पुगिँदैन । मरेको संविधान ब्यूँताएर जानु बाधक हो । आन्दोलनको जनादेश २०४७ को संविधान ब्यूँताएर त्यसमै टेक्नु भन्ने हैन ।

संविधानसभाबाट नयाँ संविधानको निर्माण नभइसक्दासम्म अन्तरिम शासन विधान जारी गर्नु उपयुक्त हुन्छ । आन्दोलनको भावनानुसारको विधान बनाएर अघि नबढ्ने हो भने 'रात रहे अग्राख पलाउँछ' भनेझैं खतरापूर्ण अवस्था निम्तिन सक्छ । २०४७ को संविधानको हाँगाबिगा समातेर अघि बढ्न खोज्नु बेकार हुन्छ । संसद्भित्रका प्रतिगामी तत्त्वहरू यसै संविधानलाई जोगाएर चलखेल गर्ने मनसायमा छन् । प्रतिनिधिसभामा राजदण्ड राख्ने-नराख्ने विषयमा देखिएको मतभिन्नताले नै उक्त आरोपलाई पुष्टि गर्छ ।

### डा ओम गुरुङ, महासचिव जनजाति महासंघ



संविधानसभाको स्वरूप भू-सामाजिक विविधतालाई समेट्ने र बहुलवादी हुनु पर्छ । हिजोको राज्य संरचना एकलवादी भएकाले विभिन्न जातजाति, भाषा, संस्कृति र भूगोल समेट्न सकेको थिएन । २ सय ३८ वर्षसम्म राज्यले गरेको गल्ती सच्याउने माध्यमको रूपमा संविधानसभाको निर्वाचनको माग हुँदै आएको हो । यसको निर्वाचन प्रक्रियाबारे बौद्धिक र राजनीतिक वृत्तमा वहस पैरवी भइरहेको छ ।

हाम्रो विचारमा यसको प्रक्रिया सहभागीमूलक हुनु पर्दछ । प्रत्येक नेपालीले संविधानसभाबारे थाहा पाउनु पर्छ । सहभागिता, समावेशी र प्रतिनिधिमूलक यसको मूलमन्त्र हुनु पर्दछ । संविधानसभाले जातजाति, धर्म, संस्कृति, भाषा र भूगोलको विविधता समेट्नु आवश्यक छ । सबै नेपालीले आफ्नो प्रतिनिधित्व भएको अनुभूति गर्नु जरुरी छ ।

भूगोलालाई मात्र आधार मानेर गरिएको अहिलेको प्रतिनिधिसभाको जस्तो २ सय ५ क्षेत्रको औचित्य छैन । संख्या तल माथि हुन सक्छ, तर प्रतिनिधित्व न्यायिक हुने खालको हुनु पर्छ । संविधानसभामा समानुपातिक प्रतिनिधित्वको ग्यारेन्टी हुन जरुरी छ । ३७ प्रतिशत जनजाति, १२ प्रतिशत दलितले आफ्नो आनुपातिक प्रतिनिधित्व भएको अनुभूति हुने गरी संविधानसभाको गठन हुनु पर्छ । कर्णालीले आफूमाथिको अन्याय यथावत् रहेको ठान्ने अवस्था आउन नदिनेतर्फ अहिले नै सचेत हुन जरुरी छ । स-सानो आकारमा रहेको जातिले पनि आफ्नो प्रतिनिधित्वको अनुभव गर्न पाउनु पर्छ ।

बहुदलीय प्रक्रियाबाट सबैलाई समेटेर एउटा सहमतिसहित अघि बढ्नु जरुरी छ । संविधानसभामा पुग्नअघिका अवरोध पन्छाउन पनि उत्तिकै जरुरी छ । सैनिक व्यवस्थापन, संविधानका प्रतिगामी धाराहरूको खारेजी र संविधानसभाको पक्षमा राजनीतिक प्रतिबद्धतापछि मात्र लक्ष्यसम्म पुग्न सकिन्छ ।

### मीन विश्वकर्मा, नेपाली कांग्रेस (प्रजातान्त्रिक)

संविधानसभा लक्ष्य होइन माध्यम हो भन्ने आमधारणा छ । यो आन्दोलनको रूप वा चरण हो भन्ने व्याख्या पनि छ । संविधानसभाको लक्ष्य किटान नगरी यसको स्वरुपबारे चर्चा गर्न मुस्किल हुन्छ । मूलतः राज्यको पुनर्संरचनाको लागि संविधानसभाको माग हुँदै आएको छ । माओवादीले यसबारे सबैभन्दा जोडदार आवाज उठाए ।

नागरिक समाज, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था,

संविधानसभाको निर्वाचन गर्छ ।' उता सरकारका मन्त्री एव कांग्रेसका केन्द्रीय नेता महन्थ ठाकुर भने सात राजनीतिक दलको मागअनुसार प्रतिनिधिसभा पुनःस्थापना भएको बताउँदै २०४७ सालकै संविधानमा टेकेर संविधानसभामा जान सकिने बताउँछन् । उनी भन्छन्, '२०४७ सालको संविधानबाटै संविधानसभाको निर्वाचन गर्न सम्भव छ, त्यसका लागि दलहरूबीच संवाद र सहमति बन्नु पर्छ ।'

माओवादीको निसर्त संविधानसभाको मागप्रति पनि दलहरूबीच एउटै मान्यता देखिँदैन । उनीहरूको हतियारको व्यवस्थापन सबैभन्दा चुनौतीपूर्ण मुद्दा हो । दलहरू हतियार व्यवस्थापनको जोडदार माग गर्दै छन् भने माओवादीले हतियारका कुरा थाती राख्दै आएको छ ।

राजनीति शास्त्रका अध्येता कृष्ण हाछेथु सात राजनीतिक दल र माओवादी दुवैको ब्यानर संविधानसभा भए पनि संविधानसभाको निर्वाचन कसरी गर्ने भन्ने ठोस योजनाको अभाव देखाउँछन् ।

राजनीतिक दलहरूका सामुको अर्को चुनौती भनेको जनआन्दोलनको उद्देश्य र जनआन्दोलनमा लागेको नाराबीच प्रशस्त दूरी कायम हुनु हो । जनआन्दोलनको उद्देश्य 'निरंकुश राजतन्त्रको अन्त्य' सात दल र माओवादी दुवैको हो, तर जनआन्दोलनको नारा गणतन्त्र बन्न पुग्यो । हाछेथु भन्छन्, 'उद्देश्य निरंकुश राजतन्त्र र गणतन्त्रको नारामा ठूलो दूरी देखियो, यसको व्यवस्थापन चुनौतीपूर्ण छ ।'

प्रतिनिधिसभाको बैठकको सुस्तता र सरकार निर्माणका विवाद सार्वजनिक भएको छ । विवादले आमजनमासनका फेरि बितेको १२ वर्ष पुनरावृत्ति हुने त होइन भन्ने आशंका जन्माएको छ । प्रतिनिधिसभाको प्रारम्भमा स्वागत भाषण गर्दै उपसभामुख (सभामुखको हैसियतमा) चित्रलेखा यादवले राजनीतिक दललाई कुर्ची र सत्ताको खेलमा नलाग्न सुझाएकी थिइन् ।

उनले भनेकी थिइन्, 'लोकतन्त्र भनेको कसैको



पेसाकर्मीले संविधानसभालाई राष्ट्रिय एजेन्डा बनाउन भरमग्दुर प्रयत्न गरे। पृथ्वीनारायण शाहले गरेको भूगोल एकीरकरणदेखि मानिसका इच्छा र चाहना मुखरित हुन पाएका छैनन्।

आजसम्म नमिलेका विषय, अन्याय-असहमति जाहेर भएका सबै विषय अटाउने स्वरूपको संविधानसभा बन्नु जरुरी छ। राज्यको पुनर्संरचनाको माध्यममै स्वरूप देखिनु पर्छ। संविधानसभा निर्णय गर्ने मञ्च राज्यका सबै सरोकारवालाको चाहना प्रतिनिधित्व हुनु पर्छ।

संविधानसभाको अहिले माध्यम हो भने यसको लक्ष्य राज्यको पुनर्संरचना हुनु पर्छ। सामाजिक पक्षहरूको प्रतिनिधित्व जातीय, भाषा, धर्मावलम्बीको आधार हो। अब अवसरको समानताले मात्र भएन अवसरको सुनिश्चितता पनि जरुरी छ, जुन संविधानसभाबाट हासिल हुन सक्छ।

अवसरको सुनिश्चितता अहिलेको निर्वाचन प्रणालीबाट हासिल हुँदैन। दलगत उम्मेदवारीका आधारमा एकल संक्रमणीय मतदानबाट मात्र अधिक प्रतिनिधित्व गराउन सम्भव हुन्छ। जनसंख्याको आधारमा अवसरको सुनिश्चितता नै समावेशीकरण हो।

### नवराज सुवेदी, महासचिव, जनमोर्चा नेपाल



संविधानसभाको मुख्य उद्देश्य राजाबाट जनतामा सार्वभौमसत्ता हस्तान्तरण गर्नु हो। पूर्ण लोकतान्त्रिक व्यवस्था यसको प्रमुख उद्देश्य हो र नेपाली जनतालाई कुनै पनि विषयमा कुनै पनि संस्थाका बारेमा आफैले निर्णय गर्न सक्ने अधिकार प्रदान गर्नु हो।

प्रतिनिधिसभाले संविधानसभामा जाने प्रस्ताव अनुमोदन गरिसकेको छ। संविधानसभा किन गर्ने भन्ने बारेमा नेपालको राजनीतिक इतिहासको अनुभवबाट भएको हो। पहिलो नेपाली जनताले १९९७ सालभन्दा अघिदेखि प्रजातन्त्रको लडाइँ लड्यो, २००७ सालमा प्राप्त जनअधिकार २०१७ सालको फौजी निरंकुश शासनले अन्त्य गर्‍यो।

२०३६ सालमा नेपाली विद्यार्थी युवाहरूले आन्दोलन चर्काए, तर २०३७ को जनमत संग्रहमा निर्दलीय पंचायती व्यवस्थालाई जिताउने काम भयो, राज्यसंयन्त्रको व्यापक दुरुपयोग गरेर। २०४६ सालमा जनताले आन्दोलन गरेर प्रजातन्त्र ल्याए तर २०५९ सालमा आई पुग्दा राजाले निर्वाचित प्रधानमन्त्री बर्खास्त गरे। ००७ सालदेखि अहिलेसम्मको राजनीतिक उतारचढावबाट के पाठ सिकाएको छ भने अब प्रतिगमनका सम्पूर्ण खतरा र छिद्र समाप्त नगरी हुँदैन। राजाहरूबाट प्रजातन्त्रमाथि राजनीतिक खतरा आइरहनुका पछाडि नेपालका संविधान राजा प्रदत्त हुनु नै हो। २००७ सालदेखि २०४६ सालसम्मका सबै संविधान राजाले दिएका संविधान हुन्। अब राजाले दिएको संविधानले हुँदैन, जनता आफैले संविधान बनाउनु पर्छ र आफैले जारी गर्नु पर्छ।

२०४७ सालको संविधानले नेपालको बहुभाषिक, बहुजातीय र बहुधार्मिक नेपालको वास्तविक स्वरूप समेट्न सकेन भने त्यसपछि बनेका सरकारले पनि त्यस्ता वास्तविकता समेट्ने प्रयास गरेनन्। अहिले समस्या चुलिँदै चुलिँदै आएका छन् र राज्यको स्वरूपमै परिवर्तन गर्नु पर्छ भन्ने मान्यता बलियो भइसकेको छ। अबको नेपाल समावेशी, सहभागितामूलक र समानुपातिक हुनु पर्छ, संविधानसभाबाट बन्ने नयाँ संविधानले त्यसो व्यवस्था गर्नेछ।

नयाँ बन्ने संविधानको अर्को विशिष्ट पक्ष पनि छ। हामी एउटा राजनीतिक परिपाटी विच्छेद भएको अवस्थामा छौं र नयाँ परिपाटी बनाउने तरखरमा। एउटा परिपाटीबाट अर्कोमा जाँदा राज्यको पुनर्संचरना आवश्यक छ भने यसलाई १० वर्षदेखिको माओवादी विद्रोह समाप्त पार्ने अवसरको रूपमा पनि लिनु पर्छ। यस्तो संक्रमणकालीन राजनीतिक अवस्थामा अघि बढ्न प्रशस्त चुनौती छन्।

अहिलेको संविधानअनुरुप अघि बढ्नुको कुनै औचित्य छैन। जनआन्दोलनमा मुखरित जनभावना र उनीहरूले दिएको म्यान्डेटअनुसार काम गर्नु पर्छ। त्यसो गर्न तत्काल अन्तरिम संविधान बन्नु पर्छ। माओवादीसँग वार्ता गरेर उनीहरूलाई समेत अन्तरिम सरकारमा सहभागी गराएपछि मात्र संविधानसभाको प्रक्रियामा जानु पर्छ। एउटा हतियार उठाएको शक्तिसँग समभ्रूदारी गरेर मात्र पुग्दैन, उनीहरूसँग शान्ति सम्झौता गर्नु पर्छ। माओवादीसँग शान्ति सम्झौता भएपछि मात्र संविधानसभाको विधि प्रारम्भ गर्नु पर्छ।

अन्तरिम संविधान बनेपछि तुरुन्त संविधानसभा निर्वाचन ऐन र नियमावली बनाइनु पर्छ। ऐन र नियमावलीमा व्यवस्था भएअनुसार निर्वाचनका कार्यविधि तय गर्नु पर्छ। संविधानसभा कसरी गर्ने भन्नेबारे संसारमा जनताबाट प्रत्यक्ष निर्वाचन गर्ने र अप्रत्यक्ष निर्वाचन गर्ने चलन छन्। नेपालको सन्दर्भमा जनआन्दोलनका मार्फत संविधानसभामा जान लागेको कुरा बिर्सनु हुँदैन। २०४६ सालपछिको १०-१२ वर्षको राजनीतिक इतिहासबाट पनि हामीले धेरै पाठ सिकेका छौं। बालिगमताधिकारका आधारमा संविधान बनाउने सांसदहरू निर्वाचित हुनु पर्दछ। एक व्यक्ति एक भोटका आधारमा चुनिएका मानिसले नयाँ संविधान निर्माण गर्छन्। अहिलेको राजनीतिक व्यवस्थामा दलका उम्मेदवार जनताबाट निर्वाचित भएजस्तै संविधान निर्माण गर्ने सांसदहरू निर्वाचन हुनु पर्छ। जहाँसम्म निर्वाचन क्षेत्रको कुरा छ त्यो त छलफलबाट तय गर्नु पर्ने कुरा हो। आन्दोलनरत दल र माओवादीसमेत मिलेर निर्णय गर्नु पर्छ। अहिले भइरहेको २०५ क्षेत्र कायम राख्ने वा त्योभन्दा बढी, घटी गर्ने त्यसबारे गम्भीर छलफल हुनु पर्छ राजनीतिक दलहरूबीच।

उम्मेदवार छनोट गर्दा जनआन्दोलनमार्फत मुखरित मुद्दाहरूका आधारमा हुनु पर्छ। संविधानसभाको निर्वाचनमा गर्दा अहिले उठिरहेका लैंगिक, जातीय, धार्मिक, भाषिक, महिला र मधेसी प्रत्येक समुदायबाट समानुपातिक रूपमा उम्मेदवार बन्ने र निर्वाचित हुने व्यवस्था हुनु पर्छ। दलहरू आफैले त्यसरी उम्मेदवारी दिने काम गर्न सक्छन्, तर विगतका चुनावमा जस्तो एकले अर्कालाई सिध्याउने खालको चुनावी नीति लिनु हुँदैन, संविधानसभाको निर्वाचनसम्म दलहरूबीच यथोचित सहमति खोजिनु पर्छ।

### महन्थ ठाकुर, नेता नेपाली कांग्रेस

संविधानसभाको निर्वाचन निर्विकल्प भइसक्यो। अब कसरी संविधानसभामा पुग्ने र संविधानसभाको निर्वाचन गर्ने भन्ने प्रश्न छ। प्रस्थानबिन्दुका बारेमा अब विवाद छैन, केही अघिसम्म संविधानसभामा

---

निगाहा होइन, यो धेरै वा थोरै हुँदैन, आमूल परिवर्तन यसको अभिलाषा हुन्छ। यो नैतिक र गहन जिम्मेवारी इमानदारीपूर्वक राजनीतिक कुटिल छलकपटविना जनमतको अभिप्रायअनुसार पूरा गर्न तयार छौं ? विगतमा झैं संसदीय दलको गणितीय खेल रोक्न हामी सचेत रहनु आवश्यक छ।' त्यस बेला यादवको सुझावलाई सांसदहरूले गडगडाहट तालीका साथ समर्थन गरेका थिए।

तर चार दिनपछि त्यही सदनमा ६ जना मन्त्री नियुक्त भएको राजदरबारको सूचना तिनै सभामुखले सुनाउँदा कुनै सांसदले त्यसको समर्थनमा टेबुल ठोक्ने उत्साह देखाएनन्। यसबाट प्रतिनिधिसभामा ठूलो र सानो दलको गणितीय खेल र अनि मन्त्री हुनु र नहुनुको असन्तोष सभामा प्रकट हुन थालेको छ। सरकार गठनमा भएको ढिलाइले सडकमा फेरि गणतन्त्रवादी चर्का नारा सुनिन थालेका छन्। सडकमा उठेको यस्तो दबाबको प्रतिबिम्ब प्रतिनिधिसभाको बैठकमा देखिन्छ। नेताहरू क्रान्तिकारी भएर प्रस्तुत हुने प्रतिस्पर्धामा उत्रिएको जस्तै देखिन्छ। सडकमा चर्को नारा लगाउनेहरूमा सात दल चिनिएका नेता र कार्यकर्ताभन्दा नौला अनुहारको बाहुल्य भएको अनुभवी नेताहरू बताउँछन्, तर नागरिक समाजको नाममा नेताहरूलाई गणतन्त्रका निम्ति दबाब दिने 'अराजक'हरूको सिकार एमालेका प्रदीप ज्ञवाली बन्न पुगे, जो एमालेभित्र लामो समयदेखि संविधानसभाको आवाज उठाउने थोरै नेतामध्येका हुन्। एकातिर संविधानसभाका कसरी पुग्ने भन्ने अन्योल र अलमल्याइ छ भने प्रतिनिधिसभाको संचालनमा पनि जटिलता छँदैछ। सात दलको कार्यदलले आपसी छलफबाट राजनीतिक निर्णय गर्छन् र ती राजनीतिक प्रकृतिका प्रस्तावलाई प्रतिनिधिसभाको नियमावलीको 'सार्वजनिक महत्त्वको प्रस्ताव'का रूपमा सदनमा प्रस्तुत गर्ने गरेका छन्। प्रस्तावहरू न शुद्ध राजनीतिक बन्न सकेका छन् न त नियमावलीको भावनानुसार सदनमा प्रवेश गरेका छन्।

प्रतिनिधिसभा नियमावलीका प्रावधान सभा



जाने बाटोका बारेमा हामी र माओवादीबीच फरक फरक मान्यता थिए। दुइटा बेग्लाबेग्लै रोडम्याप थिए। प्रतिनिधिसभा पुनःस्थापनापछि संविधानसभामा कसरी पुग्ने भन्नेबारे सात दलको रोडम्यापमा प्रवेश गरेको छ। अब सात दलले प्रस्तुत गरेको रोडम्यापअनुसार नै संविधानसभामा जानु पर्छ।

हामीले प्रतिनिधिसभाको पुनःस्थापनालाई प्रस्थानबिन्दु बनाएका थियौं। माओवादीले राष्ट्रिय सम्मेलन गरेर अन्तरिम सरकार बन्नु पर्छ भन्ने मार्गचित्र अघि सारेका थिए, तर हाम्रो मार्गचित्रअनुसार प्रतिनिधिसभा पुनःस्थापना भएकाले अब प्रस्थानबिन्दुका बारेमा अलमलिनुको अर्थ रहेन, लक्ष्य त सबैको एउटै हो, लोकतन्त्र। अहिलेको राजनीतिक अवस्था भनेको पुरानो स्थिति टुटिसकेको, तर नयाँ बनिनसकेको संक्रमणकालीन अवस्था हो। यस्तो अवस्था बहुत खतरनाक पनि हुन्छ। संक्रमणकाल चुनौती र खतरापूर्ण हुन्छ नै।

मूलतः संविधानसभाले जनआन्दोलनमा उठेका मागलाई लिपिबद्ध गर्ने काम गर्ने हो। जनताका भावना लिपिबद्ध गर्ने काममा हामी पछि पर्नेछैनौं। अब कसरी संविधानसभाको निर्वाचन गर्ने भन्नेबारे पनि त्यति धेरै विवाद छ भन्ने मलाई लाग्दैन। हाम्रो आंशिक माग पूरा भएको छ, अब संविधानसभाबाट जनआन्दोलनको भावनालाई संविधानमा लिपिबद्ध गर्ने काम बाँकी छ।

अब संविधानसभाको स्वरूपमा बारेमा अल्भिनु राम्रो हुँदैन। २०४७ को संविधानलाई टेकेर अघि बढ्ने भनेपछि यो संविधानअनुसार अघि बढ्नु पर्छ। यो संविधानलाई अन्तरिम संविधानको रुपमा लिनु पर्छ। यसै संविधानमा व्यवस्था भएबमोजिम २०५ वटा निर्वाचन क्षेत्रबाट निर्वाचित भएर आउनु पर्छ। संविधानसभा भनेको संविधान बनाउने उद्देश्यले हुने निर्वाचन हो। अहिले भइरहेका निर्वाचन क्षेत्र र निर्वाचन प्रद्धति स्वीकार गर्दा भइहाल्यो, त्यसले कुनै समस्या पार्दैन। छलफल र संवादबाट निर्वाचन कसरी गर्ने भन्नेबारे टुंगोमा पुग्नु जरुरी छ।

जहाँसम्म नयाँ संविधानमा महिला, जनजाति र मधेसलाई आरक्षण दिनु पर्छ, राज्यको पुनर्संरचना गर्नुपर्छ भन्ने माग छन्, ती मागको पूर्ण सम्बोधन र स्थायी व्यवस्था नयाँ संविधानमा हुनु पर्छ। ती माग पूरा भएपछि मात्र संविधानसभाको निर्वाचन हुनु पर्छ भन्ने मेरो मान्यता होइन। व्यवहारिक रूपमा राजनीतिक दलहरूले अहिले उठेका मागलाई सम्बोधन गर्ने गरी संविधानसभाको निर्वाचन गराउने उम्मेदवारी दिने काम गर्नु पर्छ। सबै थोक अहिलेको संविधानमा खोजेर पाइँदैन। यो संविधान टेकेर संविधानसभाको निर्वाचन गर्ने भनेपछि यसले व्यवस्था गरेको निर्वाचनसम्बन्धी प्रावधानअनुसार अगाडि बढ्नु पर्छ, यो संविधान बाधक हुन्छ जस्तो लाग्दैन।

## प्रदीप गिरी, नेपाली कांग्रस (प्रजातान्त्रिक)



विभिन्न मुलुकमा संविधानसभाको गठनद्वारा ती देशहरूमा त्यहाँको मूल कानुन बनाइएका उदाहरण छन्। पहिलो सामूहिक रूपमा र आपसमा छलफल गरी बनाइएको लिखित संविधान भनेको संयुक्त राज्य अमेरिकाको नै हो। अमेरिकाको लिखित संविधानले सवैधानिक प्रणालीको नयाँ युगको प्रवर्द्धन गऱ्यो। त्यसअघि नै बेलायतमा सवैधानिकतन्त्रको परम्परा बलियो किसिमबाट व्यवस्थित भइसकेको थियो। बेलायतको व्यवस्था भने एउटा निश्चित संवैधानिक भनेको खास पुस्तक लेखिएर भएको होइन। क्रान्ति र समयको क्रममा विकसित शक्तिसम्बन्धका आधारमा केही निश्चित परम्परा प्रतिष्ठित भए।

त्यसपछि त्यहाँको संसद्ले आजसम्म कानुन बनाएर अलिखित संवैधानिक अथवा जनभावनाको अनुकूल भई त्यहाँको प्रजातान्त्रिक परम्परालाई अझ गहन रूपमा विकास समेत गर्दै आएको छ। अमेरिकामा भने लिखित एउटा निश्चित पुस्तकका आधारमा सवैधानिक चिनारी भयो। यो काम आजभन्दा दुई सय वर्षअघि भइसकेको थियो। त्यसपछि संविधानको व्याख्या गर्ने अधिकार त्यहाँको सर्वोच्च अदालतले आफूमा मात्र निहित रहेको दाबी गरेपछि सन् १८०२-३ तिर अमेरिकाको सवैधानिक प्रणालीले अर्को उचाइ पाप्त गऱ्यो। त्यसपछि भारतलगायतका विभिन्न देशमा अनेकौं किसिमबाट संविधानसभाको गठन भएको छ।

संविधानसभाको गठन र निर्वाचन एक-अर्काका पर्यायवाची शब्द होइनन्। त्यसैले अमेरिका र भारतभन्दा पृथक् रूपमा नेपालमा संविधानसभाको गठन होइन कि निर्वाचन हुने भन्ने मात्र आएको छ। त्यसैले अहिले पुनर्जीवित गरिएको सदन, मुलुकले खोजेको संविधानसभाभन्दा पृथक् कुरो हो।

अब हुने संविधानसभाको निर्वाचन भनेको एक व्यक्ति एक मतका आधारमा हुँदै आएको निर्वाचन पद्दतिभन्दा भिन्न प्रकृतिको हुनेछ।

नेपालका कुना कन्दरामा उठिरहेका दलित, महिला, जनजाति र कर्णाली लगायत पिछडिएका प्रदेश, खासगरी मधेसको राजनीतिक आकांक्षालाई समेत सम्बोधन गर्ने आसन्न संविधानसभाको मुख्य कार्यभार हुनेछ।

यस्तो संविधानसभाले शक्तिको पृथकीकरणका सिद्धान्त, नागरिकअधिकारको सूची, स्वतन्त्रता र आवश्यकताको द्वन्द्वात्मक सम्बन्ध, संघीय राज्य, आरक्षण जस्ता विषयउपर गम्भीर विचार विमर्श र निर्णय समेत दिनु पर्नेछ। सबभन्दा धेरै ज्वलन्त प्रश्न राजतन्त्रको आवश्यकता र निरन्तरताको सवाल हो। प्रस्तावित सवैधानिकसभामा राजा, राजतन्त्रसमेत रहने वा नरहे विषयले प्रवेश प्राप्त गर्नेछ।

## नरहरि आचार्य, नेता नेपाली कांग्रेस



संविधानसभाबारे अहिले मुलुक राष्ट्रिय सहमतिमा पुगिसकेको छ। राजाले समेत आफ्नो घोषणामा सात दलको मार्गचित्रअनुसार मुलुक अघि बढ्ने बताएको सन्दर्भमा अन्य कोही यसको विपक्षमा रहने कुरै भएन। प्रस्ट नभए पनि संविधानसभा ससर्त कि निसर्त भन्ने विषय अहिले पनि उठ्न छाडेको छैन। संविधानसभा निर्वाचनले बनाउने संविधानमा पनि कुनै संस्थालाई आफैले निलम्बन गर्न सक्ने सजिलो र विधिवत् बाटो छ, तर दलहरूले त्यस्तो विधिवत् बाटो अपनाउन आनाकानी गरेकाले राजनीतिक दल र संसद् सचिवालयबीच एक किसिमको द्वन्द्व विकसित भएको छ। सचिवालयले नियमावलीमा संशोधन गरेर राजनीतिक प्रकृतिका विषय प्रवेश गराउन सकिने सुझाव बारम्बार दिँदै आएको जानकारहरू बताउँछन्, तर 'राजनीतिक बल'मा सम्भव र सजिलो विधिको बाटो त्याग्ने प्रवृत्ति पनि विकसित भएको छ।

जनआन्दोलनमा सहिद भएकाहरूको सम्मानमा स्मारक निर्माण गर्ने, सहिद परिवारलाई आर्थिकलगायतका सुविधा राज्यले प्रदान गर्ने र घाइतेहरूको सबै उपचारको जिम्मा लिने, सात राजनीतिक दल र माओवादीबीच २०६२ मंसिर ७ र चैत ६ गते भएको १२ बुँदे समझदारी अनुमोदन गर्ने प्रस्ताव, आन्दोलनमा ज्यादती, दम र मानवअधिकारको उल्लंघन एवं हत्या गर्नेहरूमाथि छानबिन गर्न न्यायिक आयोग गठन गर्ने प्रस्ताव प्रतिनिधिसभाले राजनीतिक मुद्दाका रूपमा तर प्रतिनिधिसभाको नियमावलीको 'जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव' बनेर पेस भएका छन्। यसबाहेक सात दलका प्रतिनिधिहरूको कार्यदलले राजनीतिक प्रकृतिका प्रस्तावहरूको लामो सूची तयार पारेको कार्यदलका सदस्य सांसद र मेश लेखक बताउँछन्।

जनआन्दोलनमा प्रत्यक्ष सहभागी नभएका राप्रपा, राजपा समेत संविधानसभाको पक्षमा खुलेर आएको वर्तमान अवस्थामा संविधानसभाले प्रशस्त आशा जगाएको छ भने अर्कोतिर कसरी संविधानसभाको निर्वाचन होला भन्ने आशंका पनि बाक्लिँदै गएको देखिन्छ। यसो अवस्था आउनुका पछाडि संविधानसभामा कसरी पुग्ने भन्ने बाटोबारे दलहरूका फरक फरक मान्यता र बाटा हुन्। सात राजनीतिक दल र सरकारले आफ्नो मुख्य लक्ष्यमा एकाग्र भएर लागी पर्ने बेला चुकिसकेको छैन। ■

राख्नै पर्ने बाध्यता बनाइन्छ कि भन्ने आशंकाले यो प्रश्न उठेजस्तो मलाई लाग्छ। यसैगरी राजतन्त्रबारे राजनीतिक दलहरूको धारणा पनि यो प्रश्नले खोजेजस्तो मलाई लाग्छ, तर जनआन्दोलनले राजा अब चाहिन्न भन्ने प्रस्ट पारेको छ र ५५ वर्षको नेपाली जनताको अनुभव तथा नेपाली लोकतान्त्रिक आन्दोलनले खाएको हन्डर ठक्करले पनि राजा अनावश्यक रहेको निष्कर्ष दिइसकेको छ। राजनीतिक दल र नेताहरूले राजाबारे छिटै नै आफ्नो स्पष्ट दृष्टिकोण सार्वजनिक गर्नु पर्ने बेला भएको छ।

संविधानसभा निर्वाचनसम्म कसरी अघि बढ्ने अहिलेको अहं प्रश्न हो। मेरो विचारमा अब २०४७ को संविधान संशोधनबाट अघि बढ्नु ठिक होइन, किनभने यो अलमल र अनुपयुक्त बाटो हो। यसले हामीलाई माखेसाङ्लो र चक्रब्युहमा मात्र पुऱ्याउँछ। वर्तमान संविधान २०५९ असोज १८ मै मृत्यु भइसकेकाले त्यो छ भनेर त्यसैले संशोधन गर्नुको कुनै तुक छैन। त्यसैले अहिले अन्तरिम विधान निर्माण र घोषणा गर्नु आवश्यक छ। किनभने अहिले अलग्गै वैधानिक व्यवस्था खोजी आवश्यक छ। यसले संसद्का आउने बैठक सञ्चालन र सरकारलाई काम गर्ने वैधानिक आधार प्रदान गर्छ। अन्तरिम विधान घोषणापछि नै माओवादी र नागरिकसँग संवादको आधार खुल्छ। त्यही संवादबाट संविधानसभाको गठन कसरी गर्ने, यसको संरचना कस्तो बनाउने र कुन निर्वाचन प्रणाली अपनाउने जस्ता विषयको टुंगो लाग्नेछ।

संविधानसभा आवधिक संसद्जस्तो मात्र होइन। यसले मुलुकको दीर्घकालीन भविष्य टुंगो लगाउने र संवैधानिक प्रबन्धको निष्कर्ष दिने भएकाले निर्वाचनमा बढी सहभागिता र प्रतिनिधित्व खोज्छ। त्यसैले अधिक सहभागिता र प्रतिनिधित्वको निर्वाचन क्षेत्र र प्रणाली खोज्नु आवश्यक छ। यसका लागि माओवादीसँग मात्र होइन आमनागरिकसँग पनि प्रशस्त छलफल आवश्यक छ। किनभने संविधानसभा भनेको प्रक्रिया मात्र होइन, जनताको सर्वोच्चता, स्वामित्व र अपनत्व स्थापित गर्ने लोकतान्त्रिक सिद्धान्त हो। यो कुराको प्रस्टताले मात्र उचित संरचना चयन गर्न सकिन्छ।

यसपछि निर्भयसाथ मतदान गर्ने वातावरण बनाउनु महत्त्वपूर्ण हो। यसका लागि माओवादी र राज्यसँग भएको हतियारको टुंगो लाग्नु पर्छ। दुवै हतियार व्यवस्थाभित्र राख्न सके मात्र निर्भय वातावरणमा मतदान हुन सक्छ। हतियारको टुंगो लागेपछि माओवादीसमेत सामेल अन्तरिम सरकार गठन गर्नु पर्छ। त्यसपछि निर्वाचन प्रक्रियामा धेरैभन्दा धेरैलाई सामेल गर्न सबै संचारमाध्यमबाट संवाद सुरु गर्नु पर्छ। यस्तो प्रचार र संवादले नै जनतालाई संविधान निर्माणमा आफ्नो भूमिका र अपनत्व महसुस हुन्छ। यो प्रक्रिया झन्झटिलो, जटिल र कठिन भए पनि अपरिहार्य हो। संविधानसभाको प्रक्रिया छोटो र छरितो बनाउन सम्भव छैन र यसो गरिएमा यो सफल पनि हुन सक्दैन।

अहिले नै राजनीतिक शक्तिहरूले राज्यको पुनर्संरचनाबारे प्रस्ट हुनु र धारणा सार्वजनिक गर्न आवश्यक छ। राजाको बारेमा, सेनाको स्वरूप र आकारको बारेमा धारणा बनाउनु पर्छ र सार्वजनिक हुनु पर्छ। निर्वाचन प्रणालीबारे छलफल हुन आवश्यक छ, किनभने शास्त्रीय संसदीय प्रणाली र लोकतन्त्र एउटै कुरा होइन। निर्वाचनलाई सहभागितामूलक र समावेशी कसरी बनाउन सकिन्छ, विचार गर्नु आवश्यक छ। यसअघि दलित, जनजाति, महिला र मधेसी समुदायको संसद् र राज्यका निकायमा अपर्याप्त सहभागिता रहेको स्विकारिएका कारण उनीहरूको पर्याप्त र सम्मानजनक उपस्थितिका निम्ति ढाँचा निर्माण आवश्यक छ।

### शंकर पोख्रेल, नेता एमाले



प्रतिनिधिसभाको बैठकले संविधानसभा निर्वाचनको संकल्प पारित गर्नु भनेको त्यसप्रति राजनीतिक प्रतिबद्धता मात्र हो। अब हामी व्यवहारिक चरणमा प्रवेश गर्नु पर्छ। २००७ देखि १५ सालको स्थिति दोहोरिन नदिन आगामी एक महिनाभित्र सरकारले केही ठोस काम गर्नै पर्छ, गर्न नसके संविधानसभा निर्वाचन सम्भव हुन्न भन्ने मेरो निष्कर्ष छ।

सबैभन्दा पहिले राजतन्त्रको परम्परागत संवैधानिक कानुनी भूमिका समाप्त पार्न यी काम गर्नै पर्छ :

क. राजपरिषद् खारेज गर्नु पर्छ। किनभने राजालाई निरंकुश बनाउन यसले नै राजनीतिक रूपमा सहयोग गरेको हो।

ख. राजा र राजपरिवारका सदस्यलाई सेनामा दिइएका विभिन्न माथिल्ला पदबाट हटाउनु पर्छ। किनभने यही कारण नै सेनामा राजाको प्रभाव रहेको हो। यसो नगरी सेना व्यवसायिक सेनामा रूपान्तरित हुन सक्दैन।

ग. माघ १९ को राजाको कदमलाई कु मान्नु पर्छ र त्यो कुलाई साथ दिनु दण्डनीय ठहर गर्नु पर्छ। यो स्विकारेपछि कुका सहयोगी सबै संवैधानिक अंगका प्रमुखलाई कारबाही गर्नु पर्छ। किनभने यसो नगर्ने हो भने फेरि कुको सम्भावना समाप्त पार्न सकिन्न। सुरक्षा र प्रशासन प्रमुखलाई पनि कुको सहयोगी बनेको आधारमा कारबाही गरिनु पर्छ।

घ. जनआन्दोलनका अपराधीलाई दण्डित गर्नु पर्छ। यसले जनआन्दोलनको भावनाको सम्मान गर्छ।

यसबाहेक माथि भनेजति महत्त्वका नभए पनि श्री ५ को सरकारको साटो नेपाल सरकार र राष्ट्रिय गान पनि परिवर्तन गर्नु पर्छ। यसैगरी राजपरिवारका सदस्यहरूको खेलकुदलगायत कार्यक्रममा हुने अनावश्यक सहभागिता पनि रोक्नु पर्छ। उल्लिखित काम नगरी माओवादीसँग वार्ता नै हुन सक्दैन, संविधानसभाको निर्वाचन त धेरै टाढाको कुरा भयो।

यी कामपछि राजनीतिक निर्णयका आधारमा संसद्ले निर्णयहरू गर्दै जानु पर्छ, बाझिएका वा बाधा पार्ने संविधानका धाराहरू निलम्बन गर्दै। यी निर्णयले मात्र वर्तमान उपलब्धि संस्थागत हुन सक्छ भने माओवादी पनि वार्तामा आउन र बस्न सक्छ। मेरो विचारमा माओवादीसँगको वार्ता दुईस्तरमा हुनु पर्छ। हतियार र शान्ति सुरक्षाबारे सरकारले वार्ता गर्नु पर्छ भने राजनीतिक विषयमा राजनीतिक दलहरूले नै वार्ता गर्नु पर्छ। त्यसैले माओवादीसँग दलहरूले वार्त थालिहाल्नु राम्रो हुन्छ। त्यसैगरी राजनीतिक दल, माओवादी र नागरिक समाज सम्मिलित एउटा राजनीतिक सम्मेलन पनि तत्काल बोलाउनु राम्रो हुन्छ। त्यसले केही प्रस्ताव पारित गर्न सक्छ, जसको जगमा उभिएर नयाँ प्रक्रियामा अघि बढ्न सकिन्छ। त्यसपछि तत्काल अन्तरिम संविधान जारी गर्नु पर्छ, प्रतिनिधिसभाले। किनभने वर्तमान संविधानले संविधानसभालाई सघाउँदैन, बाधा मात्र पुऱ्याउँछ। त्यस्तो प्रचलित अन्तरिम विधानले प्रचलित कानुनहरूलाई आफूभित्र पार्ने व्यवस्था मिलाउन सकिन्छ। अन्तरिम संविधान जारी भएपछि माओवादीसहितको अन्तरिम सरकार गठन गरिहाल्नु पर्छ।

यो अवस्थामा पुगेपछि संविधानसभा निर्वाचनको मिति घोषणा गर्नु अनिवार्य हुन्छ। किनभने त्यो नगर्ने हो भने निर्वाचन हुने विश्वास जनतामा जागृत हुन्न भने २००७ देखि ०१५ कै अन्योल फेरि दोहोरिने खतरा पनि रहन्छ। यसबीचमै संविधानसभा निर्वाचनको विधि र प्रक्रिया टुंगो लगाउन उच्चस्तरीय आयोग निर्माण गर्न सकिन्छ, जसले एक महिनामा प्रतिवेदन बुझाउन सक्छ। त्यो आयोगले सबै सरोकारवाला पक्षको सुझावसहित नै प्रतिवेदन बनाएको हुन्छ।

मेरो विचारमा एकलाख जनसंख्या बराबर एक निर्वाचन क्षेत्र उपयुक्त हुन्छ, जसले करिब २ सय ५० निर्वाचन क्षेत्र बन्नेछ। निर्वाचन क्षेत्र निर्धारण गर्दा यी विषयमा ध्यान पुऱ्याउनु उपयुक्त हुन्छ।
क. जनसंख्या र जातिगत बसोवास, ख. भूगोल
ग. सांस्कृतिक सम्मिलन, घ. भाषागत आधार
ङ. आर्थिक अन्तरसम्बन्ध, च. प्रशासनिक सुगमता

हामीले अपनाई आएको निर्वाचन विधि फेर्नु पर्छ। किनभने विद्यमान विधिमा अल्पमतले बहुमतलाई शासन गरेको छ। त्यसैले ५० प्रतिशत स्थानमा अहिलेकै अनुसार प्रत्यक्ष मतदान र बाँकीमा समानुपातिक विधि हुनु पर्छ, जस्तो लाग्छ। समानुपातिक सिटका लागि दलहरूले पहिले नै आफ्ना उम्मेदवार सार्वजनिक गर्नु पर्छ। यो विधि युरोपका निकै मुलुकमा प्रचलित छ। संविधानसभा र पछिका निर्वाचनका लागि समेत यो विधि निश्चित गर्न सकिन्छ। यसैगरी जाति र महिला प्रतिनिधित्व पनि यो विधिबाट सुनिश्चित हुन सक्छ।

निर्वाचनमा दलहरू आफ्ना एजेन्डासहित जानेछन्। निर्वाचनपछि बन्ने संविधानसभाले विषयगत समितिहरू बनाउनेछ र ती समितिहरूले विषयसँग सरोकार हुने र अन्य जनताको पनि सुझाव लिनेछ। समितिको प्रतिवेदनलाई सभाले पालैपालो अनुमोदन गर्नेछ र त्यो संविधानको अंग बन्दै जानेछ। कुनै महत्त्वपूर्ण विषयमा समितिमा सहमति बन्न सकेन भने त्यसलाई जनमत संग्रहमा पनि लान सकिनेछ र जनमत संग्रहको निर्णयानुसार त्यो संविधानको अंग बन्नेछ।

■ विश्वमणी पोखरेल/सुवास देवकोटा/किरण भण्डारी/काठमाडौं

# चर्को असन्तुष्टि

■ गोविन्द परियार/काठमाडौं

**समावेशी लोकतन्त्रको पक्षमा सडकमा उर्लेको जनभेलले खोलेको समावेशी लोकतन्त्रको ढोका राजनीतिक दलहरूले अहिले देखाएको कार्यशैलीबाट 'कतै बन्द हुने त होइन ?' विश्लेषक सशंकित छन् ।**

**जनआन्दोलनको बलमा** गठित सरकारको प्रारम्भिक स्वरूपमा राज्यबाट सधैं बहिष्कृत भएका समुदायहरू फेरि पनि बहिष्कृत भएकोमा उनीहरूमा असन्तुष्टि देखिएको छ । पिछडिएका समुदायको मन्त्रिपरिषद्मा प्रतिनिधित्व नगराएर जनभावनाको कदर नगरिएको आरोप अधिकारवादीहरूले लगाउन थालेका छन् । समावेशी लोकतन्त्रको नारा बोकेर सफल भएको जनआन्दोलनबाट बनेको सरकारको प्रारम्भिक स्वरूपमा दलितहरूको प्रतिनिधित्व भएको छैन ।

२०४६ पछिको प्रजातान्त्रिक शासनकालमा राज्यका सीमित जातिले सधैं शासन गर्ने र राज्यका सबै निकायमा उनीहरूको मात्र प्रतिनिधित्व हुने परिपाटीका कारण प्रजातान्त्रिक प्रणाली असफल भएको विश्लेषण हुँदै आएको छ । समावेशी लोकतन्त्रको पक्षमा सडकमा उर्लेको जनभेलले खोलेको समावेशी लोकतन्त्रको ढोका राजनीतिक दलहरूले अहिले देखाएको कार्यशैलीबाट पुरा हुने लक्षण नदेखिएको विश्लेषकहरूले बताएका छन् । यसको पछिल्लो उदाहरण नवगठित मन्त्रिपरिषद्मा दलित, जनजाति र महिलाहरूको प्रतिनिधित्व विहीन बनाएर देखाएको छ ।

उत्पीडित जातीय मुक्ति समाजका अध्यक्ष लालबहादुर विश्वकर्मा भन्छन्, 'सात दलले एकजना पनि सरकारमा समावेश नगराएर दलहरू दलितप्रति संवेदनशील नभएको देखाएको छ, जसले जनआन्दोलनको भावनामाथि समेत प्रहार गरेको छ ।'

राजाबाट जनआन्दोलनको दबाबमा प्रतिनिधिसभा पुन:स्थापना भए पनि त्यहाँ दलित एकजनाको पनि प्रतिनिधित्व छैन । अधिवक्ता यमबहादुर किसान भन्छन्, 'एकजना पनि दलित सांसद नभएको प्रतिनिधिसभाको पुन:स्थापनाले दलित अधिकारको ग्यारेन्टी गर्ला भन्नेमा दलितहरू कसरी विश्वस्त हुने ?' संसद्मा दलितहरूको प्रतिनिधित्व नहुँदा राज्यका महत्त्वपूर्ण निर्णयबारे आफ्नो माग राख्ने आधिकारिक फोरमबाट दलितहरू बन्चित छन् । नेपाली कांग्रेस केन्द्रीय सदस्य मानबहादुर विश्वकर्मा भन्छन्, 'महत्त्वपूर्ण घडीमा राज्यको पुनर्संरचनाको जिम्मेवारी बोकेका सात राजनीतिक दलबाट एकजना पनि दलित मन्त्रिमण्डलमा समावेश गरिएन । यसबाट के बुझिन्छ भने उनीहरूले दलितका मुद्दालाई अझै बेवास्ता गरेका छन् ।' करिब १५ प्रतिशतको हाराहारीमा रहेका दलितको राज्यका कार्यकारिणी निकायहरूमा भएको शून्यताले उनीहरूका बारेमा राज्य अझै सचेत छैन भन्ने देखाएको छ । आदिवासी जनजाति महासंघका महासचिव डा. ओम गुरुङ भन्छन्, 'समावेशीकरणका नारा अहिल्यै ओझेलमा पर्न थालेको छ । यसको पछिल्लो उदाहरण वर्तमान जनआन्दोलनको बलमा बनेको सरकारमा एकजना पनि दलित र जनजातिको प्रतिनिधित्व नहुनु हो ।' राज्यले अझै पनि सीमित जातिको मात्र राज्यसत्तामा पकड बनाइराख्ने हो भने अन्य जातिले अर्को आन्दोलन गर्नु पर्ने दलित तथा जनजातिका नेताहरू बताउँछन् ।

राजनीतिक दलहरूले आफ्नो कार्यशैलीमा सुधार गरी समावेशीकरण नीति लागू गर्दै नजाने हो भने नयाँ बन्ने संविधानले पनि दलित र जनजातिको अधिकारको ग्यारेन्टी नगर्ने अधिकारवादीहरूले बताएका छन् । संविधानसभाको निर्वाचनमा दलितहरूको प्रतिनिधित्व कसरी गर्ने भन्नेमा पनि प्राय: दलहरूसँग स्पष्ट दृष्टिकोण छैन ।

दलितहरूले भने आफ्ना प्रतिनिधि आफैले चुन्न पाउने निर्वाचन प्रणाली बनाउनु पर्ने भन्दै आएका छन् । अधिवक्ता किसान भन्छन्,

▼ **पिछडिएको वर्गलाई मूलधारमा ल्याउनेसमेत अहिलेको सरकारको दायित्व हो**



फाइल फोटो : तेजबहादुर बस्नेत

'संविधानसभाको चुनावमा दलितले दलितलाई नै मत हाल्न पाउने प्रणाली तयार गर्नु पर्छ। यसले मात्र उम्मेदवार दलितप्रति उत्तरदायी हुन्छ।' बसोवासको हिसाबले दलितहरू देशभर छरिएर रहेका छन्, जसले गर्दा उनीहरूको बहुमत जनसंख्या कुनै पनि जिल्लामा छैन। यही निर्वाचन प्रक्रियाअन्तर्गत चुनाव हुने हो भने दलितहरूले फेरिन पनि जित्ने सम्भावना ज्यादै कम हुन्छ।

संविधानसभाको निर्वाचनले राज्यको भूराजनीतिक विशेषता समाहित गर्नु पर्ने बताइए पनि त्यसको खाका दल र अन्य विज्ञहरूसँग स्पष्ट देखिँदैन। अहिलेका मूल कानुन एकल जाति, भाषा, संस्कारमा आधारित छन्। यसले देशका विविधता समेट्न सकेको छैन। संविधानसभाको प्रक्रियादेखि नै सहभागितामूलक हुनु पर्छ। राज्यका सबै जातजातिले नयाँ बन्ने संविधानमा आफ्ना हकअधिकारको ग्यारेन्टी हुन्छ भनेर अहिले नै विश्वास गर्ने आधार छैनन्।

२०४७ सालको संविधानले व्यवस्था गरेको कतिपय धारा, उपधारा समेत कार्यान्वयन नभएर समाजमा छुवाछूत प्रथा कायमै रहेकाले गर्दा दलितहरूले अब संविधानसभामार्फत बन्ने नयाँ सविधानले कानुन कार्यान्वयन नगर्ने अधिकारीलाई कारबाहीको स्पष्ट व्यवस्था गर्नु पर्ने माग राखेका छन्। अधिवक्ता किसान भन्छन्, 'नयाँ बन्ने संविधानले कानुन कार्यान्वयन नगर्ने अधिकारीलाई कारबाही गर्ने स्पष्ट व्यवस्था गर्नु पर्छ। कानुन कार्यान्वयन गर्ने निकायमा दलितहरूको पहुँचको ग्यारेन्टी हुने प्रावधान संविधानमै व्यवस्था हुनु पर्छ।' संविधानसभाको चुनाव उच्चतम प्रजातान्त्रिक पद्धति भएकाले यसबाट समाजमा रहेका सबै जातजाति र समुदायको हक र अधिकारको सुनिश्चितता गर्नको लागि सम्बन्धित समुदायलाई आत्मनिर्णयको अधिकार दिनु पर्ने अधिकारवादीहरू बताउँछन्। डा. गुरुङ भन्छन्, 'संविधानसभाबाट बन्ने नयाँ संविधानले दलित र जनजातिलाई समानुपातिक आरक्षण, क्षेत्रीय सुशासन र आत्मनिर्णयसहितको जातीय अधिकारको ग्यारेन्टी गर्नु पर्छ।'

प्रजातान्त्रिक शासन प्रणालीमा निर्णायक भूमिका राजनीतिक दलहरूकै हुन्छ। त्यसैले जातीय छुवाछूत हटाएर समतामूलक समाज निर्माणको लागि उनीहरू सक्रिय हुनै पर्छ, तर विगतको प्रयागले राजनीतिक दल आफै छुवाछूत उन्मूलनमा कटिबद्ध भएको देखिँदैन। तसर्थ राज्यको पुनर्संरचनाको सन्दर्भमा राजनीतिक दलहरूले आफ्ना विधानमा जातीय छुवाछूत हटाउने व्यवस्था गर्नु अबको पहिलो दायित्व हुनु पर्छ। राजनीतिक दलका विधानहरूमा छुवाछूत गर्ने आफ्ना नेता तथा कार्यकर्तालाई छुवाछूत गरेमा कडा कारबाही गर्ने प्रावधान राख्नु पर्ने सुझाव किसानको छ।

उनी भन्छन्, 'अहिलेसम्म सधैं निश्चित जातिहरूले शासन गर्दै आएकाले अब बन्ने राज्यको कानुनमा दलितहरूलाई जनसंख्याको आधारमा समानुपातिकका साथै शासकीय जातिहरूबाट कटौती गरेर थप विशेषाधिकार समेत दिनु पर्छ।' ■

# दलित आन्दोलन विचारधारात्मक



परशुराम रस्तेल
महासचिव, नेपाल दलित मुक्ति मोर्चा

**दस वर्ष लामो माओवादी जनयुद्धमा कतिजना दलितले ज्यान गुमाए ?**

जनयुद्धका प्रथम सहिद नै दिलबहादुर रस्तेल दलित नै हुन्। र, प्रथम सहिद दलित बनेकोमा हामीलाई गौरव छ। नेपाल दलित मुक्ति मोर्चाका महासचिव प्रेम बराइली, लगायत केन्द्रीय कमिटीका सातजना कमरेडले जनयुद्धका क्रममा सहादत प्राप्त गर्नुभएको छ भने अन्य एक हजारभन्दा बढी दलितले पनि सहादत प्राप्त गरेका छन्।

**जनयुद्धमा यति धेरै दलितहरूले ज्यान गुमाएका छन्, माओवादीभित्र दलितको प्रतिनिधित्व कस्तो छ ?**

अधिकांश ग्रामीण क्षेत्रका जनवादी राज्यसत्तामा दलितहरूले समानुपातिक प्रतिनिधित्व र थप विशेष अधिकार उपभोग गरिरहेका छन्।

**दलित मुक्तिको सवालमा माओवादीको रणनीति के हो ?**

प्रचण्डपथले दलित आन्दोलनलाई वर्गीय आन्दोलनसँगै एकाकार बनाएर अगाडि बढाउनु पर्छ भन्छ। सारमा भन्नु पर्दा दलित आन्दोलन विचारधारात्मकरूपमा स्पष्ट हुँदै अगाडि बढिरहेको छ।

**माओवादी प्रभावित क्षेत्रहरूमा जातीय छुवाछूतको अवस्था कस्तो छ ?**

जातीय अवस्था हेर्दा सामाजिक र सांस्कृतिक समस्यासँग दाजेर हेर्नु पर्छ र निश्चितरूपमा अहिले जनवादी सत्ता संचालन भएका ग्रामीण क्षेत्रहरूमा नब्बे प्रतिशतको हाराहारीमा जातीय छुवाछूत हटिसकेको हामी पाउँछौं। यो समस्या सांस्कृतिक समस्यासँग जोडिएको हुँदा पूर्णरूपमा अन्त्य गर्न विचारसँगै सामाजिक अन्तरघुलनको माध्यम अपनाउनु पर्छ भन्ने हामीलाई लाग्छ।

**वर्गीय मुक्तिबाट मात्र जातीय मुक्ति हुन्छ भनेर हतियार उठाउने र अहिले विशेषाधिकारको कुरा गर्ने ? तारतम्य मिलेन नि ?**

एक्काइसौं शताब्दीको दलित समुदायले समग्र प्रगति, मुक्ति अथवा विकासको प्रतिनिधित्व गर्न सकेको छैन। यस अर्थमा वर्गीय संघर्षसँगै दलितहरूलाई विशेषाधिकार पनि आवश्यक छ भन्ने हाम्रो पार्टीको ठहर हो।

**दलित मुक्तिका लागि संयुक्त मोर्चाको सम्भावना कत्तिको छ ?**

निश्चितरूपमा अन्य दलित संघसंगठनसँग दलित अधिकार र मुक्तिमा संयुक्त मोर्चा वा संयुक्त समितिहरूमा बस्न हामीलाई कुनै आपत्ति छैन। तर, हाम्रो बुझाइमा नेपालमा जातीय छुवाछूतको अन्त्य र दलित मुक्तिको लागि वर्णाश्रमवादी हिन्दु सामन्तवाद अन्त्य नभएसम्म सम्भव छैन र यसलाई अन्य दलित संघसंगठनले पनि बुझ्नु पर्छ। संविधानसभाको चुनावमार्फत लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नको लागि साझा मोर्चा बनाएर जानु पर्छ भन्नेमा हामी स्पष्ट छौं। हामी धार्मिकताको वकालत गर्ने शक्तिबाहेक अन्यसँग सहकार्य गर्न तयार छौं।

**यस्तो वातावरण बनाउन पहल सुरु भयो त ?**

अहिले हामी विभिन्न राजनीतिक दलका भातृ संगठनहरू, अन्य जातीय संगठनहरू, गैरसरकारी संस्थाहरू र दलित बुद्धिजीवीहरूसँग छलफल अगाडि बढाउने तयारीमा छौं। यो छलफलबाट दलित आन्दोलनको दिशा के हो र दलित आन्दोलनले किन स्पष्ट दिशा लिन सकेन भन्ने पनि निष्कर्ष निस्कनेछ भन्ने हामीलाई विश्वास छ। कार्यनीतिकरूपमा अहिले हामी यो आन्दोलनलाई उत्कर्षमा पुऱ्याउन जनदबाब सृजना गर्न लागिरहेका छौं र यो नै दलित मुक्तिको अहिलेको बाटो पनि हो।

**तपाईंहरूले दलितहरूलाई विशेषाधिकार दिने कुरा गर्नुभएको छ र त्यसलाई माओवादी पार्टीले पनि स्विकारेको छ, यसले वर्गीय मुक्तिको लडाइँको दिशा कमजोर हुँदैन ?**

अहिले नै यसबारे छलफल गर्नु सान्दर्भिक होलाजस्तो लाग्दैन। मूल कुरो संविधानसभाको प्रक्रियामा जाँदासम्म अवस्था कस्तो रहन्छ, कस्ता षड्यन्त्र हुन्छन् र संविधानसभा सशर्त यो हुने हुन् कि भन्ने कुरा हुन्। तर संविधानसभामार्फत माओवादी राजनीतिक मूलधारमा आउने अवस्था रहयो भने हामीले उठाएका कुरा लागू गर्न हामी पार्टीलाई दबाब दिन्छौं।

**विगतमा भएका सरकार र माओवादी वार्तामा दलितहरूको प्रतिनिधित्व देखिएन नि ?**

वार्तामा सबै जातिलाई उपस्थित गराउन सकिँदैन, त्यहाँ विभिन्न प्राविधिक कठिनाइ हुन्छन्। भौतिक उपस्थितिले मात्र समस्या समाधान हुन्छ भन्नु गलत हो। त्यहाँ गएकाहरूले दलितको मुद्दा कसरी उठाउँछन् भन्ने प्रमुख कुरा हो र हाम्रो पार्टीका तर्फबाट गएका प्रतिनिधिहरूले हाम्रा मुद्दालाई उठाएका थिए।

**मुक्ति मोर्चाको अहिलेको कार्यनीति के हो ?**

हालसालै सम्पन्न हाम्रो तेस्रो राष्ट्रिय सम्मेलनले अझै पनि विश्वका एक सय सैतीस देशमा विभिन्न किसिमको विभेद भएको ठहर गरेको छ। विभेदको स्वरूप नेपाललगायत दक्षिण एसियामा झनै खतरनाक भएको हाम्रो निचोड छ। तसर्थ दक्षिण एसियाकै दलित मुक्तिमा घनीभूत भएर अगाडि बढ्ने हाम्रो कार्यनीति सम्मेलनले पारित गरेको छ। ■

**लप्पन–छप्पन नबुझ्ने निर्दोष नेपाली जनताले राजा र ठूला दलका नेतागणकै मुखबाट सुनेकाले त्यो कुरा पत्याएर अब 'सेरेमोनियल राजा' भोग्न पाइने भो भनेर मक्ख पनि परेकै हुन्, तर पछि गएर त्यो दन्त्यकथा मात्र सावित भयो । 'सेरेमोनियल राजा' अहिलेको नेपालका राजा, दलहरू तथा नागरिक समाज कसैले पनि भित्री मनले नरुचाएको एउटा बवारिसे विचार भएकाले पनि यसलाई दन्त्यकथा भन्न खोजिएको हो ।**



विमलकुमार फुयाँल

# दन्त्यकथाका 'सेरेमोनियल राजा'

**'सेरेमोनियल राजा'** आधुनिक नेपालको एउटा बहुचर्चित दन्त्यकथा हो । फेरि एकपटक यसको नयाँ संस्करणको रचना भइरहेझैं लाग्छ । यो मुलुकमा अति नै उदार, पटक्कै शक्तिपिपासा नभएका, नेपालीमात्रका उत्थानका लागि समर्पित 'सेरेमोनियल राजा' उदाउन लागेका विषयमा विभिन्न वाचकले कथा हाल्न थालेका छन् । दन्त्यकथा सुन्दा मजा लाग्छ । वास्तविक जीवनमा असम्भव कुरा कथामा सम्भव बनाइएको हुन्छ । स्वैर-कल्पनामा रचिएका यस्ता कथामा पशुपक्षी र बोट-बिरुवा समेत सक्रिय पात्र हुने गर्छन् । मान्छे र पीपलको रूखबीच नैतिकताबारे संवाद हुन्छ, न्याउरीको व्यथा सुनेर मत्ता हात्ती धुरुधुरु रुन्छ, फुच्चे माछा पोखरीबाट निस्केर बाँदरको जमातलाई निष्कपट प्रेमको महिमा सुनाउँछ । यस्ता चित्ताकर्षक वर्णनले त्यो दन्त्यकथा दिगो बन्न पुग्छ ।

एकादेशको दन्त्यकथामा एक शक्तिशाली राजाले एउटी जंगली माकुरीको पश्चात्तापपूर्ण जीवनगाथा सुनेपछि आफ्नो सिंहासनलाई नै पापको पोको ठानेर मोक्षप्राप्तिका लागि राजपाठबाट संन्यास लिएको वर्णन गरिएको छ । दन्त्यकथाको एउटा अनियमित पाठकको हैसियतले भन्नुपर्दा रोचक पनि लाग्ने, रमाइलो पनि हुने, केही पाठ पनि सिकिने तर कथाको विवरणमा जे भयो साँच्चिकै त्यस्तै नै हुन्छ भनेर पत्याउनचाहिँ नमिल्ने कथा नै दन्त्यकथा हो जस्तो लाग्छ । नेपालमा संवैधानिक राजा हुने कुरा पनि कुनै भूमिगत रचनाकार समूहले तयार पारेको पुरानै दन्त्यकथाको नौलो संस्करण पो हो कि ?

सात साल र छयालीस सालको राजनीतिक परिवर्तनपछि नेपालमा अब प्रजातन्त्र आयो, बेलायतमा जस्तै संवैधानिक राजतन्त्र हुने भो, राजा 'सेरेमोनियल' बनेर बस्छन् र निर्वाचित जनप्रतिनिधिले सरकार चलाउँछन् भनिएको थियो । लप्पन-छप्पन नबुझ्ने निर्दोष नेपाली जनताले राजा र ठूला दलका नेतागणकै मुखबाट सुनेकाले त्यो कुरा पत्याएर अब 'सेरेमोनियल राजा' भोग्न पाइने भो भनेर मक्ख पनि परेकै हुन्, तर पछि गएर त्यो दन्त्यकथा मात्र सावित भयो । 'सेरेमोनियल राजा' अहिलेको नेपालका राजा, दलहरू तथा नागरिक समाज कसैले पनि भित्री मनले नरुचाएको एउटा बवारिसे विचार भएकाले पनि यसलाई दन्त्यकथा भन्न खोजिएको हो । छयालीस सालको आन्दोलनले बाध्य पारेकाले मात्र सतहीरूपमा संवैधानिक राजतन्त्र मानेको र २०४७ को संविधान निर्माण हुने बेलादेखि नै राजदरवारले 'सेरेमोनियल'को अवधारणा कुल्चिएर षड्यन्त्र गर्न थालेकोबारे थुप्रै चर्चा भइसकेको छ । विभत्स दरवार हत्याकाण्डपछि श्रीपेच पहिरिने अवसर पाएका ज्ञानेन्द्रले त सुरुदेखि नै आफू 'जनताको दुःख' दाजु (राजा वीरेन्द्र)ले जस्तो टुलुटुलु हेरेर बस्न नसक्ने कुरा 'इमानदारीपूर्वक' प्रस्टै राखेका थिए । मुखले संवैधानिक राजतन्त्र भनिरहे पनि राजाको सक्रिय भूमिका रहने 'रचनात्मक राजतन्त्र'को पक्षमा उनले वकालत गरेका थिए । सोही दर्शनअनुरूप उनले पहिले असोज १८ को 'नरम' पाइला र त्यसपछि माघ १९ मा सैनिक 'कु' गरेर सक्रिय शासन हात पारेका हुन् । त्यसैले नेपालको राजसंस्थालाई 'सेरेमोनियल राजा' स्वीकार्य छैन ।

विगत पाँच वर्षको नयाँ राजाको नरम तथा गरम कदमले संवैधानिक राजतन्त्रका हिमायती राजनीतिक दलहरू र तिनका बौद्धिक प्रवक्ताहरूलाई थिलोथिलो हुने गरी दमन गरेकाले उनीहरू आफूलाई गणतन्त्रवादी भन्न नसके पनि राजतन्त्र निरपेक्ष भन्नु पर्ने कुनासम्म धकेलिन पुगे । पुनःस्थापित प्रतिनिधिसभाका कुनै पनि प्रमुख दलले यति बेला 'सेरेमोनियल राजा'को वकालत गर्दै छैनन् । राजसंस्थालाई नै मतलव नभएको एजेन्डा अरूले मात्र उचालेर काम पनि छैन ।

कुनै पनि दलसँग आबद्ध नभएका, तर लोकतन्त्र र शान्तिप्रति प्रतिबद्ध बृहत् नागरिक समाजले भने राजसंस्था स्वयंलाई चासो नभएको 'सेरेमोनियल राजा'को वकालत नगरीकन सोझै गणतन्त्रको माग गर्दै आएको छ । काठमाडौंको बानेश्वर र वसन्तपुरबाट सुरु भएको सचेत नागरिक आन्दोलनले उपत्यकाका विभिन्न स्थान हुँदै मुलुकका थुप्रै जिल्लामा लोकतन्त्र र दिगो शान्तिका लागि गणतन्त्र भन्ने सन्देश प्रवाहित गऱ्यो । शस्त्रप्रधान रणनीतिअन्तर्गत एकदलीय जनगणतन्त्रका लागि क्रियाशील माओवादीलाई युद्धविराम गर्दै सात दलसँग बाह्र बुँदामा सहमत भई लोकतान्त्रिक गणतन्त्रको लागि शान्तिपूर्ण जनआन्दोलनमा समाहित हुन पनि यो नागरिक आन्दोलनले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

सात दल, माओवादी र जुझारु नागरिक समाजको आह्वानमा सुरु भएको भर्खरैको जनआन्दोलनले पनि 'सेरेमोनियल राजा'को एजेन्डा बवारिसे भएको नै प्रमाणित गरेको छ । राजावादीहरू हिन्दु राजा संविधानमा नबाँधिने र राजाले जे बोल्छन् त्यही संविधान हो भन्न थाले । शान्तिपूर्ण आन्दोलनमा उत्रेका जनसमुदायलाई राजाको अध्यक्षताको मनोनीत सरकारले सुरक्षाकर्मीको व्यापक दुरुपयोग गर्दै चरम दमन गऱ्यो । डेढ दर्जन नागरिकको त ज्यानै लिए, करिब पाँच हजारलाई घाइते र अंगभंग तुल्याए भने हजारौंलाई जेलनेल ठोके । लाठी र अश्रुग्याँस भोग्ने लाखौं भए । स्वभाविकैरूपमा आन्दोलनमा उत्रेका मुलुकभरिका पचासौं लाख जनसमुदायले कहिले, कतै 'सेरेमोनियल राजा' चाहिन्छ भनेका छैनन् । सबैतिर र सधैंभरि दिगो लोकतन्त्रका लागि गणतन्त्रकै माग भइरहेछ । यहाँनेर नागरिक आन्दोलनका प्रबुद्ध अगुवा कृष्ण पहाडीको भनाइ स्मरण गर्नु उपयुक्त हुन्छ, 'यदि कसैले सेरेमोनियल वा संवैधानिक राजतन्त्रको नाममा राजालाई राख्ने भन्छ भने त्योभन्दा ठूलो सहिदको अपमान र ठगी केही हुन सक्दैन । किनकि सारा विसंगति र सामन्तवादको संरक्षकको केन्द्रविन्दु राजतन्त्र रहँदै आएको छ ।'

सक्रिय राजतन्त्रको नेपाली भूमिमा अब कुनै उपयोगिता बाँकी छैन । जागृत जनता स्पष्टरूपमा लोकतान्त्रिक गणतन्त्रको पक्षमा छन् । राजसंस्थाकै षडयन्त्रले 'सेरेमोनियल राजा'को एजेन्डा दन्त्यकथा बन्न पुग्यो । अझै, कुनै व्यक्ति, दल वा राजपरिवारका सदस्यले इमानदारीपूर्वक 'सेरेमोनियल राजा'को औचित्य र सम्भावनाबारे बहस गर्न चाहन्छन् भने लोकतन्त्रवादीहरूले सहिष्णुतापूर्वक उनीहरूको कुरा सुन्नु पर्छ । भावी नेपालमा गणतन्त्र वा 'सेरेमोनियल राजा' के हुने भन्नेबारे अन्तिम निर्णय त संविधानसभामा जनताले खसाल्ने मतले नै गर्नेछ । ■

# हाम्रो पालो



तुलसी क्षेत्री र सेतु विश्वकर्माले आफ्नो जीवनको आहुति दिएर मुलुकको लोकतान्त्रिक आन्दोलनलाई सफलताको विन्दुतिर डोऱ्याए । यो सफलतामा सुरक्षाकर्मीको अत्याचार सहँदै ज्यानको बाजी थापेर सडकमा आउने हजारौं महिलाको योगदान पनि कम छैन । किन आए त घरको चौघेरामा सीमित पारिएका महिलाहरू सडकमा ? उनीहरू समानता र मुक्ति खोजिरहेका छन्, तर के यो समाज महिलामुक्तिका लागि तयार छ त ?

तस्वीरहरू : तेजबहादुर बस्नेत

# इतिहास रच्ने महिलाहरू


■ अञ्जु क्षेत्री

**निरंकुश राजतन्त्रको अन्त्य** र लोकतन्त्र बहालीको निम्ति भएको जनआन्दोलनमा दुई महिला सहिद भएका छन्। तुलसी क्षेत्री आन्दोलनको मोर्चामा आउन नपाउँदै आफ्नै घरमा सहिद हुन पुगेकी थिइन् भने सेतु विश्वकर्मा लोकतान्त्रिक आन्दोलनको मोर्चामा ओर्लिंदा सहिद हुन पुगिन्। बाजुराको मार्तडीमा निस्केको शान्तिपूर्ण जुलुसमा प्रहरीको लाठीबाट अठ्ठाईसजना महिला घाइते भए। त्यसैगरी काठमाडौंमा पनि शाही घोषणापछि निस्किएको जुलुसमा धेरै संख्यामा महिला घाइते भएका थिए। कुल घाइतेमा महिलाको संख्या कति छ भन्ने अहिलेसम्म बाहिर आएको छैन।

'लोकतन्त्रमा मात्र महिलाहरूको अधिकार सुरक्षित रहन्छ', 'चुलो चौको छाडिन्छ, लोकतन्त्र ल्याइन्छ' भन्ने नारा घन्काउँदै विशाल संख्यामा म्याग्दी बेनीबजारको सडकमा ओर्लिएका महिलाको जुलुस देख्दा, प्रतिगमनको लास बोकेर नगरपरिक्रमा गर्दै गरेका सिमराका महिलाका तस्वीर हेर्दा, महिलाहरूको नेतृत्वमा कीर्तिपुरमा ठूलो जुलुस निस्कियो भन्ने समाचार सुन्दा, निरंकुशता बढारेको प्रतीकात्मक सन्देश दिन कुचो बोकेर लेटाङका महिलाहरू सडकमा ओर्लिए भन्ने समाचार पढ्दा र 'लोकतन्त्र र शान्तिको लागि महिला सहभागिता' भन्ने नारा घन्काउँदै सडकमा ओर्लिएका नेपालगन्जका महिलाहरूको तस्वीर देख्दा लोकतान्त्रिक शासनप्रणालीमा आस्था राख्ने प्रत्येक महिला आन्दोलित नभई रहनै सकेनन्। दोस्रो जनआन्दोलनको उन्नाईसौं दिन आइपुग्दा मुलुकभरि साठीभन्दा बढी स्थानबाट हजारौंको संख्यामा महिला सडकमा ओर्लिएर आफ्नै नेतृत्वमा लोकतन्त्रको पक्षमा आफ्नो अभिमत दिएका थिए।

निरकुंश राजतन्त्रको अन्त्य र लोकतन्त्र बहालीको निम्ति भैरहवा, दमौली, इलाम, काँकडभिट्टा, महेन्द्रनगर, पोखरा, बागलुङ, इनरुवा, बनेपा, गुल्मी, पर्वत, धनकुटा, दाङ, बेलबारी, धनगढी, पाल्पा, गोरखा, जनकपुर, बाजुरा, दैलेख, लाहान, लमजुङ, सिमरा, उदयपुर, राजविराज, मकवानपुर, सल्यान, प्यूठान, चितवनलगायतका ठाउँ तथा राजधानी काठमाडौंका विभिन्न कुनाकुनाबाट महिलाले ठूलो संख्यामा सडकमा ओर्लिएर सार्थक सहभागिता देखाई इतिहासमा अलग्गै गौरवगाथा रचेका छन्। यसरी लोकतन्त्रका पक्षमा सडकमा ओर्लिएकाहरूमा राजनीतिक दलका कार्यकर्तामात्र नभएर लोकतन्त्रमा आस्था राख्ने गृहिणीदेखि किसान, मजदुर, व्यवसायी, सामाजिक कार्यकर्ता तथा पेसागत क्षेत्रमा सक्रिय सबै किसिमका महिला थिए।

डेढ दशकअघि २०४६ सालमा भएको पहिलो जनआन्दोलनमा पनि महिलाहरूको सहभागिता र योगदान अविस्मरणीय थियो। त्यसपछि त झन् सबै किसिमको मानवअधिकारको माग राखी निर्धक्करूपमा उनीहरू आन्दोलित हुन थाले। फलतः त्यसपछिका केही वर्षमा नेपाली महिलाले प्रजातान्त्रिक सरकारबाट थोरै भए पनि कानुनी अधिकार खोस्न सफल भएका थिए, तर राजा ज्ञानेन्द्रले माघ १९ मा नेपाली नागरिकका प्रजातान्त्रिक अधिकार हत्याएर निरंकुश शासन लागू गरेपछि महिला अधिकारलगायत सबै तप्का र समूहका अधिकारमुखी आन्दोलनमा पूर्णविराम लाग्न गएको थियो। हुनत प्रजातन्त्र खोस्ने राजा ज्ञानेन्द्रको सरकारसँग पनि ढुलमुले सोच भएका महिला सक्रियतावादीहरूको एउटा समूहले अध्यादेशबाट भए पनि महिला अधिकारको माग राखी गलत परम्पराको हिस्सेदार बन्न तयार थिए, तर प्रजातान्त्रिक शासन पद्धतिमा आस्था राख्ने नारीवादीहरू नारायणहिटीसँग अध्यादेशबाट अधिकार माग्ने कुराको सख्त विरुद्धमा थिए। जे होस्, धेरै महिला अधिकारवादीले लोकतान्त्रिक व्यवस्थाको बहालीलाई नै मुख्य एजेन्डा बनाएर आफ्नो गतिविधि अघि बढाए।



जनआन्दोलन उत्कर्षमा पुगेका बेला एक अधिकारवादी महिलाले आन्दोलनलाई लैंगिक मूलप्रवाहीकरण गर्न नसकेकाले महिला अधिकारवादीहरू आन्दोलनमा नआएका हुन् भनेर हास्यास्पद र असान्दर्भिक कुरा एउटा पत्रिकामार्फत व्यक्त गरेकी थिइन्। सात राजनीतिक दल (माओवादीको समर्थनसहित)ले निर्धारण गरेको एजेन्डासहित दोस्रो जनआन्दोलनमा आम राजनीतिक कार्यकर्ताको साथमा आम महिलाहरू पनि स्वस्फूर्तरूपमा संगठित भएर सडकमा आएका थिए। सबै लोकतन्त्रप्रेमी नेपालीहरूझैं उनीहरूको अगाडि पनि एउटै लक्ष्य थियो- मुलुकमा लोकतन्त्रको बहाली। अहिले जनआन्दोलनको बृहत्तर माग पूरा गर्ने प्रस्थानबिन्दु क्रियाशील भइसकेको छ। यस अवस्थामा आन्दोलनका हिस्सेदार महिलाहरूले पनि आगामी सबै अभ्यासमा महिला समावेशीकरणको अपेक्षा गर्नु अत्यन्त स्वभाविक हो। यस अवस्थामा सडकबाट पुनःस्थापित संसद् र अब बन्ने सरकारले केही पक्षमा विशेष ध्यान दिनु पर्ने देखिन्छ।

पहिलो त, बजारमा चलेका हल्ला सुन्दा पढ्दा एमालेबाट एकजना उर्मिला अर्याल रहने निश्चितजस्तै देखिन्छ भने नेपाली कांग्रेसबाट कमला पन्तको नाम सुनिँदै छ, तर कमलाको सम्भावना एकदमै झिनो छ। २१ सदस्यीय मन्त्रिपरिषद्मा बन्दा एकजना मात्र महिला समावेश हुने अवस्था रहयो भने पाँच प्रतिशतको हाराहारीमा मात्र महिला प्रतिनिधित्व गराउने राजनीतिक दल र सरकारबाट भविष्यमा पनि कतिधेरै आशा गर्न सकिएला ? उसो त भावी मन्त्रिपरिषद्मा दलित, जनजाति र दुर्गम क्षेत्रको पनि चित्तबुझ्दो समावेशीकरण होला जस्तो देखिँदैन। यस्ता पक्षमा गम्भीरतापूर्वक सोचिनु र निर्णय गरिनु पर्ने हो। त्यसैगरी जनआन्दोलनको मुख्य माग बनेको संविधानसभामा पनि कम्तीमा ३३ प्रतिशत महिला पुग्ने अवस्था कसरी सृजना गर्ने भन्ने सम्बन्धमा सम्बन्धित दलहरूले इमानदारीपूर्वक गृहकार्य गर्नु जरुरी छ। आशा गरौं संविधानसभाबाट जुझारु महिलाहरू नेतृत्वको अग्रस्थानमा आउनेछन्। साथै संविधानसभाको निर्वाचन नहुँदासम्म र नयाँ संविधान नबन्दासम्म जति पनि प्रशासनिक, राजनीतिक, विकासमूलक आदि प्रक्रिया हुन्छन्, ती सबैमा नीतिगत, कार्यक्रमिक र भौतिकरूपमा महिला समावेशीकरण गराउनेतर्फ सरकार र दलहरूको ध्यान जानु पर्दछ। वास्तवमा यस्ता प्रयासले मात्र सबै किसिमको अधिकार आन्दोलनलाई लैंगिक मूलप्रवाहीकरण गरी महिलाअधिकार आन्दोलनलाई नयाँ उचाइमा पुऱ्याउनेछन्।

महिलाहरूले जनआन्दोलनमा जुन सहभागिता देखाए, त्यो सहभागिताले एउटा सकारात्मक सन्देश पनि दिएको छ, महिला भीडमात्र होइनन्। उनीहरू मुलुकका सचेत नागरिक हुन्। अब मुलुकको नयाँ राजनीतिक प्रणाली तथा समाजको पुनःसंरचनाका लागि हुने कुनै पनि राजनीतिक अभ्यास (वर्तमानको मुख्य एजेन्डा संविधानसभा) होस् वा विद्रोहीसँग हुने कुनै पनि वार्ता प्रक्रियामा महिलाको भूमिका र सहभागितालाई नयाँ बन्ने सरकार, राजनीतिक दल, विद्रोही समूह तथा नागरिक समाजले बिर्सन पाउनेछैन। समावेशीकरणको सुरुवात आरम्भबाट नै हुनु पर्छ। चर्किएको निरकुंश पितृसत्तात्मक राजनीतिक प्रणालीलाई धराशायी पार्ने जनआन्दोलनमा सक्रियतासाथ हाम फालेका महिलाले भावी लोकतान्त्रिक प्रणालीमा महिलाका सबै खालका मानवअधिकार सुरक्षित हुनु पर्छ र महिलाहरू अब दोस्रो दर्जाको नागरिक बनेर बस्नेवाला छैनन् भन्ने सन्देश पनि दिएका थिए भनेर सबैले बुझ्नु पर्छ। आज राजनीतिक दलहरूको आह्वानमा सडकमा उत्रिएका महिलाहरू भविष्यमा तिनै दलहरूबाट किनारा लगाइएको महसुस गर्न पुगे भने तिनैका विरुद्ध पनि सडकमा आउन सक्छन् भन्ने तथ्य कसैले बिर्सनु भएन। यो पुनरावृत्ति महिलाका सन्दर्भमा मात्र हैन, दलित, जनजाति, दुर्गम क्षेत्रका जनता सबैका सन्दर्भमा लागू हुनेछ। ■

# सेलायो एउटा अभियान

■ दीपक ज्ञवाली/बुटवल

कुनै दिन थिए दाइजो बोकेका गाडीहरू सडकमा गुड्न पाउँदैनथे, दाइजो बरामद हुने डरले गुड्नै छाडेका थिए। दाइजो लेनदेन गर्दै गरेका विवाह नै रोकिन्थे। उनको नेतृत्वमा एक हुल महिला कहिले सडकमा दाइजोविरोधी गस्ती गर्थे, कहिले दाइजोप्रेमी विवाहस्थलमै गएर दाइजोविरोधी प्रवचन दिन्थे। उनीहरूलाई देख्नासाथ दाइजोको लेनदेन गर्नेहरू थर्कमान हुन्थे।

अहिले अवस्था उल्टो छ। सडकहरूमा दाइजो बोकेका गाडी हुइँकिन थालेका छन्। दाइजो लेनदेन गर्नेमाथि सजायको फैसला गर्ने उनी आफै त्यस्ता दृश्य हेर्न विवश छन्।

उनी अर्थात् दाइजोविरोधी चर्चित अभियानकी तत्कालीन अगुवा गीता पोखेल भन्छिन्, 'त्यति बेला हामीसँग सब तर्सिन्थे, अहिले यही सडकबाट दाइजो सोहोरेर आएका जनता ओहोर दोहोर भएको देख्दा मन खिन्न हुन्छ।'

०६० साल कात्तिकदेखि उनको अभियानले देशविदेशमा साह्रै चर्चा पाएको थियो। रूपन्देही र नवलपरासी दाइजो निषेधित जिल्ला घोषित भएका थिए। र, पाल्पा, गुल्मीदेखि बाँके, बारा, धनुषासम्म दाइजोविरोधी सभा, सम्मेलन र शाखा विस्तार भइरहेका थिए। उनले थुप्रै ठाउँबाट प्रशंसा पाएकी थिइन् र राष्ट्रिय अन्तर्राष्ट्रिय क्षेत्रबाट सम्मान पनि। अभियान जब अरु उचाइमा पुग्दै थियो, अचानक उनले राजीनामा दिइन्। त्यसपछि ठप्प भयो दाइजोविरोधी राष्ट्रिय अभियान।

एक वर्षयता दाइजोविरोधी त्यस्ता खास गतिविधि भएका छैनन्, न त चर्चा नै। उनी अहिले बिस्तरामा छिन्। उनका सहयोगीहरू लाखापाखा लागिसकेका छन्, भएका पनि हिम्मतका साथ अघि बढ्न हिचकिचाएका छन्।

दाइजोले निम्त्याएका झन्डै ६ सय झगडा मिलाएको, फैसला गरेको र आफ्नै अगुवाइमा दाइजोविरोधी दर्जनौं विवाह गराइसकेको त्यस्तो अभियान अचानक किन तुहियो त ? आफ्नै इच्छाशक्तिले त्यस्तो अभियानमा होमिएकी गीताले किन अचानक राजीनामा दिएकी थिइन् त ? सुरुमा धेरैले भेउ पाउन नसके पनि क्रमशः त्यसको रहस्य खुल्दै गएको छ।

हुनत सुरुमै उनले स्वास्थ्यको कारण देखाएकी थिइन्। अहिले पनि त्यस्तो कुरा दोहोर्‍याउने गरेकी छन्, तर उनले राजीनामा दिनु र अभियान तुहनुमा उनको स्वास्थ्यस्थिति मात्र कारण थिएन, माओवादीको अप्ठेरो सर्त पनि कारण थियो। भलै उनले स्वास्थ्य स्थिति मात्र खास कारण भएको



सार्वजनिक गर्न चाहन्छिन्।

जति बेला उनी पन्ध्र दिनसम्म माओवादीको निगरानीमा थिइन्, त्यति नै बेला उनले आफ्नो प्यारो अभियानबाट राजीनामा दिएकी थिइन्। माओवादीले दाइजोविरोधी गतिविधि आफ्नै संगठनले गरेकाले छुट्टै अभियान आवश्यक नभएको, अभियानका गतिविधिबाट राज्यपक्षलाई बढी फाइदा भएको जस्ता अप्ठेरा कारण देखाउँदै सहकार्य गर्न वा नाम परिवर्तन गर्न दबाब दिएका थिए।

यस्तो अभियान ०६० कात्तिक २ गते सुरु भएको थियो, जुन दिनको अघिल्लो रात गीताकै गाउँमा दाइजोकै कारण उपेन्द्र पौडेलले आफ्नी

# पलायो आत्मविश्वास

मेलापात जाँदा होस् या सहरबजार जुनसुकै बेला पनि भिन्नै लुगामा हिँड्दा आफूलाई फरक अनुभूति हुन्थ्यो कास्कीकोटकी कृष्ण अधिकारीलाई। लोग्नेको निधनपछि परम्परा पछ्याउँदै रातो रंगका कपडा लगाउन छाडेकी थिइन् उनले। हेर्दै उराठ उमार्ने कपडामा साथीसँगीमाझ मेलापातमा उनलाई बकुल्लाबीचको काग जस्तै अनुभूति हुन्थ्यो।

पोहोर सालको वैशाखदेखि उनलाई त्यस्तो अनुभूति खास भोग्नु परेको छैन। गाउँदेखि ३० किलोमिटर टाढाको लेखनाथ नगरपालिकामा एकल महिलाले रातो साडी लगाउने कार्यक्रममा हानिएर पुगेकी थिइन् उनी। गाउँबाट उनीसँगै दर्जन जति महिला झरेका थिए। त्यस बेला परेको रातो पहिरन अहिलेसम्म सुहाइरहेको छ, उनको आङमा। 'त्यसो त एकदुई दिन शरम पनि लाग्यो', उनी भन्छिन्, 'अनि रातो ब्लाउज लाए पनि पछ्यौराले छोपे।' पछि त गाउँका पढेलेखेका दाजुभाइले खै तपाईंले रातो लगाउनुभएन भनेर सोध्न थालेपछि पछ्यौरा उतारेर निर्धक्क रातो पहिरनमा हिँड्न थालेको सुनाउँछिन् कृष्ण।

२०६२ सालको सुरुवातको दिन लेखनाथमा त्यहाँका प्रगतिशील, मिलनशील र एकल महिला समूहसहित ५ महिला समूहले विधवा महिलालाई रातो टीका र साडी लगाइदिएका थिए। धेरै वर्ष पुरानो परम्परा हो विधवा महिलाहरूले रातो पहिरन त्याग्ने।

विधवा महिलालाई रातो पहिरन लगाउन सुरुवात एकल महिला संघबाट भएको हो। लिली थापाको पहलामा सामूहिक रुपमा देशमै सबैभन्दा पहिला नवलपरासीमा विधवाहरूलाई रातो साडी र टीका लगाइएको थियो। त्यसपछि चलेको लहर पूर्वपश्चिमका धेरै जिल्लामा पहाडतराई हुँदै फैलियो। सम्भवतः नवलपरासी, चितवन र पोखरामा सबैभन्दा धेरै महिलाले रातो वस्त्र धारण गरेका छन्। पोखरामा पहिलो पटक महिला तथा सामुदायिक सचेतना समाज (ओकास)ले २०६१ चैत २७ गते ६८ जना महिलालाई रातो वस्त्र पहिराएको थियो। त्यसपछि नै लेखनाथ लगायतका ठाउँमा अनुकरण भएको थियो त्यो कार्यक्रमको। त्यसपछि पोखराका विभिन्न ठाउँमा सयौं एकल महिलाले रातो साडी पहिरिएको अनुमान गर्छिन्, ओकासकी अध्यक्ष गजकुमारी गुरुङ।

कथन नै छ, रातो राम्रो गुलियो मिठो। रातो साडीले हेर्दाफेर्दा राम्रो देखिने त भयो नै, तर त्यो बाहेक एकल महिलाहरूलाई के उपलब्धि भयो जो अहिले रातो पहिरन लगाउँछन् ? पृथ्वीनारायण क्याम्पसमा कार्यरत रानीपौवा पोखराकी प्रमिला तभ्या भन्छिन्, 'हाम्रो आत्मबल बढेको छ।' कास्कीकोटकी कृष्ण अधिकारी र धनकुमारी नेपाली पनि उस्तै धारणा राख्छन्।

# ‘करकापले सफल हुन्न’

**■ गीता पोखरेल, पूर्व अध्यक्ष दाइजोविरोधी राष्ट्रिय अभियान**

**किन बिलायो विधवाले रातो लगाउने अभियान ?**

सामाजिक परिवर्तनका लागि भित्रैबाट समर्पित र तयार हुनु पर्छ। प्रतिबद्धता र जागरणविना झट्ट परिवर्तन हुँदैन। जो भित्रैबाट तयार नभई कुनै अभियानमा लाग्छ, सफल हुन सक्दैन। त्यस्तै भयो। सामाजिक परिवर्तनका लागि तयार नगराई रातो मात्र लगाइँदिदा धेरै ठाउँमा त्यस्तो अभियानले निरन्तरता पाउन सकेन। करकापमा रातो लगाइदिएर मात्र केही हुँदैन भन्ने शिक्षा धेरै ठाउँबाट पाइएको छ। अर्को कुरा त्यस्तो अभियानमा जटिल बाधा पनि आए। हामीले सबैभन्दा पहिले रूपन्देहीको देवदहबाट त्यस्तो अभियान थालेका हौं। तर, अघिल्लो माघ १९ ले बाधा हाल्यो, ध्यानै अन्त मोडिदियो। पछि कतैकतै त्यस्तो अभियान हुने गरेपनि खास गतिमा जान सकेन। फेरि दाइजोविरोधी अभियानबाट मैले राजीनामा दिएँ, त्यतातिर लाग्ने अवस्था रहेन, तर भर्खर दोभानमा केही महिलाले रातो लगाए, मलाई पनि बोलाएका थिए।

**ती विधवाले रातो लगाउनै छाडेका हुन् ?**

सबै ठाउँमा पूरै त्यस्तो भएको छैन। प्रतिबद्धताका साथ रातो पहिरेकाहरूले त अहिले


पुराना गतिविधि सम्झिँदै गीता पोखरेल
दीपक ज्ञवाली

पनि पहिरेकै छन् नि। रूपन्देही देवदहकै विधवा अप्सराले रातो लगाएकै छिन्। अन्यत्र पनि लगाएका छन्। जबरजस्त लगाइएकाहरूले आजभोलि लगाएका छैनन् होला, तर जुन गतिमा अभियान जानु पर्ने थियो, त्यसो हुन सकेन। फेरि कसैले निरन्तरताका लागि सहयोग, निगरानी गर्नु पनि त पऱ्यो। एकल महिलाले रातो पहिरन लगाउने अभियान सुरु भएपछि प्यूठान, गैंडाकोट हुँदै देशका अन्य भागमा फैलिएको हो।

**रातो अभियान पनि बन्द ? दाइजोविरोधी अभियान पनि बन्द ?**

के गर्नु, मैले राजीनामा दिएँ। अरू साथीहरू अघि सरे हुन्थ्यो। मैले राजीनामा दिएपछि नयाँ तदर्थ समिति पनि बनेको हो, तर काम भएन। राजनीतिकरणले निष्क्रिय भयो। खै किन हो यति राम्रो काममा पनि कोही अघि सर्दैन र ?

**फेरि अभियानमा फर्कौं जस्तो लाग्दैन ?**

लाग्छ नि। बेथिती देख्दा मन जुरुक्क जुरुक्क हुन्छ, तर के गरौं ? बिस्तारामा छु। अभियानमा फर्किन सबैले अनुरोध गरेका छन्। अहिले माओवादीले पनि संस्थाको नाम फेरेर अभियान अघि बढाउन अनुरोध गरेको छ, तर संस्थाको नाम फेरेर काम गर्दिनँ। त्यसो गर्नु त आफैले थुकेको थुक चाट्नु हो। स्वास्थ्यले साथ दियो र त्यही नाममा चलाउन दिए भने कुनै दिन चलाउनेछु।

---

जहाँ जता जाँदा पनि नचिनेकाहरूले पनि रातो नलगाएका भनेपछि विधवा भनेर अलच्छिन र कुसाइतको रूपमा हेर्ने समस्याबाट मुक्ति मिलेको अनुभव गाउँतिरका महिलाहरू सुनाउँछन्। पोखराकी प्रमिला तभ्र्या भन्छिन्, ‘मनको पीडा रहिरहे पनि हेर्नेदेख्नेहरूबाट पाइने पीडा भने हटेको छ।’

आफूहरूले ६८ जनालाई रातो टीका र रातो वस्त्र धारण गराइदिए त्यसपछि उत्साहित भएर कयौंले आफै पनि रातो लगाउन सुरु गरेको सुनाउँछिन्, ओकासकी अध्यक्ष गजकुमारी गुरुङ। त्यसो त कुनै निहुँ र बहानाकै पर्खाइमा अझै कयौं गाउँले महिला औपचारिक कार्यक्रम कुरिरहेका छन्। कास्कीकोटकी धर्मी बस्ताकोटी भन्छिन्, ‘यहाँ कार्यक्रम राख्ने हो भने अरू धेरैले लगाउने थिए।’ गाउँघरमा रातो पहिरन लगाउनेहरूलाई पोइल गएकोजस्ता तुच्छ आरोप नलगाइएका भने होइनन्।

‘रातो वस्त्र लगाउने कार्य त महिलाहरूमाथिको विभेद हटाउने यात्रामा एउटा खुड्किलो मात्रै हो’, गजकुमारी गुरुङ भन्छिन्, यस्ता ठोस कामले परिवर्तन पक्कै ल्याएका छन्।’ रातो पहिरिएकी प्रमिला विधवामाथि नेपाली परम्पराले विभिन्न संस्कारमा हेपेको अनुभव सुनाउँछिन्। ‘तैपनि वस्त्रले मात्रै नै सही आवरणको विभेद हटेको छ, अब भित्रैसम्म पुगेर सबै विकृति सखाप होलान्।’ प्रमिलाका झैं अब आममहिलाको आवाज यस्तै हुनु पर्छ।

एकाध वर्षदेखि समाजमा आएको परिवर्तनको कोसेढुंगा बनेको विधवालाई रातो साडी अभियानसँगै पोखरा उपत्यकाको लेखनाथका महिलाहरूले दाइजोविरोधी अभियान पनि सुरुवात गरेका छन्। लेखनाथलाई दाइजो निषेधित क्षेत्र घोषणा गरेपछि निषेधाज्ञा हाकाहाकी तोड्ने हिम्मत पाइएको छैन।

**■ केशव लामिछाने/पोखरा**


केशव लामिछाने



# रहिनन् एक्ली

**विवाह गर्ने उमेरै** नपुगी १७ वर्षमै घरव्यवहारको बन्धनमा बाँधिएकी लिली थापाले १० वर्ष नबित्दै पति गुमाइन्। २७ वर्षकै उमेरमा पति गुमाउँदाको असह्य पीडा बाँड्ने कुनै मञ्चको आवश्यकता बोध गरी उनले खोलिन्– मानवअधिकारका लागि महिला– एकल महिला समूह।

मध्यमवर्गीय परिवारकी लिलीले पति गुमाएपछि समाज र परिवारले थोपर्ने कयौं दोषको सामना गर्नु पर्‍यो। तीन सन्तानकी आमा बनिसकेकी शिक्षित परिवारकी बुहारीले समेत पति गुमाउँदा अनावश्यक आक्षेप सहनु पर्छ भने सर्वसाधारण महिलाको हालत के होला भन्ने प्रश्नले उनमा भित्रैदेखि विद्रोहको अंकुर फुट्यो। यही विद्रोहले उनलाई एकल महिलाहरूका सांगठनिक रूपमा केही गर्नु पर्छ भन्ने भावनाले जरो गाड्यो र सुरु गरिन्, हजारौं महिलाहरूका लागि हकअधिकारका लागि लड्न। एकल महिलाका हकहितमा लड्ने लिली अब एक्ली छैनन्। पहिरन व्यक्तिगत स्वतन्त्रता हो भन्ने अभियान लिएर उनी विकट गाउँसमेत पुगेकी छन्। उनी भन्छिन्, 'पहिरन सौन्दर्यको साधन हो र कसैले कसैलाई गुमाएको कारणमा पहिरनमा प्रतिबन्ध लगाउनु महिलामाथिको सबैभन्दा ठूलो मानवअधिकार उल्लंघन हो।'

विवाहपछि स्कुल संचालनमा संलग्न लिलीलाई पतिको मृत्युको पीडाले एकल महिलाहरू संगठित गर्ने जाँगर चल्यो। यद्यपि पतिको मृत्यु नहुँदै 'विधवा' भनेर समाजले अवहेलना गर्ने र रातो कपडा लगाउन नपाउने चलनको उनी विरोधी थिइन्। सैनिक चिकित्सक पतिको शान्ति सेनामा जाँदा सन् १९९२ मा इराकमा मृत्यु भएपछि उनमा आफूजस्तै एकल महिलाहरूको निम्ति संगठन खोलेर उनीहरूको हितका लागि आफ्नो जीवन खर्चिने विचारले जन्म लियो।

गैरसरकारी संस्था संचालनमा कुनै ज्ञान नभएकी लिलीले टेवामा एक वर्ष स्वयंसेवकका रूपमा काम गरेपछि मात्र यसबारे केही जानकारी पाइन्। संस्था स्थापनाको दुई वर्षअघि सन् १९९८ मा ग्लोबल फन्ड नामक अन्तर्राष्ट्रिय संस्थाले दिएको एक लाख रुपैयाँ खर्च गर्न धौधौ परेको सम्झना गर्दै लिली भन्छिन्, 'मानिसलाई समयले सिकाउँदो रहेछ।'

लिलीको सक्रियतामा सुरु भएको एकल महिला समूहमा अहिले दिनप्रतिदिन एकल महिला संगठित भइरहेका छन्। कहिले यौन दुर्व्यवहारको पीडा लिएर महिलाहरू लिलीकहाँ आइपुग्छन् भने कहिले घरेलु हिंसाका विभिन्न समस्या लिएर। उनी भन्छिन्, 'अहिले अधिकांश विधवा महिलाको चुनौती नै यौन दुर्व्यवहार हो।' शिक्षित र मध्यमवर्गीय परिवारका महिलामा यो समस्या कम भए पनि मजदुरी गरेर गुजारा गर्ने एकल महिलामा यो समस्या बढी छ।

आफ्नै स्कुल रोज बर्डवाट सुरु भएको लिलीको एकल महिलाअधिकारको लडाइँले उनलाई अहिले महिलाहरूकै सर्वोच्च निकाय राष्ट्रिय महिला आयोगको सदस्यसम्म पुर्‍याएको छ। लिली भन्छिन्, 'अब हामी एकल महिलाको आवाज राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा उठाउनेछौं।'

मानवअधिकारका लागि महिला नामक एकल महिलाहरूको हकहितमा क्रियाशील उनको संस्थाको पनि राष्ट्रिय संजाल बनिसकेको छ। उनको संस्थामा दर्ता भएका विधवा महिला (विशेष गरेर ३५ वर्षभन्दा तल)को संख्या १५ हजार नाघेको छ। उनको संस्थाको ३६ जिल्लाका १ सय ४ वटा गाविसमा समूह गठन भइसकेको छ। सशस्त्र द्वन्द्वका क्रममा मृत्यु हुनेहरूमा सुरक्षाकर्मी हुन् वा माओवादी, दुवैतर्फ ३५ भन्दा कम उमेर समूहको लडाकुहरू अत्यधिक भएकाले पनि यही उमेर समूहका महिला बढी विधवा बन्ने गरेका छन्।

हजारौं एकल महिलाको हकहितमा लड्न भ्याइरहेकी लिली समाजशास्त्रकी गुरुआमा पनि हुन्। उनी अहिले पद्मकन्या क्याम्पसमा अध्यापनसमेत गरिरहेकी छन्। ४४ वर्षीया लिली महिलाअधिकारमा डटेर लागेको १० वर्ष पुगेको छ र उनीले मुख्य रूपमा उठाउने एकल महिलाको विभेदमा विद्यमान कयौं कानुनी समस्या यसबीच अन्त्य भएका छन्। पतिको मृत्यु भएपछि छोराको सहमतिमा मात्र सम्पत्ति बेचबिखन गर्न पाउनेजस्ता विभेदकारी कानुन अब मुलुकमा छैनन्।

नेपालमा विधवा महिलाहरू कति छन् भन्ने आँकडा सरकार वा कुनै पनि निकायसँग नभए पनि लिलीको अनुमानमा करिब ४० लाख महिला एकल जीवन गुजारिरहेका छन्। पति गुमाउँदाको चोट, त्यसले निम्तिने पीडा र छट्पटीमा बाँचिरहेका यस्ता महिलाको अघिल्तिर लाग्ने 'विचरा'जस्ता विशेषण हटाएर उनीहरूलाई आत्मविश्वासपूर्ण र स्वावलम्बी बनाउन आफ्नो जीवन लगाउने लिलीको उद्देश्य छ।

■ **गोविन्द परियार/काठमाडौं**

श्रीमती बबिता पौडेलको विभत्स हत्या गरेका थिए। दाइजो थोरै ल्याएको अमानवीय अभियोगमा उपेन्द्रले श्रीमतीको हत्या गर्दा गीता बिस्तरामा थलिएकी थिइन्। भर्खर अप्रेसन गरेको टाँका उक्किने गरी उनी बिस्तराबाट उठेर घटनास्थल पुगेकी थिइन् र उठाउन लागिएको बबिताको लास रोक्दै दाइजोविरोधी अभियानको घोषणा गरेकी थिइन्।

त्यस बेलादेखि अभियान विधिवत् दर्ता भएको थियो। ठाउँठाउँमा स्वतस्फूर्त विशाल सभा भएका थिए, जहाँ हजारौं महिलाको सहभागिता हुने गरेको थियो।

दाइजोले निम्त्याएका चरम हिंसामा केन्द्रित घटना त्यस्तो अभियानका लागि प्रेरणाका स्रोत बनेका थिए।

उसो त, दाइजोकै कारण शंकरनगरमा राधिका खरेलकी बुहारीको चरम यातनापछि हत्या, मणिग्राममा सुष्मा आचार्यलाई झुन्ड्याएर हत्या, भैरहवामा आलु व्यापारीद्वारा मट्टितेल खन्याएर हत्या र देवदहमा बबिताको क्रूर हत्याजस्ता कयौं हत्याको घटनाले दाइजोविरोधी अभियानमा होमिन उनलाई प्रेरणा दिएका थिए। दाइजोविरोधी अभियानले तीव्र गति लिँदा बुटवललगायतका सहरका दाइजो सामग्री पसलमा सामान बिक्न छाडेका गुनासा आएको उनी स्मरण गर्छिन्।

अभियानका गतिविधि ठप्प भएपछि अहिले उनलाई पुनः काम थाल्न जताततैबाट सुझाव आइरहेको छ, तर थलिएकी उनी यथास्थितिका अभियानमा फर्किन असम्भव भएको बताउँछिन्। 'मनपरी बढेको देख्दा फेरि काम थालौं थालौं हुन्छ', उनी भन्छिन्, 'तर अभियानको नाम परिवर्तन गरेर काम गर्न चाहन्नँ। पुरानै नामबाट चलाउन पाए कुनै दिन काममा फर्किनेछु।'

अहिले उनको दिनचर्या बनेको छ, हजारौं सहभागितामा आफूले गरेका कार्यक्रमका तस्वीर हेर्ने, रेकर्ड सुन्ने, कदरपत्र र प्रशंसापत्र हेर्ने र सो अवधिका जटिल मोड सम्झिएर संस्मरण लेख्ने। ■

**मलेसियामा वैशाख २७ गतेदेखि सुरु हुने एएफसी प्रेसिडेन्ट कपका लागि अभ्यासरत मनाङ मर्स्याङ्दी क्लब आफ्नो ३ राष्ट्रिय खेलाडीको प्रदर्शनबाट सबैभन्दा बढी आशावादी बनेको छ । लामो समयदेखि मनाङबाट खेल्दै आइरहेका कप्तान टासी छिरिङ, मिडफिल्डर नवीन न्यौपाने र गत वर्षदेखि मनाङमा आवद्ध भएका डिफेन्डर सागर थापाको खेल क्लबको सफलताका निर्णायक बन्ने आशा गरिएको छ ।**



टासी छिरिङ

# मनाङको आशा



नवीन न्यौपाने

■ **नवीन अर्याल/काठमाडौं** (तस्वीर तेज बस्नेत)

**मलेसियामा हुन लागेको** दोस्रो संस्करणको प्रेसिडेन्टकपका लागि नेपाली राष्ट्रिय लिग च्याम्पियन मनाङ मर्स्याङ्दी क्लब पूर्णरूपले तयार देखिएको छ । माफिएका खेलाडी कप्तान कुमार थापा, स्ट्राइकर वसन्त थापा र गोलरक्षक विकास मल्लको अनुपस्थितिमा युवा खेलाडीको बाहुल्य रहेको मनाङ यति बेला ६ पल्ट राष्ट्रिय लिगको महत्त्वपूर्ण उपाधि जित्दाताका भैँ तगडा छैन । त्यही पनि मनाङले युवा खेलाडीहरूकै उपस्थितिमा मलेसियामा राम्रो प्रदर्शनको आशा राखेको छ । यसमा पनि मुख्यतया तीनजना खेलाडीप्रति सबैभन्दा बढी आशावादी देखिएको छ, क्लब । कप्तान टासी छिरिङ, मिडफिल्डर नवीन न्यौपाने र डिफेन्डर सागर थापा ।

हुन पनि मनाङका यी तीनै खेलाडी पछिल्लो समय राष्ट्रिय टोलीमा अनवरत खेल्दै आइरहेका छन् । भर्खरै बंगलादेशमा सकिएको एएफसी च्यालेन्जकपमा राष्ट्रिय टोलीमा मनाङबाट प्रतिनिधित्व गर्ने यिनै खेलाडी थिए । राष्ट्रिय टोलीका लागि डिफेन्डरको भूमिका निर्वाह गर्ने यी खेलाडी अहिले आफ्नो क्लबमा भिन्दाभिन्दै भूमिकामा छन् । एएफसी च्यालेन्जकपमा राइट डिफेन्सको भूमिका निर्वाह गरेका सागर क्लबका लागि सदाझैं लास्ट डिफेन्सको रूपमा देखा पर्ने निश्चित छ । मिडफिल्डरबाट डिफेन्डर बनेका नवीन पुनः मिडफिल्डमै फर्किएका छन् । स्ट्राइकरको अभावमा उनी अघिल्लो पंक्तिमा देखिने कुरालाई क्लबले अस्वीकार गरिसकेको छैन । लेफ्ट डिफेन्सबाट मिडफिल्ड र कुनै बेला अग्रपंक्तिबाट खेलेका कप्तान टासी एएफसी च्यालेन्जकपमा आक्रामक डिफेन्डरको रूपमा उनको सफल प्रयोगपछि सोही भूमिकामा देखा पर्नेछन् । यद्यपि, परिस्थितिअनुसार उनी कुनै पनि स्थानबाट खेल्न सक्ने क्लबले बताएको छ ।

'स्वभाविकै छ, राष्ट्रिय खेलाडीबाट क्लबले ठूलै आशा राखेको हुन्छ नै', मनाङका पूर्वकप्तान कुमार थापा यही मौसमदेखि सशस्त्रको एपिएफ क्लबमा अनुबन्धित भएपछि कप्तान छानिएका टासी भन्छन् ।

च्यालेन्जकपमा प्रभावशाली प्रदर्शन गर्दै प्रशंसा पाएका टासीले आक्रामक डिफेन्डरको भूमिका निर्वाह गर्ने क्रममा बंगलादेशमा २ गोल गरेका थिए, ब्रुनाई र श्रीलंकाविरुद्धको खेलमा । प्रेसिडेन्टकपमा मनाङ श्रीलंकाको रत्नम स्पोर्टस् क्लब, ताजकिस्तानको भाक्स फुटबल क्लब र किर्गिस्तानको डोर्डोइ डाइनामोविरुद्ध समूह चरणको खेल खेल्दै छ । 'ताजकिस्तान, स्किल र पावरगेम दुवैमा पोख्त छ । त्यसैले हाम्रो लक्ष्य श्रीलंका र किर्गिस क्लबलाई हराउनु नै हुनेछ', करिब आठ वर्षदेखि व्यवसायिक फुटबलमा सक्रिय टासी भन्छन् । भारतको कालिम्पोङमा स्कुले ठिटाका रूपमा फुटबलको व्यवहारिक ज्ञान सिकेका टासीले अमेरिकाको

**हाम्रो लक्ष्य श्रीलंका र किर्गिस क्लबलाई हराउनु नै हुनेछ', करिब आठ वर्षदेखि व्यवसायिक फुटबलमा सक्रिय टासी भन्छन् । भारतको कालिम्पोङमा स्कुले ठिटाका रूपमा फुटबलको व्यवहारिक ज्ञान सिकेका टासीले अमेरिकाको पायनियर क्लबबाट व्यवसायिक फुटबल खेलिसकेका छन् ।**

म्यासाचुसेटमा अध्ययनरत हुँदा २ वर्ष वेर्स्टन मास पायनियर क्लबबाट व्यवसायिक फुटबल खेलिसकेका छन् । उक्त क्लब अमेरिकी राष्ट्रिय लिगको दोस्रो डिभिजन क्लब हो । उनी सन् २००० देखि मनाङबाट अनवरत खेल्दै आइरहेका छन् । एन्फा विभाजनताका उनलाई राष्ट्रिय टोलीमा बोलाइए पनि उनले बीचैमा 'क्लोज क्याम्प' छोडेका थिए । तीन वर्षअघि दक्षिण कोरिया र ओमानमा भएको एसियन छनोट चरणमा उनलाई पुनः राष्ट्रिय टोलीमा डाकिए पनि घरेलु कारण टोलीमा समावेश भएनन् । ६ महिनाअघि पाकिस्तानमा भएको साफ च्याम्पियनसिपमा भने


सागर थापा

पहिलोपल्ट राष्ट्रिय टोलीमा समावेश भएका थिए ३२ वर्षीय टासी ।

'यो प्रतियोगितामा हामीले राम्रो प्रदर्शन गर्दै युवा खेलाडीलाई पनि प्रेरित गर्नु पर्नेछ', नवीन भन्छन् । सन् २००३ मा बंगलादेशमा सम्पन्न साफ च्याम्पियनसिपमा नामुद खेलाडी हरि खड्कालाई बंगलादेशविरुद्धको खेलमा रिप्लेस गर्दै अन्तर्राष्ट्रिय प्रतियोगितामा डेब्यु गरेका नवीन मनाङसँग लामो समय आबद्ध छन् । उनी २०५५ सालदेखि नै मनाङबाट खेल्दै आइरहेका छन् । 'यो मेरा लागि ऐतिहासिक क्षण हो । त्यसैले राम्रो प्रदर्शन गर्ने अठोट लिएको छु', नवीन भन्छन् । सन् २००३ मा दक्षिण कोरिया र ओमानमा भएको एसियन क्वालिफाइङ राउन्डमा पनि नेपाली टोलीमा समावेश रहेका नवीन सन् २००० मा काठमाडौंमा भएको युथ-१६ एसियन क्वालिफाइङ राउन्डमा नेपाल छनोट हुँदा टोलीको सदस्य थिए । उनले यही प्रतियोगिताअन्तर्गत भियतनाममा भएको अन्तिम चरणको खेलमा नेपाली युथ-१६ टोलीको कप्तानी गरिसकेका छन् । उनी पाकिस्तानको इस्लामावादमा भएको नवौं साफ खेलकुदको युथ-२३ टोलीको पनि कप्तान थिए ।

'शारीरिक रूपमा विदेशी टोली बलियो छ । उनीहरू हाम्रा तुलनामा अग्ला पनि छन् । त्यसैले मलेसियामा हामीले छोटो पास र 'वान टच', 'टु टच'लाई प्राथमिकता दिनु पर्छ', भर्खरै एएफसी च्यालेन्जकपमा श्रीलंकाविरुद्ध सेमिफाइनल खेलमा टाइब्रेकरमा पेनाल्टीमार्फत गोल गर्दै अन्तर्राष्ट्रिय प्रतियोगितामा पहिलो गोल गरेका नवीन भन्छन् । उनी आफ्नो टोलीमा इन्जुरीको समस्या नभएको र सबै खेलाडी फिट भएको हुँदा राम्रो खेलको अपेक्षामा छन् ।

यसैगरी मनाङले सबैभन्दा बढी आशा गरेका सागर थापा आफ्नो प्रतिस्पर्धी बलियो भएका कारण भविष्यवाणी गर्न गाह्रो भएको बताउँछन् । 'मैदानमा भर पर्छ, जुन टिम जम्छ, त्यसले सकारात्मक नतिजा निकाल्छ', सागर थप्छन् । सन् २००३ मा दक्षिण कोरियामा सम्पन्न एसियन क्वालिफाइङ राउन्डदेखि राष्ट्रिय टोलीमा समावेश भएका सागर नेपालको 'टफ' डिफेन्डरको रूपमा परिचित छन् । २०५९ सालमा फ्रेन्ड्स क्लब र २०६० सालमा संकटा क्लब हुँदै २०६१ सालमा मनाङमा अनुबन्धित सागर यो वर्ष क्लबले छैटौंपल्ट राष्ट्रिय लिगको महत्त्वपूर्ण उपाधि जित्दा उत्कृष्ट डिफेन्डर घोषित भएका थिए ।

'पछिल्लो समयदेखि हामी राष्ट्रिय टोलीमा समाहित रहँदै आएका छौं । हामीसँग पर्याप्त अन्तर्राष्ट्रिय अनुभव छ, त्यसैले यो प्रतियोगितामा पनि उच्च प्रदर्शनको आशा गरेका छौं', उनी भन्छन् । उनी आफ्नो टोलीमा सन्दीप राई, राजकुमार घिसिङ, अनिल गुरुङ र वसन्त गौचनजस्ता प्रतिभाशाली खेलाडी भएको हुँदा राम्रो नतिजाको आशामा रहेको बताउँछन् । आफ्नो टोलीको राम्रो पक्ष भनेको नै डिफेन्स लाइन अप भएको बताउँदै उनी भन्छन्, 'हेरौं भाग्यले कति साथ दिन्छ ।' ■


Gates Computer



FOR QUALITY &
PROMPT SERVICES AT
REASONABLE PRICE

Deals in
Computer Sales, Maintenance, UPS, Laptops
Networking, Photocopy, Fax, E.P.A.B.X.
installation & repair.

1 Year Warranty on Harddisk

20 hours INTERNET free with purchase of every PC

Home Service also Available

Gates Computer Pvt Ltd.
Dharmapath, New Road, Kathmandu, Nepal. Tel: 4229529
E-mail : g_computer@wlink.com.np

THE CELEBRATION CO-ED. — BE CELEBRATIVE, MEDITATIVE & CREATIVE — ESTD: 1994

THE CELEBRATION CO-ED.
Residential School

Few seats vacant for Hostel Students

Education for Physical, Mental & Spiritual development.

Jorpati Narayantar, Ktm,
righteducation@wlink.com.np
Ph:-01-4475332,9851014378

(A Right Education Centre for Celebrative, Meditative & Creative Study)

# बन्यो भर्ती केन्द्र




■ **नवीन अर्याल/काठमाडौं**

**उन्नाइस दिन लामो** जनआन्दोलनले विघटित प्रतिनिधिसभा पुनःस्थापित भएपछि यसको असर विस्तारै खेलकुदमा पनि देखिन थालेको छ। हिजोसम्म राजाको प्रत्यक्ष शासनको स्वागत गरेर सबै खेलाडीलाई राजाको रोडम्यापमा हिँड्न आदेश दिने राष्ट्रिय खेलकुद परिषद् (राखेप)का पदाधिकारी अहिले लोकतन्त्रको पक्षमा उर्लिएर लागेका छन्। युवराज पारसका मामाससुराको हैसियतले असोज १८ पछि राखेपको आकर्षक सदस्य-सचिव पदमा नियुक्ति पाएका किशोरबहादुर सिंहको छटपटी बढ्न थालेको छ।

दरबारनिकट व्यक्तिहरूलाई राखेप मातहतका संघहरूमा नियुक्त गर्दै खेलकुदमा व्यापक मण्डलेकरण गरेका सिंह यति बेला राजाको प्रत्यक्ष शासनमा आफूलाई सहयोग गर्ने कर्मचारीहरूको बढुवा गर्न ज्यान छोडेर लागेका छन्। आन्दोलनपछि बनेको मन्त्रिपरिषद्ले राम्रोसँग काम नगरेको मौकाको फाइदा उठाउँदै उनले ज्यालादारी र करार गरेर करिब डेढ सय मान्छे नियुक्त गरेका छन्। उनी पदमा बस्दा गरेको आर्थिक दुरुपयोगको हिसाब किताब मिलाउन रातदिन परिषद्मा बिताउन थालेका छन्। देवीप्रसाद ओझा शिक्षा तथा खेलकुदमन्त्री हुँदा २०५९ असोज १८ लगत्तै राखेपको सदस्य-सचिव पद पड्काउन सफल सिंहले यो चार वर्षको अवधिमा अनावश्यक देश तथा विदेश भ्रमण र भत्ता गरेर राखेपको लाखौं रुपैयाँ दुरुपयोग गरेको कर्मचारीहरूमा मात्र नभई खेलाडीमाझ पनि छलंग छ। अहिले उनी यो रकम फर्स्योट गर्न दौडधुप गरिरहेका छन्। यसअघि उनी भ्रमणका लागि आफैं टिप्पणी उठाउन लगाएर रकम निकासी गर्ने गर्दथे। सिंहले अनावश्यक चेकमा हस्ताक्षर गर्न दबाब दिने डरले यसबाट पन्छिन लेखाप्रमुख टेकबहादुर बम गत सातादेखि नै परिषद् नआएको स्रोत बताउँछ।

सिंह प्रतिनिधिसभा पुनःस्थापनालगत्तै आफ्नूनजिकका कर्मचारीहरूको बढुवाका लागि दौडधुपमा लागेका छन्। यसका लागि उनले नयाँ हतकन्डा पनि अपनाएका छन्। उनले बढुवाका लागि करिब सयजना कर्मचारीसँगै आफ्ना नजिकका कर्मचारीको पनि नाम सिफारिस गरेका छन्। 'अरू कर्मचारीसँगै आफूनजिकैका कर्मचारीको नाम पठाउँदा विरोध नहुने र राम्रो पदमा नियुक्त गर्न सकिने उपाय निकालेका हुन् सदस्य-सचिवले', राखेपका एक कर्मचारी नाम नछाप्ने सर्तमा बताउँछन्। ६ महिनाअघि तत्कालीन सूचना तथा संचारमन्त्री टंक ढकालका दाजु रुद्र ढकाल, जिम्न्यास्टिकका मुकुन्दलाल नकर्मी, भारोत्तोलनका पार्थसारथीसेन गुप्ता र हरिनारायण ढकालको बढुवा गर्दै विवादमा मुछिएका सिंह अहिले फेरि रुद्र ढकाल, हरिनारायण ढकाल, राजेन्द्र बस्नेत, सन्तोषमर्दन थापा र डाक्टर प्रकाश प्रधानलाई पहिलो श्रेणीमा बढुवा गर्न आफ्नो सम्पूर्ण शक्ति लगाइरहेका छन्, तर परिषद् मातहतका कर्मचारीहरू निकै रुष्ट देखिएका छन्, यो विषयलाई लिएर।

'राजाको प्रत्यक्ष शासनलाई फाइदा पुऱ्याउन बनेको ऐन कानुन मात्र होइन उनको कार्यकालमा भएका संघहरूको गठन र कर्मचारी सरुवा-बढुवाको निर्णय फिर्ता हुनु पर्छ', राष्ट्रिय खेलकुद परिषद्का पूर्व सदस्य सुधीर अर्ज्याल भन्छन्। असोज १८ पछि सिंहले खेलकुदको चरम मण्डलेकरण गर्न सुरक्षानिकाय र दरबार निकटका व्यक्तिहरूलाई परिषद् बोर्ड र खेलकुद संघहरूमा ल्याउने निर्णय गरेपछि यसको खुलेर विरोध गर्दै सुधीरले पदबाट राजीनामा गरेका थिए। सिंहले खेलकुदलाई मण्डलेकरण गर्न र आफू पूरै समय खेलकुदमा टिक्न गत महिना खेलकुद ऐन संशोधन गर्न लगाएका थिए। सुधीर लोकतन्त्रको बहालीपछि क्षेत्रीय तथा अञ्चल प्रशासकले राजीनामा दिइसकेको सन्दर्भमा परिषद्लाई चरम मण्डलेकरण गर्न लागी परेका सदस्य-सचिव सिंहले पनि नैतिकताको आधारले पदबाट तुरुन्त राजीनामा दिनु पर्ने बताउँछन्।

यसैगरी लोकतन्त्रको आन्दोलनमा होमिएका राष्ट्रिय खेलकुद परिषद्का पूर्व सदस्य तथा एन्टा अध्यक्ष प्रदीप जोशी राजाको शासनकालमा पछिल्लो चार वर्षको अवधिमा सदस्य-सचिवले गरेको आर्थिक दुरुपयोगको स्वतन्त्र निकायबाट जाँचबुझ गरी आवश्यकताभन्दा बढी रकम खर्च भएको देखिएमा उनीबाटै शोधभर्ना गरिनु पर्ने जिकिर गर्छन्। 'उनले यो अवधिमा रकमको व्यापक दुरुपयोग गरेका छन्। त्यसैले यसको कानुनी छानबिन हुनु पर्छ र दोषी देखिएमा कारबाही हुनु पर्छ', प्रदीप भन्छन्। नेपाली तेक्वान्दोका हस्ती मानिने प्रदीपले पञ्चायतकालमा राखेपका तत्कालीन सदस्य-सचिव शरदचन्द्र शाहको खेलनीतिको खुलेर विरोध गरेका थिए, जसको कारण उनले लामो समय भारतमा शरणार्थीको जीवन बिताउनु परेको थियो।

असोज १८ पछि सिंहले खेलकुदलाई चरम मण्डलेकरण गर्न परिषद्को लोगोमा श्रीपेच राख्न लगाएका थिए। यसैगरी माघ १९ पछि धावक वैकुण्ठ मानन्धर, फुटबलका हस्ती रूपकराज शर्मा र बक्सिङका दलबहादुर रानामगर जस्ता नेपाली खेलकुदका ताराहरूलाई उपेक्षा गर्दै उनले दरबारको चाकडी गर्न परिषद्अगाडिको चौरलाई धीरेन्द्र वाटिकाको रूपमा रूपान्तरण गरेका थिए। 'वास्तवमै उनको यो निर्णयले नेपाली खेलकुदलाई जिस्काउने काम गरेको छ', नेपाली खेलकुदमा लामो समय सक्रिय भएका एक वरिष्ठ खेलाडी भन्छन्। खेलकुद सम्बद्ध स्रोतका अनुसार परिषद्अगाडिको चौरलाई धीरेन्द्र वाटिका बनाउने निर्णय दरबारभित्रबाटै भए पनि यसलाई अन्तिमरूप दिन सिंह लागेको बताइएको छ।

यस्तै, सिंहले दक्षिण एसियामा उदाउँदै गरेको नेपाली क्रिकेटलाई तहस-नहस पार्न मुख्य भूमिका खेले। उनले नेपाली क्रिकेटको विकासमा लामो सयमदेखि खटिएका पूर्व महासचिव विनयराज पाण्डेलाई हटाउने निर्णय गर्दै दरबारनिकट अध्यक्ष जयकुमारनाथ शाहलाई नेपाली क्रिकेटको सम्पूर्ण अधिकार सुम्पिएका थिए। यतिमात्र होइन, उनले नेपाली क्रिकेटमा माटो काण्ड र रोलर काण्डको सुरुवात गरेका थिए। अध्यक्ष शाहका कारण अहिले मूलपानीमा बन्ने एसियन क्रिकेट काउन्सिलको क्षेत्रीय क्रिकेट एकेडेमीको काम पूर्णरूपले ठप्प छ भने भारत, पाकिस्तान, श्रीलंका र बंगलादेशजस्ता टेस्ट क्रिकेटका हस्ती राष्ट्रसँग खेल्ने भनिएको एसियाकप क्रिकेट प्रतियोगितामा सहभागी हुनबाट पनि नेपाल वञ्चित भएको थियो।

'उनको कार्यकालमा नेपाली क्रिकेटमा भएको माटो र रोलर काण्डको न्यायिक छानबिन हुनु पर्छ', नेपाल क्रिकेट संघका पूर्व सदस्य लेखबहादुर क्षेत्री भन्छन्। सिंहले यसअवधिमा जिल्लाका खेलकुद गतिविधिलाई पूर्णरूपले उपेक्षा गर्दै आफू बस्ने परिषद्को कोठाको पुनःनिर्माणका लागि मात्र चार लाख खर्चेका छन्। ■

# कसले बनाउने झ्याल

मिति : फागुन ७ गते
स्थान : दशरथ रंगशाला
खेल : त्रिभुवन आर्मी र थ्रीस्टार क्लब



तेज बहादुर बस्नेत

दशरथ रंगशालाको फुटेको झ्याल


**सम्भवत, २०४२** सालपछिकै यो नेपाली फुटबलका लागि दुर्भाग्यको दिन हो । यो दिन नेपालको प्रतिष्ठित सहिद स्मारक लिगको उपाधिका लागि अगाडि बढिरहेको थ्रीस्टार क्लब र शाही सेनाको त्रिभुवन आर्मी क्लब भिडेका थिए । दशरथ रंगशालाको प्याराफिटमा करिब १५ हजार व्यक्ति उपस्थित थिए ।

निकै उत्तेजित यस खेलमा त्रिभुवन आर्मीले १-१ को बराबरीमा खेल टुंग्याएको थियो । खेल समाप्त भएलगत्तै त्रिभुवन आर्मीका एक खेलाडीले जर्सी फुकालेर हावामा हल्लाउँदै दर्शकदीर्घातर्फ इंगित गरेपछि पूर्वी प्याराफिटमा रहेका दर्शकले पानीको बोतल प्रहार गरेका थिए । यो घटनालाई लिएर त्यहाँ उपस्थित सुरक्षाकर्मीले निर्ममतापूर्वक दर्शकलाई कुटेका थिए । यद्धपी यस घटनामा कुनै अप्रिय घटना हुन नपाए पनि प्रहरीदमनको विरोध गर्दै उत्तेजित दर्शकले रंगशालाअगाडिका झ्याल फुटाएका थिए ।

यो घटना भएको अढाई महिना बितिसक्दा पनि अहिलेसम्म रंगशालाअगाडि फुटेका झ्यालहरुको मर्मत हुन सकेको छैन । यसका कारण दसौं साफको तयारीमा रहेको बक्सिङ, तेक्वान्दो र उसुलगायतका अरू खेलका खेलाडीहरूले राम्रोसँग अभ्यास गर्न पाएका छैनन् । दसौं साफ तीन महिनापछि श्रीलंकामा आयोजना हुँदै छ । राष्ट्रिय खेलकुद परिषद्ले यसअघि नै झ्याल मर्मतका लागि एन्फासँग आग्रह गरे पनि एन्फाले हालसम्म यसतर्फ कुनै ध्यान नदिएको परिषद् सूत्र बताउँछ ।

एन्फाले करिब चार महिना चलेको राष्ट्रिय लिगभरि उठेको सबै रकम आफैले खर्च गरेको थियो । यस्तै, यो घटना भएको २ महिनापछि नेपाली राष्ट्रिय टोली र अफ्रिकन युनाइटेडबीच भएको खेलमा उठेको रकम पनि आफैले राखेको थियो । 'झ्याल नहुँदा हामीलाई अभ्यास गर्न अप्ठेरो परिरहेको छ', नेपाली तेक्वान्दोका एक चर्चित खेलाडी भन्छन् । उनी लामो समय भइसक्दा पनि फुटेको झ्यालको मर्मत नहुँदा आश्चर्यचकित छन् । खेलकुद सम्बद्ध स्रोत एन्फा अध्यक्ष गणेश थापा तत्कालीन गृहमन्त्री कमल थापाका भाइ भएको हुँदा परिषद्ले राम्रोसँग पहल गर्न नसकेको गुनासो गर्छन् । यसैले उनीहरू अहिले आपसमै प्रश्न गर्न थालेका छन्, झ्याल बनाउने दायित्व कसको ? परिषद् या एन्फाको ? ■






# कविता पनि, इतिहास पनि

**कवि देवेन्द्र भट्टराई** अचेल कविता लेख्दैनन् । तर, देवेन्द्रमा कवि व्यक्तित्व मरेको छैन भनेर थाहा पाउन उनको पहिलो किताब (यो कविता संग्रह भने होइन) 'स्रष्टा र समय' पर्याप्त छ । नेपाली साहित्य, संस्कृति र संगीतका ८५ व्यक्तित्बारे देवेन्द्रले लेखेका आलेख पढ्नेले उनलाई कवि नमानी धरै छैन । कान्तिपुरमा पहिल्यै प्रकाशित यी प्रोफाइलहरूले नेपाली समाजका धरोहरहरूबारे मिठासपूर्ण भाषामा जानकारी त दिन्छन् नै, देवेन्द्रको रचनात्मक व्यक्तित्व पनि उजागर गर्छन् ।

पत्रकारितालाई व्यवसाय बनाएका देवेन्द्रभित्रको भावना, सिर्जनात्मक छवि र रचनात्मक क्षमताले प्रोफाइल लेखिएका व्यक्तित्वहरूलाई नै छक्क पार्छन् र सोच्न बाध्य पार्छन्- म साँच्चै यस्तै छु ? देवेन्द्रले अहिले दन्त्यकथाका पात्रजस्ता लाग्ने माधव घिमिरे, वासुदेव लुइँटेल र डायमनशमशेरदेखि वर्तमान समयका नामहरू सरुभक्त, महेशविक्रम शाह र विक्रम सुब्बासम्मका व्यक्तित्वका अनेकौं पाटा आफ्नो मोटो पुस्तकमा उतारेका छन् ।

कतिपय व्यक्तित्वहरूको जीवनकथा उतार्ने क्रममा देवेन्द्रले परिहासपूर्ण भाषा पनि प्रयोग गरेका छन्, जुन उनको व्यक्तिगत स्वभावभित्रकै पाटो हो । तर, उनको यस्तो भाषा पनि सालीन र रचनात्मक हुन्छ, जसले पाठक र पात्र दुवैलाई मिठासपूर्ण सन्तोष प्रदान गर्छ । उहिल्यै कान्तिपुरमा प्रकाशित मदनमणि दीक्षितको प्रोफाइल पढ्दा (त्यो यहाँ पनि समेटिएको छ) उनको स्वभाविक र कुतकुती लगाउने भाषाले पाठकलाई रोमाञ्चित पारेको थियो । 'नित्य माड भएको धोती लगाउने भएकैले माडसाप् भनेर चिनिने' दीक्षितबारे मात्र होइन, अरू व्यक्तित्वका विषयमा देवेन्द्रले लेखेका वर्णन उस्तै मिठासपूर्ण लाग्छन् । अहिले पनि । ■

# आकर्षक अमेरिका




**अमेरिका आज** संसारका सबै मानिसको निम्ति आकर्षणको विन्दु बनेको छ । किसान मजदुरदेखि विद्यार्थी, व्यापारी, प्राध्यापक, वकिल, चिकित्सक, उद्योगपति सबैको गन्तव्यस्थल बन्न पुगेको छ, संयुक्त राज्य अमेरिका । त्यहाँ पुगेपछि आइपर्ने समस्या र तिनीबाट छुटकारा पाउने उपाय समेटी 'अमेरिकामा स्वागत' नामक पुस्तक लिएर आएका छन्, शरद श्रेष्ठ । नेपाली भाषामा लेखिएको यस किसिमको यो पहिलो पुस्तक हो ।

नेपालीहरू पनि आज विभिन्न उद्देश्यका लागि अमेरिका ओइरिएका छन् । तिनीहरूलाई त्यहाँको नौलो वातावरण, विभिन्न किसिमका संस्कृति र परिवेशबाट आएका मानिससँग घुलमिल गर्न गाह्रो हुन्छ ।

त्यहाँको कानुन जान्न आवश्यक हुन्छ । त्यहाँ आप्रवासी नागरिकहरूले पाउने सुविधा र हकअधिकारका बारेमा सविस्तार वर्णन गरिएको छ, पुस्तकमा ।

आप्रवासी नागरिकको उत्तरदायित्व र यहाँका नियम कानुनबारे विस्तृत रूपमा चित्रण गरिएको छ । तपाई आफ्नो समुदायमा सम्मिलित हुने माध्यम र आवश्यकता पनि प्रस्तुत पुस्तकमा खुलस्त पारिएको छ ।

कुल नौ भागमा अमेरिकासम्बन्धी विभिन्न विषय समेटिएको छ । पुस्तकमा अमेरिकाको इतिहास, भिसासम्बन्धी जानकारी, सहयोगको निम्ति सम्पर्क गर्नु पर्ने संस्थाहरू, स्थायी बासिन्दाका अधिकार र जिम्मेवारी, अमेरिकामा बसोवासको तयारी, शिक्षा र शिशु स्याहार केन्द्र, संकट र सुरक्षालगायतका विषयमा यथार्थ तर रोचकपूर्ण जानकारी पढ्न पाइन्छ ।

परिशिष्टमा फोटोग्राफीका बारेमा पनि अत्यावश्यक सूचना समावेश गरिएको छ ।

संयुक्त राज्य अमेरिकामा सम्पर्क गर्नु पर्ने फोन नम्बरहरूका साथै विभिन्न वेव साइटको उल्लेख गरेका छन्, लेखकले । यसबाट जाने मानिसलाई आफ्नो कार्य सम्पादन गर्न सरल र सहज हुने देखिन्छ । अमेरिकासम्बन्धी चासो राख्नेहरूका लागि पुस्तक संग्रहणीय छ ।

■ **डिल्ली आचार्य**

# महजस्तै गुलियो




**नेपाल कृषिप्रधान** देश हो । कृषकको जीवनस्तरमा सुधार नल्याई नेपालको प्रगति हुन नसक्ने ठानी हेमनरसिंह रायमाझीले 'मौरीपालन' पुस्तक लेखेका छन् ।

यसलाई प्रकाशनको अभिभारा वहन गरेको छ, साझा प्रकाशनले । मानिससँग मौरीको सम्बन्ध मानव इतिहासभन्दा पुरानो छ । प्राचीनकालदेखि नै महप्रति मानिसको आकर्षण रहेको छ । यसकै निम्ति मानिसले मौरीपालन गर्न थाल्यो । वैदिक कालदेखि नै पूजाआजामा यो प्रयोग गर्न थालियो । कालान्तरमा विभिन्न विद्वान्हरूले मौरीपालनलाई आधुनिक रूप दिए । वर्तमानमा यसलाई व्यवसायको रूपमा लिन थालियो ।

नेपालजस्तो मुलुकमा आधुनिक उपकरण प्रयोग गरी कसरी अत्यधिक रूपमा लाभ लिन सकिन्छ भन्ने प्रयास लेखकको रहेको छ । अर्को तर्फ मौरीपालनबाट बालीनालीमा पराग सेचन भई उत्पादन बढ्ने हुन्छ ।

प्रस्तुत पुस्तक बीस अध्यायमा विभक्त छ । पुस्तकमा मौरीका किसिम, उनीहरूको निम्ति आवश्यक पदार्थको चर्चा गरिनुका साथै मह र मैनका बारेमा पनि प्रशस्त उल्लेख गरिएको छ ।

मौरीपालन गर्न इच्छुक व्यवसायीहरूका निम्ति पुस्तक मार्गदर्शन सावित हुने देखिन्छ । पुस्तकमा मौरीपालनको विकास क्रमदेखि त्यससम्बन्धी भएका अनुसन्धान पनि उल्लेख गरिएकाले मौरीपालनका बारेमा सैद्धान्तिक ज्ञान चाहनेका लागि पनि लाभदायी देखिन्छ ।

साझा प्रकाशनबाट लामो अन्तरालपछि दोस्रो संस्करण प्रकाशित प्रस्तुत पुस्तकमा सचित्र वयान गरिएको छ । यसबाट सामान्य पाठकलाई बुझ्न सजिलो छ । प्रायः प्राविधिक कुरा समेटिएका पुस्तकको भाषा कठिन हुन्छ, तर प्रस्तुत पुस्तकको भाषा सरल र सहज भएकाले महजस्तै गुलियो छ ।



# शासन

■ नयनराज पाण्डे

**हाम्रो घर ठूलो थियो,** एकदमै ठूलो । दरबार जत्रो, दरबार जस्तो सेतो । निक्खर सेतो । बलिया बलिया खम्बाहरू, बलियो छत । ठूल्ठूला पर्खालहरू । कसैले बाहिरबाट चियाउने कुनै सम्भावना नै नभएको । त्यति ठूलो, विशाल र अति गोप्य । पूरा भूकम्प प्रतिरोधक । घरअनुसार नोकर चाकर पनि थिए । सुसारे, धाई आमा र धाई बा पनि थिए, थुप्रै थिए ।

कोठा पनि थुप्रै थिए, सयौं । कुन कोठामा को बस्छ भनेर लगत नै राख्नु पर्थ्यो । भान्सेहरू दर्जनौं थिए । उनीहरू दिनभरि विभिन्न थरिका पकवान र मिष्ठान्न पकाउन व्यस्त हुन्थे । उनीहरू विशेष गरेर मासु र रगत अर्थात् रक्तिका परिकार बनाउन माहिर थिए । तिनीहरूलाई खानसामा भनिन्थ्यो । उनीहरू निकै स्वादिष्ट परिकार पकाउँथे । हामीकहाँ दिनहुँजसो भोज चलिरहन्थ्यो । दैनिकजसो स्वदेशी विदेशी पाहुनाको घुँइचो नै लाग्दथ्यो । चाकडीमा आउने, उपहार नजराना चढाउन ल्याउने र भजनमण्डलीलाई पनि भोजन ख्वाएरै पठाउनु पर्थ्यो । त्यसैले भान्सा, बैठक र भोजन कक्ष सधैं भरिभराउ रहन्थ्यो ।

परिवार ठूलो थियो, सयौं सदस्य । त्यसैले आवश्यकता पनि ठूलो थियो । चाहना पनि ठूलो थियो र आकांक्षा पनि ठूलो थियो । सबैका आ-आफ्नै खालका महत्त्वाकांक्षाहरू ।

बगैंचा पनि ठूलो थियो, भव्य पनि थियो । मालीहरू दर्जनौं थिए । उनीहरू हरेक समय थरिथरिका फलफूल रोप्न, गोडमेल गर्न, मलजल गर्नमै व्यस्त हुन्थे । बगैंचामा सयौँथरिका फूल र सयौँथरिका फलहरू थिए । गुलाफ मात्र दर्जनौं जातका थिए । सेता, राता, काला, नीला, पहेँला गुलाफहरू । बाह्रैमास ढकमक्क फुल्थे । कतिपय बेमौसमी फूल पनि थिए । मालीहरूले निकै मेहनत गरेर ती बेमौसमी फूल पनि फुल्न बाध्य पार्थे ।

सयौँथरिका पक्षीहरू पनि थिए हामीकहाँ । हाम्रो घरको डाँफे विशेष चर्चित थियो । त्यो हाम्रो घर छाडेर कतै पनि जाँदैनथ्यो । मुजुर पनि प्रशस्तै । मान्छे जस्तै बोल्ने तोता मैना पनि थिए । राजहाँस, सारस, लभ बर्डहरू पनि थुप्रै थिए । राति राति कता कताबाट लाटो कोसेरो पनि आइपुग्थ्यो । समयअनुसार साइबेरियातिरका पक्षी पनि आइपुग्थे । हरिण, कृष्णसार पनि थिए । चित्तल र बँदेल पनि थिए । हामीलाई तिनको मासु अत्यन्त मिठो लाग्थ्यो । हामी त्यसैले सिकार पनि गर्थ्यौं । बोराका बोरा सुकुटी हुन्थ्यो हामीकहाँ ।

हाम्रो घरमा स्विमिङ पुल पनि थियो । विशाल स्विमिङ पुल । मैले स्विमिङ सिकेकै त्यहीँ । हामी स्विमिङ गरिरहँदा हाम्रा सुसारेहरू हाम्रो जीउ पुस्न रुमाल लिएर घन्टौं उभिइरहन्थे । हामी भने स्विमिङ खेलेर उनीहरूलाई दिनभरि उभिइरहन बाध्य पार्थ्यौं । बडा मजा आउँथ्यो । त्यति गर्दा पनि उनीहरू बुवाहजुरसित हाम्रो सिकायत गर्दैनथे । बडा आज्ञाकारी र अनुशासित हुन्थे हाम्रा सुसारेहरू ।

हाम्रा घरमा कुकुर पनि थुप्रै थिए । विभिन्न नश्लका कुकुरहरू, डोबरम्यान मलाई अति नै मन पर्ने । मलाई मन पर्छ भनेर बुबाहजुरले बेलायतबाट दुईवटा डोबरम्यान मगादिस्याथियो । पछि ती खै कुन्नि के रोग लागेर मरे । हुनत हामी हाम्रा कारिन्दालाई पनि कुकुरै भन्थ्यौं ।

हाम्रो घरमा तबेला पनि थियो । तबेलामा थुप्रै अरबी घोडा थिए । हामी घोडा चढेर खूब सयर गर्थ्यौं । घरवरपर ठूल्ठूला मैदान भएकाले हामी परिवारका सदस्यहरूबीच त्यहीँ घोडादौड प्रतियोगिता पनि हुन्थ्यो । त्यस्तो प्रतियोगितामा म धेरैपटक प्रथम भएको छु । केही घोडा उत्ताउला हुन्थे । दिज्यूहरूले गएर सुमसुम्याउनु पर्थ्यो । दिज्यूहरूले नै तिनीहरूको बानी बिगारिदिएको । हामीद्वारा कहिलेकाहीँ बग्गी पनि चढिन्थ्यो । हात्ती पनि पालिएको थियो । हामीद्वारा हात्ती पनि चढिन्थ्यो ।

हामी विलियर्ड पनि निकै खेल्थ्यौं । हाम्रो घरमा दुई तीनवटा विलियर्ड रुमहरू थिए । विलियर्ड रुमसँगै बार रुम पनि थियो । बारमा थरिथरिका विदेशी रक्सी थिए- स्कच, ह्वीस्की, रम, वाइन, ब्रान्डीहरू । सबैका आ-आफ्नै प्रिय ब्रान्ड थिए । त्यसैले धेरै थरिका रक्सी राख्नु जरुरी थियो ।

रक्सी खाएर हामी निकै मात्थ्यौं र त्यसपछि हतियार कक्षमा गएर बन्दुक चलाउन सिक्थ्यौं । मातेकै बेलामा मैले एकपटक गलत निसाना लगाएछु । जगते भन्ने ढोके पुर्लुक्क ढलेछ । पछि उसलाई घरपछाडिकै बगैंचामा खाल्टो खनेर गाडियो । कुरो सामसुम भयो, कसैलाई पत्तै भएन, तर केही सुसारे र पालेहरू बगैंचामा राति राति जगतेको भूत देखिन्छ भनेर आपसमा कुरा गर्थे । हामी त्यस्ता कुरा सुनेर हाँस्थ्यौं ।

घरमा पुस्तकालय पनि थियो, तर किताबहरू प्रायः अंग्रेजीकै थिए। म अंग्रेजी साहित्य निकै रुचि साथ पढ्थें। शेक्सपियर, शेली, किट्स मेरा प्रिय लेखक हुन्। नेपालीमा सम, डायमन शम्शेर पढ्या छु। लेखनाथ बाजेको पनि केही रचना पढ्या छु।

हाम्रो घरको एउटा कक्ष आखेटहरूले भरिपूर्ण थियो। थरि थरिका जनावरका सिंग, हाड र छाला सजाएर राखिएका थिए। त्यो कक्षमा म निकै रमाउँथें, तर मेरो प्रिय कक्ष त हतियार कक्ष नै थियो। त्यहाँ गएर हामी सुटुक्क कालो पदार्थ सेवन पनि गर्दथ्यौं।

अत्तर पनि हामीकहाँ थुप्रै थिए। हामी सबै अत्तरका सोखिन थियौं। बागबजारको जाकिर मियाँले हाम्रा लागि अत्तर सप्लाइ गर्थ्यो। कुनै कुनै अत्तर त एक सिसीको पाँच लाख रुपैयाँसम्म पनि पर्थ्यो। उहिले बादशाह अकबरले पनि त्यस्तै अत्तर लगाउँथे रे।

थिएटर र नाचघर पनि थिए हाम्रा घरमा। उस्तादहरू आएर विभिन्न थरिका कौव्वाली र रागहरू पनि गाउँथे, नाटक र नाच पनि हुन्थ्यो। नाचपछि नर्तकीहरू राति हाम्रै घरमा बस्थे। रातभरि हाम्रै खिद्मत सेवा गर्थे। नर्तकीलाई लिएर हामीबीच कहिलेकाहीँ हानथाप हुन्थ्यो। बिहान उठ्दा बुवाहजुरको आँखामा पनि अनिद्रा देखिन्थ्यो। एकदुई नर्तकीहरू एकाबिहानै बुवाहजुरको खोपीबाट सुटुक्क निस्कन्थे। अलैंची, सुकुमेल र दालचिनी हाम्रा प्रिय नर्तकीहरू थिए।

हाम्रो घरमा हीरा जवाहरातको त थुप्रो नै थियो। हामी सबै हीरा जवाहरातका सोखिन थियौं। थरिथरिका मोती, माणिक, पन्ना, पुष्पराजहरू पनि थिए। एकमुखे रुद्राक्ष, दाहिने शंख, श्यालसिंग र नागमणि पनि छन् भन्ने सुनेका थियौं। ती सबै मुमाहजुरले सम्हालेर राखिस्या थियो रे, तर मुमाहजुरको मृत्युपछि ती रत्न फेला परेनन्। कसले उडायो, पत्तै भएन। मलाई त मुमाहजुरको त्यो विश्वासिलो जर्नेल भीमेले उडाएको शंका लाग्छ। मुमाहजुरको खोपीमा बुवाहजुर नभएका बेला उही घन्टौं बस्थ्यो, भीमे मोरो।

गाडी पनि कति कति विभिन्न थरिका, विभिन्न मोडेलका। केही त बुलेट प्रुफ पनि थिए। हामीकहाँ विश्वका महँगा महँगा कारको दुर्लभ संग्रह थियो। महँगा पेन्टिङ पनि थिए। भनिन्थ्यो, ती पेन्टिङको मूल्य करोडौं पर्छ, पछि केही हराए पनि। हामीकहाँ वर्षमा एक दुई पटक विश्वका चर्चित चित्रकारहरू आउँथे। उनीहरू हाम्रो सुन्दर मुहार चित्र बनाउँथे। हामी तिनलाई बक्सिस पनि दिन्थ्यौं। हामी चित्रकलाका सोखिन र पारखी थियौं। कहिलेकाहीं हामी चित्र पनि बनाउँथ्यौं, गीत कविता पनि लेख्थ्यौं। रिजाल बाजेले हाम्रा गीत संशोधन गरेर मिलाएर छापिदिन्थे।

हाम्रो घरबाहिर पनि संसार थियो रे। त्यहाँबाट लगातार रोईकराई गरेको आवाज आउँथ्यो। मैले एकपटक बुवाहजुरसित सोधें, 'ती को हुन् ?' बुवाहजुरले भनिस्यो, 'ती रैती हुन्, भोका छन्।' अनि मैले भनें, 'के तिनले दूधभात पनि खान पाउँदैनन् ?'...बुवाहजुर त्यसपछि मुसुमुसु हाँस्न थालिस्यो र आफ्नो शयनकक्षतिर प्रस्थान गरिस्यो, सुकला हुन।

■ हाम्रो घरमा के थिएन ? सुख थियो। आराम थियो। ऐय्यासी थियो। साहित्य थियो। कला थियो। हतियार थियो। जनावरहरू थिए। कुकुरहरू थिए। तबेला थियो। भजनमण्डली थियो। दासहरू थिए। सुसारेहरू थिए।

उफ्, त्यो महाभूकम्पमा नपुरिएको भए आज पनि हामी त्यही घरमा हुने थियौं। भूकम्पमा बुवाहजुरको स्वर्ग भयो। हामी जसोतसो बाँच्यौं। बुवाहजुर जुत्ता नभई बाहिरै ननिस्कने। जुत्ता लगाइदिने सुसारेलाई खोज्दा खोज्दै हाम्रो घर गल्र्याम गुर्लुम ढल्यो। बुवाहजुर त्यसैमा ....

सब त्यहीं पुरिए। हाम्रो सान रवाफ, मान प्रतिष्ठा। मौसमअनुसारका पोसाकहरू। मानपदवी, अलंकार पदकहरू सबै त्यहीं पुरिए। तबेला पनि पुरियो। नाचघर र थिएटर पनि पुरियो। भजन गर्दागर्दै भजनमण्डली पनि पुरियो। सब पुरियो। ...र बाँकी रहें म। आफ्नो वंशको अन्तिम वारिस। अन्तिम साक्ष्य।

■ 'भाइ , एउटा चुरोट छ ? खै पाऊँ न। साहै तलतल लाग्यो। ....के गर्ने, उति बेला हाम्रो घरमा विदेशबाट चुरोट आउँथ्यो। अहिले यो ताल छ। बाँकी कथा भोलि सुनाउँला। भोलि पनि यति बेलै आऊ है ? जेलरले अरू बेला भेट्न दिन्न। था'छ, यो जेलर को हो ? त्यै क्या, मेरो गोली लागेर मरेको जगते भन्ने ढोके थियो नि ? हो, उसैको छोरो।'

■ पशुपतिनाथले हामी सबैको कल्याण गरून्।

# अब हार्नु हुन्न

■ अमर गिरी



हामीले अलिकति
खुला आकाश पाएका छौं
सूर्य आधा पाएका छौं
पूर्वी पहाडमा
थोरै थोरै हटेको छ
जूनमाथिको मैलो
थोरै थोरै उज्यालिएका छन्
अँध्यारिएका ताराहरू
कवि
केही भएको छ
तर हुन अझ धेरै बाँकी छ।

थोरै हुँदा
धेरै हुनुको भ्रम पाल्छ मानिस
अलिकति हिँड्दा
धेरै हिँडियो भन्ठान्छ मानिस
केही बुझ्दा
के के नै बुझेको सम्झन्छ ऊ
यही बुझाइमा
कुरूप इतिहास सवार हुन्छ
उसको पिठ्युँमा
र तीन चीत खान्छ मानिस
कवि
कमजोरीको इतिहास दोहोरिनु हुन्न
सूर्य पहाडबाट पूरै निस्किएर
आकाशमा नहिँडासम्म
हामीले जित्यौं भन्ठान्नुहुन्न।

दुर्योधन र शकुनीहरू छँदै छन्
धृतराष्ट्र र जंगबहादुरहरू छँदै छन्
ती इतिहास भइसके
यस्तो भ्रम पाल्नु हुन्न
षड्यन्त्रको व्यूहमा
बलिदान हेर्दाहेर्दै तुहिन सक्छ
जंगबहादुर जुंगा मुसार्दै
सडकमा फेरि सवार हुन सक्छ
उकालो लागेको पाइलाहरू
ओरालो झर्न सक्छन्
कवि, सावधान रहनु पर्छ इतिहासदेखि
त्यसलाई फेरि ब्यूँझन दिन हुन्न।

धेरै लडियो इतिहासमा
सधैं हारियो
माछो पक्रन खोजियो
सधैं सर्प समाइयो
माछो माछो भ्यागुतो
केटाकेटीहरू खेल्छन् नि खेल
सधैं त्यस्तै खेल खेलियो
कसैले खोस्न नसक्ने गरी
जूनलाई पोल्टामा राख्नै सकिएन
कसैले चुँड्न नसक्ने गरी
फूलबारीमा फूलहरू फुलाउनै सकिएन
सधैं आधा अधुरो बाँचियो
कवि
सबैभन्दा गाह्रो हुन्छ
आधा अधुरो बाँच्न
आधा अधुरो बाँच्ने गरी
फेरि हार्न हुन्न
कवि,
इतिहास फेरि दोहोरिनु हुन्न। ■


Cambridge Public High School



An Institute of
'Quality Education'
Announces
Admission Open From
Nursery to Grade Eight
Add : Old Baneshwor, Kathmandu-10
Ph. : 4467161/4464235
E-mail : cphschool@yahoo.com



# क्यानभासमा चित्र र कविता

**जति हातले पौठेजोरी खेल**
**लात्तले हान**
**जति मल्लयुद्ध लड**
**तर,**
**टाउकासँग टकराव नगर**

**डा. बेञ्जु शर्माले** एउटा क्यानभासमा उनको पछिल्लो कविता 'कर्फ्यु'का यी हरफ कोरिसकेपछि कलाकारले त्यही भाव पक्रँदै चित्र उतारे। एकछिनमा 'चित्र र कविता'ले एकसाथ क्यानभास भरियो, शाही सरकारका कालरात्रि स्मरण गराउँदै।

डा. शर्मामात्र होइन, डा. अभि सुवेदी, डा. तुलसी भट्टराई, विष्णुविभु घिमिरेलगायतका कविले पनि वैशाख १९ गते गुरुकुलमा क्यानभासमा कविता कोरे र उत्तम नेपाली, किरण मानन्धर, रमेश खनाल, शान्तकुमार राई, विधाता केसी, सम्झना राजभण्डारी, रविन कोइराला, ज्ञानेन्द्र विवश, चन्दा श्रेष्ठ, श्यामललगायत कलाकारले क्यानभासमा विभिन्न चित्र उतारे। यसरी उतारिएका चित्रमा मुलुकको अवस्था प्रतिबिम्बित भएको थियो। गुरुकुलकी निशा पोखरेल भन्छिन्, 'क्यानभासमा उतारिएका चित्रमा जनआन्दोलन सफल भएकोमा खुसियालीको अभिव्यक्ति थियो भने नेतालाई खबरदारी गरिएका चित्र पनि थिए।' वरिष्ठ कलाकार उत्तम नेपाली भन्छन्, 'कलाकार र कवि स्वतन्त्रताका पक्षपाती भएकाले सिर्जनामा पनि त्यसको प्रभाव अवश्य परिहाल्छ नि। कार्यशालाका चित्रले पनि स्वतन्त्रता, लोकतन्त्र, शान्ति, नयाँ नेपालका भावना बोकेका थिए।'

ललितकला लोकतान्त्रिक अभियान र गुरुकुलको आयोजनामा 'सहिद र कला' नाम दिइएको यो संयुक्त कार्यशालामा कलाकार र कविहरूको उत्तिकै सक्रियता थियो। त्यहाँ उपस्थित कविमध्ये कतिपयले आफ्नै र कतिपयले मन पर्ने कविका कविता पनि कोरेका थिए, क्यानभासमा। तुरुन्तै कलाकारले कविताको मूल आशय पक्रिँदै क्यानभासमा चित्र उतारेका थिए। त्यसो त कविले पनि तयार भएका चित्रको आधारमा पनि कविता फुराएका थिए। बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म चलेको कार्यशालामा जम्मा ७० थान पेन्टिङ तयार भएका थिए। वरिष्ठदेखि कनिष्ठसम्मका सर्जक एकै थलोमा भेला भएका थिए। यसरी तयार भएका पेन्टिङ एउटाको ५ सय रुपैयाँको दरले बेचिएको थियो। पेन्टिङ बेचेर आएको रकम जनआन्दोलनका सहिदका परिवारलाई दिइने जनाइएको छ। कार्यक्रममा लोकतान्त्रिक आन्दोलनमा लागेका स्रष्टाको घना उपस्थिति थियो।

अझै मानसपटलबाट जनआन्दोलन हटेको छैन। सहिदको रगतले सिंचित भूमि आलै छ, ओभाएको छैन। त्यसैले सिर्जना निरपेक्ष नरहेकाले यसमा समसामयिक परिवेशको असर पर्नुलाई अन्यथा लिन मिल्दैन।

अधिकांश चित्रमा जनआन्दोलनको भावना मुखरित भएको कलाकार एवं समीक्षक रमेश खनाल बताउँछन्। उनी भन्छन्, 'धेरै चित्रले विद्रोहको भाव बोकेका थिए, तिनमा रातो र कालो रंगको प्रयोग अधिक थियो।' त्यसो त चित्रमार्फत नयाँ नेपालको परिकल्पना नगरिएको पनि होइन, नीलो, पहेलो, गुलाबी रंग प्रयोग गरिएका ती चित्रमा सुखद र शान्त नेपालको कल्पना थियो। कलाकारले चित्र बनाउने क्रममा एक्रेलिक र 'वाटर' रंग प्रयोग गरेर आफ्ना सिर्जना सिंगारेका थिए।

अधिकांश चित्र कविताझैं प्रतीकात्मक थिए, अनि अमूर्त पनि। कलाकारले तत्कालै नयाँ नयाँ प्रयोग गर्न नखोजेको पनि होइनन्, उनीहरूले क्यानभासमा बालुवा र माटो पनि प्रयोग गरेका थिए। कलाकार खनाल भन्छन्, 'कलाकारले आफ्ना चित्रलाई नयाँपन दिन विभिन्न प्रयोग पनि गरे।' गत चैत ३० गते गुरुकुलमा पसेर प्रहरीले स्रष्टामाथि लाठी र गोली बर्साएर बर्बर दमन गरेको थियो। त्यस बेला भागाभाग हुँदा कतिपयका विभिन्न सामान कता पुगे भन्ने टुंगो नै थिएन, गुरुकुल परिसरमै घडीका पार्टपुर्जा छरिएर रहेका थिए। कलाकारले प्रहरी ज्यादतीको प्रतीकको रूपमा उभ्याउँदै घडीका ती पार्टपुर्जालाई पनि क्यानभासमा अटाएर आकर्षक बनाए। संयोग नै मान्नु पर्छ, भागाभाग हुँदा घडी हराएका एक स्रष्टा आफ्नै घडीको टुक्रा जडित चित्र पाउँदा दंग परेका थिए। उनले उक्त चित्र किनेरै लगेका थिए।

जनआन्दोलनको सफलतापछि कवि र कलाकारले संयुक्तरूपमा आयोजना गरेको यो पहिलो कार्यक्रम महान् लक्ष्यबाट निर्देशित थियो। लोकतन्त्र बहालीका लागि कवि र कलाकारले जुन भूमिका खेले, अहिले सहिद परिवारको सहयोगको लागि पनि जुटिरहेका छन्, यो सुखद पक्ष हो। भनिन्छ, कलाकार र कविको संयुक्त सिर्जनात्मक प्रयासले पक्कै पनि ऊर्जा दिन्छ। यो कार्यक्रमले साहित्य र कलाका अभिव्यक्ति एकलरूपमा अघि बढ्न सक्छन् भन्ने सार्थक सन्देश दिन खोजेको छ। जनआन्दोलन सकिएको साता पनि बित्न नपाउँदै नेताहरूले फेरि पुरानो व्यहोरा देखाउन थालिसकेका छन्, सत्तालिप्सा। गुरुकुलमा जनआन्दोलनको मर्म पक्रिँदै सिर्जना भएको यी चित्रकला नेताहरूले एकपटक हेरे घैंटोमा घाम लाग्थ्यो कि।

■ छत्र कार्की/काठमाडौं



# मञ्जुल गीत

**मञ्जुलको परिचय** 'गायक' होइन तर अघिल्लो सप्ताहान्त पाटनको एउटा घरमा उनलाई गाइरहेको देख्नेहरूले यो सायदै पत्याउँथे। उनको कवि र गीतकार व्यक्तित्त्व ओझेल परेको दिन थियो त्यो, मात्र गायक बनेका थिए उनी र लगातार डेढ दर्जन गीत गाएका थिए।

हुनत मञ्जुलले यस्तो औपचारिक कार्यक्रममा लगातार यतिका गीत गाएको यो पहिलोपल्ट थियो, तर तीस वर्षअघि जनताका गीत गुन्गुनाउँदै देशका पाखापखेरा, डाँडाकाँडा, गाउँबस्ती घुमेका बेला उनले लगातार कयौं गीत गाएका थिए। थुप्रै कवितासंग्रह निकालिसकेका मञ्जुलले नेपालयको 'पलेंटी' कार्यक्रममा उही बेलाका आफ्ना गीत सुनाए र श्रोतालाई पुरानो समयमा फर्कन बाध्य पारे।

राल्फा समूहमा रहेर मुलुकका विभिन्न कुनामा 'गाउँगाउँबाट उठ...' भनेर जनता जगाउँदै हिंडेका मञ्जुलसँग अहिले आफ्नो पुरानो गिताङ्गे टोली छैन। राल्फाकालीन सहयात्री रामेश र रायन छैनन्। तर, उसबेलाका सम्झना छन्। तिनै सम्झनाले मञ्जुललाई अहिले पनि जोस्याउँछ र ६२ वर्षको उमेरमा पनि आफ्नो धोद्रो स्वरमा उस्तै जोससँग गीत गाउन सक्छन्।

पञ्चायतीकालको उत्कर्षमा मञ्जुल, रामेश र रायनहरू लगातार महिनौंसम्म गाउँगाउँ घुम्थे, गीत गाउँथे, जनतालाई उद्वेलित पार्थे, चाहिएको बेला बाटबाटैमा नयाँ गीत बनाउँथे, संगीत भर्थे। उनीहरूको जिन्दगी नै संगीत थियो। सरल र सहज भाकामा गीत गाएर जनताका मनमा भावनाका आँधी चलाउँथे उनीहरू।

पलेंटीमा मञ्जुलले आफ्ना ती दिन सम्झिए गीतहरू र शब्दहरू दुवैमा। जनता उठिसकेको अहिलेको बेलामा उनले श्याम तमोटको शब्द र संगीतमा बनेको लोकप्रिय गीत 'गाउँगाउँबाट उठ...' गाएर स्रोताको हृदय झंकृत पारे। त्यस्तै, 'डुल्दै आयो गाइने दाजु', 'गरिबको चमेली...'लगायत थुप्रै जनताका गीतहरू स्रोतालाई सुनाए मञ्जुलले।

दुई घन्टाको कार्यक्रममा मञ्जुल छेवैमा बसेर गीत गाइरहेका बेला श्रोता नजिकै बसेर उनलाई सुनिरहेका थिए। श्रोताको हुलमा नेपाली भाषा सिक्दै गरेका जापानी विद्यार्थीको टोली पनि थियो जसले आफ्ना गुरु मञ्जुललाई उनीहरूले नचिनेको गायकका रूपमा पहिलोपल्ट देखेका थिए। श्रोताका हुलका थुप्रै यस्ता पात्र थिए जो मञ्जुललाई पहिलोपल्ट स्वरमा सुनिरहेका थिए।

पलेंटीको दोस्रो शृंखलामा भारत र नेपालका नेपालीभाषी गायकहरूलाई क्रमशः प्रस्तुत गर्ने क्रममा डेजी बराइली, भीम विराग, शान्ति ठटाल र मञ्जुलपछि अब कुमार सुब्बा र कर्म योञ्जनको टोली तथा फत्तेमानले एकल गायन प्रस्तुत गर्नेछन्। ■


MOBILE REPAIR CENTER

All Kinds of Mobile Phone Unlock and Repair


Samsung 845

SAGEM - All Models
SONY ERICSSON - All Models
MOTOROLA - All Models
PANASONIC - All Models
SIEMENS - All Models
SHARP - All Models
LG - All Models
BENQ - All Models
SAMSUNG - All Models
SANYO, 02 - TOSHIBA & NOKIA

१. हाम्रा ग्राहकहरुलाई छिटोभन्दा छिटो सर्भिस दिन्छौं।
२. सबै थरीको स्पेयर पार्टसहरु उपलब्ध छन्।


Sharp 903

Electro Concern

SHOP NO. 113, BISHAL BAZAR, 1ST FLOOR NEW ROAD 4266833, 4223101

विक्रम सुब्बा

# होसियार !
## गन्तव्य टाढा छ



**जनआन्दोलनमा** व्यापक उभार आएपछि शाहीसत्ता घुँडा टेक्न बाध्य भयो। बारम्बार षड्यन्त्रमा सामेल भएर जनअधिकार अपहरण गर्न पल्केको शाही सत्तालाई जनताले झापड लगाएका छन्। आन्दोलनको एउटा महत्त्वपूर्ण उपलब्धि भनौं, जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाएको छ यसले। लोकतन्त्र स्थापनाको एक साता बित्न नपाउँदै नेताहरूले फेरि पुरानै प्रतिगमनकारी चरित्र देखाउन थालेका छन्। त्यसैले सचेत नागरिकहरु भन्न थालेका छन्, 'यिनीहरूलाई खबरदारी नगरे त फेरि पहिले जसरी नै सार्वभौमसत्ता बुझाउन बेर छैन।'

लोकतान्त्रिक आन्दोलनमा अग्रणी भूमिका खेलेका स्रष्टाहरूले कवितामार्फत खबरदारी गर्नु पर्ने विचार राखेका छन्। त्यसो त विक्रम सुब्बाले नेपाली कविता डटकममार्फत खबरदारी आन्दोलनकै उद्घोष गरेका छन्। आगामी साता नै एकल खबरदारी कवितावाचनको चाँजोपाँजो मिलाउन व्यस्त छन् विक्रम। यो आन्दोलन किन त ? विक्रम भन्छन्, 'हिजोका गल्ती नेताहरूबाट नहोस् भन्नाका लागि पनि खबरदारी आवश्यक छ। त्यसका लागि कविहरूले कवितामार्फत खबरदारी गरेर जनताका भावना बोल्नु पर्छ।' विक्रमले एउटा कवितामा आमजनतालाई यसरी सावधान गराएका छन् :

**अचम्म !**<br>
**दुई करोड मानिसका चार करोड मुक्काले**<br>
**त्यो भूतको छाती नै ताकेर रातदिन हानेकै हो**<br>
**त्यत्रो धक्का लाग्दा मरिसक्नुपर्ने हो, मरेन –**<br>
**ऊ नमरेपछि होसियार ! मानिसहरू होसियार**

समयको आवाज पक्कै साहित्यमा प्रतिबिम्बित हुन्छ, त्यसैले अहिले सचेत साहित्यकार समसामयिक विषयमा प्राथमिकतासाथ लेखिरहेका छन्। उनीहरू भन्छन्, 'जबसम्म मुलुकमा जनता कागजमा मात्र होइन, व्यवहारमै सार्वभौमसत्ता हुँदैनन्, तबसम्म लेखिरहन्छौं, यस्तै शासकका विशेषता। कवि राजव लेख्छन् :

**कवितामा**<br>
**तानाशाही, राज, हिटलर आदि शब्द**<br>
**प्रयोग नगर्नु पर्ने हो**<br>
**तर के गर्नु**<br>
**हाम्रो शासक नै त्यस्तो छ** ■



# विकल्परहित महासचिव

**२०५९ जेठमा** प्रतिनिधिसभा विघटन भएपछि पनि संसद्का महासचिव सूर्यकिरण गुरुङको दैनिकी टुटेको थिएन, नियमित अफिस जाने । चौध वर्षअघि सचिव भएर संसद् सचिवालय प्रवेश गरेका गुरुङ सवैधानिक कानुनका ज्ञाता त हुँदै हुन् । त्यसमाथि १२ वर्षका राजनीतिक उतारचढावले उनलाई संसदीय राजनीतिका चलखेल अनि नेताहरूको क्षमता बुझ्न उत्तिकै सिपालु र अनुभवी बनायो ।

चार वर्षसम्म संसद् नरहँदा गुरुङमा सधैं एउटा चिन्ता हुन्थ्यो, सचिवालयका कर्मचारीलाई कसरी व्यस्त राख्ने । जनआन्दोलनको दबाबमा प्रनिनिधिसभाले पुनर्जन्म पाएपछि गुरुङ र उनको नेतृत्वको सचिवालय नयाँखाले जिम्मेवारी वहन गर्दै छ । एकातिर प्रशासनिक कामको चटारो अर्कोतिर राजनीतिक निर्णयबाट पुनःस्थापित संसद्लाई विधिको शासनमा चलाउने चुनौती ।

प्रतिपक्षविहीन अहिलेको सदनको एक साताको कार्यकालमा सूर्यकिरण आफैले प्रतिपक्षीको भूमिका खेल्नु पर्ने अवस्था नआएको होइन । राजनीतिक निर्णयको बलमा सदन संचालन गर्न हुँदैन भन्ने मान्यताका गुरुङ सांसदहरूलाई सम्झाउने गर्छन्, 'नियम त तपाईंहरूले नै बनाउने हो, नियम बनाएर अगाडि बढ्दा राम्रो हुन्छ ।'

त्यसो त सांसदहरूको विधिको शासनमा बाँधिन नखोज्ने प्रवृत्तिका बीच गुरुङले पटक पटक असहमति जनाएका छन् र राजीनामा गर्ने निर्णय पनि सुनाएका छन् । लामो समयसम्म सचिवालय सम्हालेका र प्रजातन्त्रका पक्षपाती गुरुङलाई गुमाउन कोही चाहँदैनन् । उनी विकल्परहित महासचिव बन्न पुगेका छन् ।

गुरुङ भन्छन्, 'मेरो र सचिवालयको काम राजनीतिक निर्णयहरूलाई विधिवत् रूपमा सदनमा प्रवेश गराउनु हो, सल्लाह माग्दा बाटो देखाउने काम गर्छौं ।' ■



समय



रुद्र खड्का

# जुझारु कला

**उनका पति** भारत आसाममा गाडी चलाउँछन् । दुई छोराछोरीको पढाइ/लेखाइको व्यवस्थादेखि सबै बन्दोबस्त उनी एक्लैले गर्नु पर्छ । तर, भरखरै जनआन्दोलनमा कोहलपुरकी ३४ वर्षीया ओमकला काफ्ले सबै दिन उस्तै सक्रिय रहिन् ।

ग्रामीण भेकमा महिलालाई निरंकुश शासनविरुद्ध सदरमुकाम आउन प्रेरित गर्नेदेखि लिएर स्वयं उत्साह र जाँगरका साथ जनआन्दोलनमा सरिक थिइन् उनी । राजा ज्ञानेन्द्रले शासन हातमा लिएदेखि नै जनमोर्चाको कार्यकर्ताको रूपमा हरेक विरोधका गतिविधिमा सामेल हुँदै आएकी ओमकलाको पछिल्लो जनआन्दोलनको क्रममा सैनिकले बुटले खुट्टामा टेकेर हिँड्नै नसक्ने बनाइदिए । तर, यसले पनि उनको जुझारुपनालाई रोक्न सकेन । चैत २७ गते कोहलपुरमा भइरहेको शान्तिपूर्ण प्रदर्शनमा कार्यक्रम बिथोल्न सैनिक जवानहरूले ओमकलाको दायाँ खुट्टामा बुटले कुल्चेर घाइते बनाएका थिए ।

'अब जे भयो त्यो ठिक छ, भावी दिनमा सबै मिली काम गरेर खाने वर्गहरूको पक्षमा नीति नियम बनाउनु पर्छ', घाइते ओमकला सुनाउँछिन् । १९ दिने जनआन्दोलनका क्रममा नेपालगन्जमा भएको झडपमा घाइते भएका ५० भन्दा बढी सर्वसाधारणमध्ये सबभन्दा लामो समय उपचार गराइरहेकी उनी एक्ली महिला हुन् । ■






युवराज घिमिरे

शून्य समय

# आर्थिक परनिर्भरता र राजनीतिक स्वतन्त्रता सँगै जान सक्दैनन्

**विजय र सफलता** कहिलेकाहीँ विचलनका कारण पनि बन्न सक्छन्, तर विजयले कहिलेकाहीँ थप जिम्मेवारी र विनम्रता बोध पनि गराउँछ। जनआन्दोलनको प्रारम्भिक विजय अर्थात् त्यसका कारण राजा ज्ञानेन्द्रले सत्ता त्याग गरेपछि अब जनआन्दोलनले विचलनतिर लैजाला ? या थप जिम्मेवारी बोध गराउला आन्दोलनकारीको शक्तिलाई ?

संक्रमणको कुशल व्यवस्थापन, मेलमिलाप या वार्ता, पुनर्वास र पुनर्संरचनाजस्ता चुनौतीलाई भावी सरकारले कसरी लेला ? एउटा महत्त्वपूर्ण पक्ष हो। भारतले विशाल आर्थिक प्याकेजको घोषणा गरिसकेको छ प्रजातान्त्रिक सरकारले जनआन्दोलनोत्तर आफ्ना कार्यक्रम लागू गर्न सहज स्थिति पाओस् भन्ने उद्देश्यले। आर्थिक सहयोग र सहज ऋणजस्ता कार्यक्रम पनि छन्, त्यो प्याकेजभित्र। त्यस्तै अन्य मुलुकहरूले राजाले सत्ता हत्याएपछि निलम्बन गरेका सहयोग कार्यक्रम सुचारु गर्ने मात्र हैन, आवश्यक परे तिनीहरूको आकार बढाउने आश्वासन पनि दिनेछन्।

अर्थात् मुलुकमा अब पैसाको खोलो बग्ने देखिन्छ र नयाँ सरकारका लागि पहिलो सबभन्दा ठूलो चुनौतीको जन्म पनि त्यहीँबाट हुनेछ। यो सहयोग के सर्तमा हुँदै छ ? अनि त्यससम्बन्धी कार्यक्रम निर्धारित र लागू गर्ने जिम्मेवारी उत्तरदायी तथा पारदर्शी ढंगले सरकार (र उसलाई सघाउने स्वदेशी विज्ञहरू)ले गर्छ या रकम र त्यसको खर्चको नियन्त्रण विदेशी खटन नै हुन्छ ? यसबारे स्पष्ट हुन सक्नु पर्छ सरकार।

पैसाको खोलो अनियन्त्रितरूपमा मुलुकमा भित्रिँदा त्यसले भ्रष्टाचार पनि जन्माउँछ। ०४६ सालपछि निकै हदसम्म यही कुरा भएको हो। आइएनजिओ (केही अपवादबाहेक) र उनीहरूबाट सहयोग हासिल गरेका एनजिओको सम्बन्ध, सहयोग र खर्चमा पारदर्शिता नभएकाले पनि भ्रष्टाचार संस्थागत र समानान्तररूपमा मौलाएको हो। सरकारभित्रको भ्रष्टाचार नियन्त्रित गर्नु आवश्यक छ, तर भ्रष्टाचारविरुद्धको अभियानको समग्र पक्षमा भ्रष्टाचारका नयाँ रूपहरू पनि समेटिन आवश्यक छ अब।

**प्रजातन्त्रको अर्थ राजनीतिक स्वतन्त्रता र आर्थिक परतन्त्रताको अवस्था सिर्जना हुनु कदापि हैन। कुनै पनि किसिमको परनिर्भरताले प्रजातन्त्रलाई कमजोर मात्र हैन डुब्ने स्थिति उत्पन्न गराउन सक्छ।**

प्रजातन्त्र या लोकतन्त्र आफैमा जनसंलग्नता र सहभागिताविना सफल हुँदैन। व्यापक जनसहभागितापछि मात्र आन्दोलनको एउटा प्रमुख पक्ष- राजाको गैरजवाफदेही शासनकाल हाललाई समाप्त भएको हो, तर प्रजातन्त्रको अर्थ राजनीतिक स्वतन्त्रता र आर्थिक परतन्त्रताको अवस्था सिर्जना हुनु कदापि हैन। कुनै पनि किसिमको परनिर्भरताले प्रजातन्त्रलाई कमजोर मात्र हैन डुब्ने स्थिति उत्पन्न गराउन सक्छ।

राजनीतिक स्वतन्त्रता र जनताको सार्वभौमसत्ता स्थापित भएको अवस्थामा सार्वभौमसत्ताका मालिक जनताले बुझ्नु पर्छ या दल र सरकारले बुझाउन सक्नु पर्छ, 'आन्दोलनको समाप्तिपछि जनताको भूमिका सकिएको छैन, कयौं गुणा बढेको छ।' उनीहरूको आवश्यकता र सपना पूरा गर्न वैदेशिक ऋण र सहयोग आवश्यक छ भने संसद् र खुला बहसद्वारा त्यसको जानकारी उनीहरूलाई दिइनु पर्छ। आखिर भोलि त्यो ऋण र विभिन्न किसिमका सहयोग चुक्ता गर्नु पर्ने जनताले नै हो।

गुणस्तरीय प्रजातन्त्र, स्थानीय आवश्यकता र विकास कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनमा स्थानीयस्तरकै सरकार संलग्न नहुँदा विकास जहिले पनि असन्तुलित तथा केन्द्रमाथि निर्भर प्रक्रिया बन्न जान्छ। त्यसैगरी कानुनको जिम्मेवारीसमेत स्थानीय सरकार मातहत राख्नु पर्ने हुन्छ, तर अहिले आन्दोलनको 'प्रोडक्ट'को रूपमा आएको सरकारले संसद्द्वारा 'संविधानसभा'को निर्वाचनका लागि सामूहिक संकल्प व्यक्त गरिसक्दा पनि सडकको सानो भीड आफ्नो उग्र अडानमा यथावत् छ। वामनेताहरू प्रदीप ज्ञवाली, सिपी मैनालीहरूमाथि समेत उसले आक्रमण गरेको छ। तर, न सम्बन्धित दलहरू, न त नागरिक समाजका अगुवाहरू, माओवादी या सरकारले त्यस्तो व्यवहारप्रति असहमति या आलोचना व्यक्त गरेका छन्।

नागरिक समाजका चर्चित अगुवाहरू आन्दोलनका १९ दिनमध्ये धेरैजसो दिन जेलमा भए पनि भीडको यो उग्र व्यवहारप्रति उनीहरू उदासीन देखिनु हुँदैन। अराजकतालाई एउटा बिन्दुपछि नियन्त्रित गर्न नसके शासन र राजनीति दुवै विचलित हुनेछन्। अपेक्षित लोकतन्त्रको स्थापना र मुलुकको आर्थिक पुनःस्थापना दुवै मृगमरीचिका सावित हुनेछन्।

संविधानसभा निसर्त हुनु पर्ने अडान माओवादीलगायत धेरैतिरबाट दोहोरिँदैछ। हो, राजसंस्थाको भविष्यबारे कुनै सर्त या आश्वासन मान्य नहोला संविधानसभाका लागि, तर प्रेस स्वतन्त्रताको निरन्तरता, जीउनेहरूको निरन्तरता, जनसम्मानको सुरक्षा कुनै पनि पक्षबाट बन्दुकको दबाबबाट नठगिने स्वतन्त्रता, बालबालिकाहरूको विनारोकटोक शिक्षा ग्रहण गर्ने अधिकार आदि पूर्वसर्त हुनु पर्छ या पर्दैन ? त्यो नहुने हो भने द्वन्द्वको भुमरीबाट मुलुक निस्कन सक्दैन। ■



भास्कर ओझा